# महालक्ष्मी राजपत्र

## संख्याः- १६

## खण्डः- ८

महालक्ष्मी नगरपालिका ललितपुरको विकास प्रयास सेवा प्रवाहलाई नेपालको संविधानको मर्म र भावना अनुकुल लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणयुक्त बनाउन आवश्यक नीतिगत व्यवस्था र रणनीति आवश्यक भएकोले महालक्ष्मी नगर कार्यपालिकाले मिति २०८१/०३/२६ मा प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी यो लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०८१ स्वीकृत गरेकोले सम्बन्धित सबैको जानकारीको लागि प्रकाशन गरिएको छ ।

महालक्ष्मी नगरपालिका, नगरकार्यापालिकाको कार्यालयबाट मुद्रित

## भाग -१

# महालक्ष्मी नगरपालिका ललितपुरको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०८१

## विषय सूचि


| | | |
|---|---|---|
| १. | पृष्ठभूमि | ४ |
| | १.१ ऐतिहासिक सन्दर्भ | ५ |
| | १.२ बर्तमान अवस्थाको विश्लेषण | ५ |
| | क) महालक्ष्मी नगरपालिकाको परिचय र वस्तुस्थिति विश्लेषण | ७ |
| | ख) लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको अवस्था | ७ |
| | १.३ विगतका व्यवस्था र प्रयासहरु | ९ |
| | १.४ समस्या तथा चुनौतीहरु | १० |
| | क) समस्याहरु | १० |
| | ख) चुनौतीहरु | ११ |
| | १.५ अवसर तथा सवलपक्षहरु | १३ |
| | १.६ नीतिको आवस्यकता | १४ |
| | १.७ विधि | १५ |
| | १.८ परिभाषा | १६ |
| १. | संक्षिप्त नाम र परिभाषा | १६ |
| २. | नीति मार्गदर्शन | १८ |
| | २.१ नीति निर्माणका मार्गदर्शक सिद्धान्त तथा आधारहरु | १८ |
| | २.२ दीर्घकालीन सोंच | २१ |
| | २.३ लक्ष्य | २१ |
| | २.४ उद्देश्यहरु | २१ |
| ३. | नीति मार्गदर्शनका प्रमुख अंगहरु | २३ |
| | ३.१ नीति प्रावधानहरु | २३ |
| | ३.२ कार्यान्वयन र रणनीतिहरु | २३ |
| | ३.३ कार्यान्वयन कार्यनीतिहरु | २४ |
| | ३.४ कार्यनीतिहरु | ३० |
| ४. | नीति कार्यान्वयनका आधारहरु | ३१ |
| | ४.१ संस्थागत संरचना | ३१ |
| | क) नगरप्रमुखको संयोजकत्वमा निर्देशक समिति | ३१ |
| | ख) सामाजिक विकास संयोजकको संयोजकत्वमा कार्यान्वयन समिति | ३३ |
| | ग) वडास्तरीय समिति | ३४ |
| | ४.२ वित्तीय तथा मानवीय स्रोत व्यवस्थापन | ३४ |
| | ४.३ भौतिक पूवाधार तथा उपकरण | ३५ |
| | ४.४ कानूनी व्यवस्था | ३५ |

४.५ अन्तरनीति समन्वय ३५
४.६ अन्तर निकाय समन्वय ३६
४.७ अनुगमन तथा मूल्यांकन ३७
क) नगर उप प्रमुखको संयोजकत्वमा अनुगमन समिति ३७
ख) महालक्ष्मी नगरपालिकाको लैससास अनुगमन तथा मूल्यांकन विधि ३७
ग) अनुगमन र मूल्यांकनका ५ विषयक्षेत्रहरु ३८
४.८ नीतिको पुनरावलोकन र परिमार्जन ३८
४.९ सम्भावित जोखिम न्यूनीकरण योजना ३८

# महालक्ष्मी नगरपालिकाको लैङ्गिक समानता तथा समाजिक समावेशीकरण नीति, २०८१

## १. पृष्ठभूमि

नेपालको संविधानले समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ। संविधानले दिशा निर्देश गरेबमोजिम समतामूलक समाजको निर्माण गर्न यस महालक्ष्मी नगरपालिका र यस अन्तर्गतका सवै क्षेत्रगतविषयहरुमा समेत सामाजिक समावेशीकरणको विषयलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण र संस्थागत गर्न आवश्यक भएको छ। यसबाट सवै वर्ग, जात जाति, लिङ्ग र क्षेत्रलाई समावेशीकरणको मान्यताअनुरुप सहभागी गराई सामाजिक समाबेशीकरणका सवालहरुलाई नीतिगत तथा कानूनी रुपमा थप व्यवस्थित गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ। मुलुकले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली अवलम्वन गरेको सन्दर्भमा सम्बद्ध विषय क्षेत्र र अन्तर्गत सञ्चालन हुने सवै योजना तथा कार्यक्रमहरुलाई समावेशीमैत्री बनाउन यो समाजिक समावेशीकरण नीति जरुरी भएको छ।

नेपालको सन्दर्भमा सामाजिक बञ्चितीकरणले सामाजिक विकासको क्रमसँगै बर्षौदेखि जातजाति, जनजाति, लिङ्ग, अपाङ्गता, उमेर तथा धर्मका आधारमा विभेद गरिएका कारण पछाडि परेका वा पारिएका समूहहरुको अवस्थालाई चित्रण गर्दछ। सामाजिक बञ्चितीकरणमा परेका समूहरुमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तीहरु, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, भौगोलिक रुपले दुर्गमका क्षेत्रहरु, बार्गिय रुपमा अति विपन्न खस आर्यहरुलाई लिएको छ। अझैपनि कानुनी सेवा व्यवस्था वा स्वास्थ्य सेवा प्रणाली जस्ता सार्वजनिक औपचारिक संस्थामा एवम् समुदाय तथा घरपरिवार जस्ता सामाजिक अनौपचारिक संस्थाहरुमा वञ्चितिकरण स्पष्ट रूपमा विद्यमान रहेको देखिन्छ। लैङ्गिक सम्वन्धहरु नेपालका सवै सामाजिक समूहहरुमा भिन्न भिन्न परिमाणमा विद्यमान रहेका छन्। सवै महिलाहरुले विभेद भोगिरहेका छन्। तर बञ्चित समुदायका महिलाहरुले अझ धेरै प्रकारका विभेद भोगिरहेका छन्। नेपाल एक बहुजातीय, बहु भाषिक, बहुधार्मिक एवम् बहुसाँस्कृतिक देश हो। प्रत्येक समुदाय, जातजातीहरुको समानुपातिक, सन्तुलित र न्यायसंगत विकास हुन सके मात्र मुलकमा दिगो शान्ति र उन्नतिको प्रत्याभूति हुन्छ। दिगो विकास लक्ष्य २०३०

को एजेण्डापनि कसैलाई पछाडी नछाडौ भन्ने नाराले पनि यही कुरालाई जोड दिन्छ ।

**१.१ ऐतिहासिक सन्दर्भ**

नेपालमा विगतदेखि नै महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, पिछडिएका समुदाय, बालबालिका,जेष्ठनागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तीहरु, समाजिक, आर्थिक वा शैक्षिकरुपमा पछाडि परेका व्यक्ति तथा समुदाय लगायतलाई विकासको समग्र प्रक्रिया तथा प्रतिफलको हिस्सेदारीमा मूल प्रवाहीकरण गर्ने प्रयास गरिएको छ। यसको निमित्त स्रोत साधन र सार्बजनिक सेवामा पहुँच बढाउन, राज्यको हरेक संरचना एवम् निर्णय प्रक्रिया तथा सो को कार्यान्वयनमा न्यायोचित प्रतिनिधित्व सुनिश्चित गर्न र लक्षित वर्गको उत्थान, विकास र सशक्तिकरण लयायत सामाजिक सुरक्षाका लागि विभिन्न कार्यक्रमहरु संस्थागत रुपमा संचालन भएको छ ।

**१.२ बर्तमान अवस्थाको विश्लेषण,**

नेपालमा वि.सं. २०७८ को राष्ट्रिय जनगणनाको तथ्यांकले नेपालको कुल जनसंख्याको ५१.१३ प्रतिशत जनसंख्या महिलाको रहेकोमा महिलाको साक्षरता दर ६९.४ प्रतिशत र पुरुषको ८६.६ प्रतिशत रहेको छ । सन २०२३ को मानव विकास प्रतिवेदनमा २०२३–२०२४ अनुसार मानव विकास सुचकाङ्क ०.६०१ सहित नेपाल १४६ औं स्थानमा रहेको छ, जवकी २०२२ को प्रतिवेदनमा नेपाल ०.६०४ सुचकाङ्क सहित १४३ औं स्थानमा थियो। नेपालको मानव विकास सूचकाङ्क ३ तहले तल झरेको छ। मानव विकास सुचकाङ्क प्रतिवेदन २०२२–२३ को प्रतिवेदनमा नेपालको लैङ्गिक विकास सुचकांङ्क प्रतिवेदनमा ०.९४२ थियो तर सन २०२३–२०२४ को प्रतिवेदनमा ०.८८५ र लैङ्गिक असमानता सूचक ०.५९५ छ। लैङ्गिक असमानताको सूचकमा नेपाल देश १२६ औं स्थानमा छ। बहु आयामिक गरिवी १७.८% जनसख्या रहेको छ भने, स्वास्थ्यमा २३.२% शिक्षामा ३३.९% जनसंख्या सेवाबाट बाहिर रहेको प्रतिवेदनमा उल्लेख छ। विश्व आर्थिक मञ्चद्वारा प्रकासित २०२३ को प्रतिवेदनमा नेपालको लैङ्गिक असमानता सूचक २०२० को तुलनामा घटेको छ। सन २०२० मा विश्व आर्थिक मञ्चको प्रकाशनमा नेपालको सूचक ०.६८० थियो र १५३ देशहरुमध्येको तुलनामा नेपाल १०१ स्थानमा र दक्षिण एसियामा नेपाल दोश्रो स्थानमा थियो भने २०२३ को प्रतिवेदनमा नेपालको सूचक ०.६५९

प्राप्त गरि १४६ औ देशहरुमा नेपाल ११६ औं स्थानमा झरेको छ, र दक्षिण एसियामा नेपाल एकस्थान तल झरी तेश्रो स्थानमा पुगेको छ ।

आर्थिक, सामाजिक, राजनैतिक र प्रशासनिक दृष्टिले पछाडि परेका विभिन्न लक्षित वर्गहरु (महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम समुदाय, पिछडाबर्ग, सीमान्तकृत, अल्पसंख्यक, अपाङ्गता भएको व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरुपले विपन्न खस आर्य) लाई नेपालको संविधानले समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको निकायमा सहभागी हुन पाउने हकलाइ मौलिक हकको रुपमा व्यवस्था गरेको छ। नेपालको संविधानमानै अन्य आयोगहरुको व्यवस्था गरी समावेशीकरणलाई थप व्यवस्थित, सुनिश्चित तथा प्रभावकारी बनाउने कार्यको मार्ग प्रशस्त गरिएको छ ।

सामाजिक समावेशीकरणका विषयहरुलाई सम्बोधन गर्न स्थानीय सरकार (संचालन) ऐन २०७४ लगायतका कानूनहरु र राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७, प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमूना निर्देशिका, २०७७ पनि तर्जुमा भई कार्यान्वयनमा आइसकेका छन् ।

राष्ट्रिय योजना आयोगको १५ औं योजनाले समाजिक विषय क्षेत्रअन्तर्गत महिला, विपन्न लक्षित समुदाय, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बालबालिका, किशोरकिशोरीहरु लगायतलाई विकासको मूलप्रवाहमा ल्याई समावेशी र समतामूलक राष्ट्रको निर्माण गर्ने विषय उल्लेख गरिएको थियो । राष्ट्रिय योजनामा समावेशीकरणको विषय क्षेत्रगत लक्ष्यमा मानव विकास सूचकाङ्कको आधारमा पछाडि परेका समुदायको सशक्तिकरण र समानुपातिक विकास गर्ने लक्ष्य लिएको थियो । त्यसै गरि १६ औ योजनाको अवधारणापत्र आएको छ । राष्ट्रिय योजनाको लक्ष्यमै सामाजिक न्यायलाई प्रमुख भुमिकामा राखेको छ । राष्ट्रिय योजना आयोगको १६ औं योजनाको आधारपत्रमा रूपान्तरणको क्षेत्र अन्तर्गत ८ औ बुंदामा पछाडि परेका समुदायलाई लक्षित कार्यक्रम, जनसंख्याको आधारमा राज्यको सवै तह र तप्कामा समानुपातिक तथा समावेशीकरणको नीति अवलम्वन गर्ने र सामाजिक सुरक्षाको प्रत्याभूति गरिएको हुँदा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको महत्वलाई जोड दिएको छ ।

## क) महालक्ष्मी नगरपालिकाको परिचय र वस्तुस्थिति विश्लेषण

महालक्ष्मी नगरपालिकाको मानव विकास सुचकाङ्क ०.६३६ रहेको आवधिक विकास योजनामा उल्लेख छ। संघीय नेपालको बागमती प्रदेश अन्तर्गत काठमाण्डौ उपत्यकाको प्रसिद्ध तीन जिल्लाहरुमध्ये ललितपुर जिल्लाको उत्तर पूर्व तर्फ महालक्ष्मी नगरपालिका अवस्थित छ। साविकका ५ गाउँ विकास समितिहरु इमाडोल, टिकाथली, सिद्धिपुर, लुभु र लामाटार समेटेर मिति २०७१ मंसिर १६ देखि महालक्ष्मी नगरपालिकाको गठन भएको हो। ललितपुर जिल्लाको ६ वटा स्थानीय तह मध्ये महालक्ष्मी नगरपालिका एक हो।

ऐतिहासिक रुपमा हेर्दा पुराना लुभु र सिद्धिपुर जस्ता साना शहरहरु नेवार संस्कृतिका नमुनाको रुपमा रहेका छन्। त्यसैगरी इमाडोलमा रहेको अशोक स्तुपा, लुभुमा रहेको महालक्ष्मीको मन्दिर यस नगरका सम्पदा हुन्।

यस नगरपालिकाको क्षेत्रफल २६.५ वर्ग कि.मी. रहेको छ, पूर्व–पश्चिम लाम्चो आकारमा फैलिएको यो नगरपालिकाको पूर्वमा काभ्रेपलान्चोक जिल्लाको पनौती नगरपालिका, दक्षिण र पश्चिममा ललितपुर महानगरपालिका र गोदावरी नगरपालिकासँग सिमाना कर्मनाशा खोलाले छुट्याएको छ भने, उत्तरमा भक्तपुर जिल्लाको मध्यपुर ठिमी नगरपालिका र सूर्यविनायक नगरपालिकासँग जोडिएको छ। काठमाण्डौ उपत्यका प्रवेश गर्ने वैकल्पिक मार्गको रूपमा विकास हुँदै गरेको ग्वार्को–लुभु–लामाटार–मानेदोभान–पनौती हुँदै वि.पि.लोक मार्गको नेपालथोक जोडने सडक यस नगरपालिकाको करिव मध्य भाग भएर गएको कारणले पनि यस नगरपालिकाको विकासको अधिक संभावना रहेको छ।

**"स्वच्छ, सफा, समृद्ध, सुन्दर – महालक्ष्मी नगर"** को दीर्घकालीन लक्ष्य सहित अघि बढेको महालक्ष्मी नगरपालिकाको वडा नं. ८ लुभुमा रहेको ऐतिहासिक, धार्मिक एवम् साँस्कृतिक महत्व रहेको महालक्ष्मी मन्दिरको नामबाट यस नगरपालिकाको नामाकरण गरिएको हो। यस नगरपालिकामा हाल १० वटा वडा रहेको छ। यस नगरपालिकाको कार्यालय वडा नं. ४ कमलपोखरीमा रहेको छ। विभिन्न जातजाति, भाषाभाषी कला र सभ्यताले भरिपूर्ण यस नगरपालिका धार्मिक, सांस्कृतिक एवम् पर्यटकीय दृष्टिले समेत सम्पन्न छ।

महालक्ष्मी नगरपालिकामा परिवार संख्या ३२१०६ रहेको छ भने कूल जनसख्या १२३११६ रहेको छ जसमा पूरुष ६२३९९ र महिला ६०७१७ रहेको छ। यस नगरपालिकामा महिलाको भन्दा पुरुषको जनसंख्या बढी रहेको छ। यस

पालिकामा औषत परिवार ३.८३ रहेको छ भने लैङ्गिक अनुपात १०२.७७ पुरुष १०० महिलामा रहेको छ। महालक्ष्मी नगरपालिकाको बार्षिक जनसख्या बृद्धिदर ६.५६ प्रतिशत रहेको छ जवकी राष्ट्रियस्तरमा जनसख्या बृद्धिदर ०.९२ रहेको छ। यस बृद्धिदरले बसाई सराईको अत्याधिकमात्रा यस पालिकामा केन्द्रित रहेको देखाउँछ। जनसख्याको जनघनत्व प्रतिवर्ग कि.मी. ४६४४ रहेको छ। राष्ट्रिय तहमा यसको जनघनत्व १९८ र अत्याधिक जनघनत्व भएको काठमाण्डौ जिल्ला जसमा प्रति वर्ग कि.मी.५१६९ जना रहेको छ। यस नगरपालिकाको साक्षरता दर ८० प्रतिशत रहेको छ भने लैङ्गिकरुपमा हेर्ने हो भने पुरुषको साक्षरता प्रतिशत ८८.३ प्रतिशत र महिलाको ७२ प्रतिशतमात्र रहेको छ। यस पालिकामा १० वटा वडा रहेको छ तर सवैभन्दा कम जनसख्या भएको वडा १० मा जम्मा जनसख्या ९४३ जसमा महिला ४७८ र पुरुष ४६५ रहेको छ। पालिकाको सवैभन्दा बढी जनसख्या वडा ४ मा २६५४७, त्यसपछि क्रमशः वडा ५ मा १९२८२ र ७ मा १५९३२ रहेको छ।

**ख) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था**

यस महालक्ष्मी नगरपालिकाको एकल र विदुरको तथ्यांक केलाउँदा कुल एकल तथा विदुरको ५.५ प्रतिशत एकल महिला रहेको छ भने अपाङ्गता १.३ प्रतिशत जसमा महिला १.२ प्रतिशत र पुरुष १.४ प्रतिशत रहेको छ। तथ्यांकअनुसार ३४.५ प्रतिशत बालबालिकाहरु अझै जन्म दर्ताबाट बाहिर रहेको देखाउँछ जुन बालबालिकाको अधिकारको विषय हो। जन्मदर्तालाइ पालिकाले गम्भिर रुपमा लिएको वाार्षिक नीतिले देखाएको छ र यसलाई गम्भिर रुपमा लिनुपर्ने हुन्छ। खानेपानीको समस्या विकराल देखिन्छ। कुल जनसख्याको २३.२ प्रतिशतले मात्र घरमा धारा जडान गरेको छ भने ५८.५ प्रतिशत जनसख्या जार र बोतलको पानीमा निर्भर रहेको तथ्यांकले देखाउछ। पालिकाले खानेपानीमा पनि विशेष योजना ल्याउनु पर्ने देखिन्छ।[1]

जातीयताको आधारमा पालिकालाई नियाल्दा पालिकामा जम्मा ८४ जातीका मानिसहरुको बसोवास रहेको छ। जसमा नेवार जाती २४ प्रतिशत, क्षेत्री २३.८ प्रतिशत तामाङ्ग ८.३ प्रतिशत, मगर ४.७ प्रतिशत, राई ३.७ प्रतिशत, विश्वकर्मा २.६ प्रतिशत, थारु २ प्रतिशत, याकथुम्वा लिम्वु १.१ प्रतिशत, यादव १.२ प्रतिशत रहेको छ भने अन्य जातीहरुको संख्या प्रतिशतमा अतिन्यून रहेको छ।

[1] राष्ट्रिय जनगणना २०७८

समावेशी तथा सहभागिताको विषयमा नगरपालिकाले न्यून संख्यामा उपस्थित भएकाहरुको सहभागितालाई जोडदिनुपर्ने हुन्छ ।

धर्मको आधारमा पालिकालाई हेर्ने हो भने हिन्दुधर्मका धर्मालम्वीको संख्या ८३.१ प्रतिशत रहेको छ भने बौद्ध धर्मालम्बी ९.५, क्रिश्चियन ३.७, किराँत २.८ प्रतिशत, इस्लाम ०.८ प्रतिशत रहेको छ। हालका दिनहरुमा क्रिश्चियनको संख्या पहिलेको तुलनामा बढेको पाईन्छ। धर्मकाआधारमा पनि सवै धर्मलाई समान दृष्टि र सहभागिता दिन जरुरी छ ।

भाषागतको आधारमा हेर्ने हो भने पालिकामा नेपाली भाषा बोल्ने ५५.९ प्रतिशत, नेपालभाषा (नेवाःभाषा) बोल्ने २०.९ प्रतिशत, तामाङ्ग भाषा बोल्ने ७.३ प्रतिशत, मैथलीभाषा बोल्ने ४.५ प्रतिशत, मगरभाषा बोल्ने २.३ प्रतिशत, राई भाषा बोल्ने १.७ प्रतिशत र थारुभाषा बोल्ने १.६ प्रतिशत जनसख्या रहेको हुंदा समावेशीको आधारमा सवै धर्म, जाती भाषा भाषीलाई लैससासको नीतिले समेटनुपर्ने हुन्छ

**१.३ विगतका व्यवस्था र प्रयासहरु**

नेपालमा राष्ट्रिय योजना आयोगले छैठौं योजना अवधिदेखि महिला विकासलाई विकास योजनामा समावेश गर्ने परिपाटी सुरु गरेको देखिन्छ, त्यसैगरि नवौ योजना ( २०५४–२०५९) देखि लैङ्गिक समानता सशक्तिकरण नीति अवलम्बन गरिदै आएको थियो। लैङ्गिक मूलप्रवाहीकरणका लागि योजना तथा कार्यक्रम कार्यान्वयन गर्दा लैङ्गिक बजेट प्रणालीको लागु दशौं योजना (२०५९–२०६४) मा सर्वप्रथम लैङ्गिक समावेशीताको अवधारणालाई अन्तर–सम्बन्धित विषय (Cross cutting issues) का रुपमा स्थान दिइएको थियो ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास)का विभिन्न ऐन, कानून, कार्यविधि नीति, बनाएर कार्यान्वयन गर्दै आएको छ ।

आर्थिक वर्ष २०६४/०६५ देखि नेपाल सरकारका सवै मन्त्रालयबाट लैङ्गिक उत्तरदायी बजेट प्रणालीको अभ्यास हुंदै आएको छ। स्थानीय विकास मन्त्रालयले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०६६, स्थानीय निकाय लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवं परीक्षण निर्देशिका २०६८, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धी जानकारी

पुस्तिका २०७० प्रकाशन गरि स्थानीय तह सहित मन्त्रालय तथा विभागमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका प्रयासहरु भईरहेकै थियो ।

स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ अनुसार तत्कालीन स्थानीय तहको निःशर्त पुँजीगत बजेटको कम्तिमा १० प्रतिशत रकम आर्थिक तथा सामाजिक रुपमा पछाडिपरेका विपन्न महिला, १० प्रतिशत बालबालिका र १५ प्रतिशत उपेक्षित वर्ग तथा समुदायको लागि छुट्टयाउनु पर्ने व्यवस्था गरिएको पाइन्छ। तत्कालिन स्थानीय निकायहरुमा महिला, दलित, आदिवासी जनजाति, पिछडिएका समुदाय, बादी, अपाङ्गता समन्वय समिति सम्वन्धी संरचनाहरु गठन गरी ती समुदायलाई संस्थागत रुपमा शासकीय संरचनामा आवद्ध गर्ने प्रयास गरिएको र सामाजिक परिचालनमार्फत् आर्थिक तथा सामाजिक रुपमा पिछडिएका समुदायको आर्थिक तथा समाजिक उत्थानको लागि विभिन्न कार्यक्रमहरु संचालन गर्ने जस्ता महत्वपूर्ण प्रयासहरु भएको पाईन्छ। त्यसै क्रममा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको “स्वास्थ्य क्षेत्रको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०६६” शहरी विकास मन्त्रालयको “लैङ्गिक समानता तथा समाजिक समावेशीकरण मार्गदर्शन २०७०” ले तत्कालिन स्थानीय निकायहरुमा लैङ्गिक समानता तथा समाजिक समावेशीकरण गर्न पहलगर्दै आएको थियो ।

## १.४ समस्या तथा चुनौतीहरु

महालक्ष्मी नगरपालिकामा लैङ्गिक समानता तथा समावेशी लोकतन्त्रलाई संस्थागत गर्न, सामाजिक न्याय कायम गर्न र सवै नागरिकको समातामूलक पहुँच स्थापित गर्न सामाजिक समावेशीकरण आवश्यक छ। यसै सन्दर्भमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका मुख्य मुख्य

**क) समस्याहरु :**

१. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धी एकिकृत नीति तर्जुमा नहुनु, स्रोत साधन, अवसर र लाभको वितरणमा लक्षित वर्ग एवम् क्षेत्रको न्यायोचित पहुँच सुनिश्चित नहुनु,
२. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि आवश्यक खण्डिकृत तथ्यांकको अझ परिस्कृत रुपमा आउन नसक्नु,
३. पछाडि परेका वर्ग र समुदायलाइ आर्थिक र सामाजिक रुपले सशक्तिकरण गर्न नसक्नु,

४. शासकिय प्रणालीमा सवै लिङ्ग, जाति, वर्ग समुदाय र क्षेत्रका नागरिकहरुलाई अर्थपूर्ण सहभागिता सुनिश्चित हुन नसक्नु,
५. अनुगमन तथा मूल्यांकन प्रतिवेदन प्रणालीमा समावेशीकरण सम्वन्धी सूचकहरुलाई समावेश गर्न नसक्नु,
६. विभिन्न लिङ्ग, वर्ग, जाति र क्षेत्रको समुदाय र जातजाति वीचहुने व्यवहारिक र सामाजिक विभेद हट्न नसक्नु
७. घरेलु हिंसा, मानव वेचविखन तथा ओसारपसार, वैदेशिक रोजगारका नाममा हुने मानव वेचविखन लगायतका लैङ्गिकतामा आधारित महिला, किशोरी, बालिकाप्रति हुने हिंसा, धार्मिक तथा परम्पराका नाममा रहेका खराव अभ्यासहरु जस्तै बोक्सी, छाउपडी, बालविवाह, दाइजो प्रथा, लैङ्गिक तथा यौनिक अल्पसंख्यक माथि हुने शारीरिक तथा मानसिक हिंसा विद्यमान रहनु,
८. महिलाको घरेलुकामलाई आर्थिक पक्षसँग जोडेर नहेरिनु, श्रम बजारमा महिला र पुरुषवीच विभेद रहनु,
९. महिला लगायत अन्य धर्म तथा जातीयताको आधारमा सवै पक्षमा सहभागिता कमी रहनु,
१०. महिला, बावबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यकको खण्डिकृत तथ्यांक नहुनु,

**ख) चुनौतीहरु**

१. समानुपातिक सहभागितामा महिलाको जनसंख्या धेरै भएपनि ३३ प्रतिशतमात्र राजनैतिक क्षेत्रमा सहभागिता छुट्टयाउनु,
२. भाषिक, धार्मिक तथा जातीयताको आधारमा पूर्णता सहभागिता वा समावेशीतामा सहभागि गराउनु,
३. महालक्ष्मी नगरपालिकाको कूल साक्षरता दर ८०.३ प्रतिशत रहेको छ, जसमा पुरुषको ८८.३ प्रतिशत र महिलाको ७२.० प्रतिशत रहेको छ। पुरुषको तुलनामा करिव ८ प्रतिशत महिला शिक्षामा अझ पछाडी रहेकोले साक्षरता बढाउने,
४. जन्मदरको आधारमा हेर्दा महलक्ष्मी नगरपालिकामा अझै ३४.५ प्रतिशत बालबालिका जन्मदर्ताभन्दा बाहिर रहेको राष्ट्रिय जनगणना २०७८ को तथ्यांकले देखाउछ। सवै बालबालिकाको पूर्ण जन्मदर्ता गराउने,

५. महिलामाथि हुने व्यवहारगत विभेद हट्न नसक्नु, लैङ्गिक विभेदलाई बढावा दिने सामाजिक संरचना, सोच, मूल्यमान्यता, प्रथा, परम्पराका नाममा प्रचलनमा रहेका खराव अभ्यासहरु रहिरहनु बालविवाह जस्ता कार्य अझ प्रचलनमा रहनु,

६. महालक्ष्मी नगरपालिकाभित्र ८४ जातजातीको बसोबास भएतापनि सामाजिक समावेशीतामा सबैलाई महालक्ष्मी नगरपालिकाको विकास तथा अन्य कार्यक्रममा समेट्न,

७. घरेलु हिंसा तथा लैङ्गिक तथा यौनिकतामा आधारित हिंसा नगरपालिका भित्र व्यावहारिक रुपमा हुने गरेतापनि सामाजिक मूल्य मान्यता तथा परिवारको इज्जत जाने डरले यस्ता हिंसाका घटनाहरुहुंदा न्यायिक समितिमा उजुरी गर्न,

८. बहु विवाह, बाल विवाह ऐन कानूनले निषेध गरेतापनि समाजमा अझ प्रचनमा रहेको र विवाहदर्ता, बालबालिकाको जन्मदर्ताहरु समयमा नहुने वा नगरिने हुंदा हक अधिकारबाट बन्चितहुने अवस्था रहेको हुंदा घटनादर्तालाई पूर्णरुपले सफल बनाउन ।

९. दलित समुदायमाथी उपल्लो भनिने जातीहरुको सामाजिक रुपमा विभेद अझ रहेको, कानूनी रुपले दण्डनिय भएतापनि सामाजिक मूल्य मान्यताले यस्ता समस्याहरु अझ जकडिएर रहेकाछन त्यस्ता मूल्य मान्यता सामाजिक सोचलाई हटाउन,

१०. उच्च जात भनिने बर्गले पारिवारिक शुभकार्यमा सो समुदायकोलागि भिन्दै खानपानको व्यवस्था गर्ने गरेको, सार्वजनिक रुपमा एकै ठाउमा खाना खाएपनि घरेलु व्यवहारमा घरबाहिर राख्ने, घर भित्र छिर्न नदिने, दलित समुदायले आफनो जुठो भाडो आफै माझ्नु पर्ने रहेको छ, त्यस्ता मूल्य मान्यतालाई समाजबाट हटाउन,

११. शहरीकरण बढदै जाँदा एकल परिवारहरुको संख्यामा बृद्धि, जेष्ठ नागरिकहरु यूवा छोरा छोरी तथा बुहारीबाट अपहेलितहुनुपर्ने अवस्था रहेको र जेष्ठनागरिकलाई बोझको रुपमा लिने गरिएको हुँदा संयुक्त परिवारलाई निरन्तरता दिन,

१२. एकल महिला (विधवा) लाई सामाजिक कामहरुमा समावेश नगराइने, वा नराम्रो दृष्टिले हेर्ने गरिएको हुंदा सामाजिक कार्यमा सहज वातावरण बनाइदिन,

१३. अपाङ्गता तथा अन्य अपाङ्गताहरुको अवस्थापनि परिवार र समाजमा नकारात्मक सन्देश दिने खालको रहेको हुँदा त्यस्ता सन्देस र सोचलाइ हटाउन,
१४. सार्वजनिक सवारी साधनहरु अपाङ्गमैत्री नभएको, अपाङ्गता भएकाहरुप्रति नकारात्मक व्यवहार हुने गरेको, महिला तथा यूवतिहरुप्रति सार्वजनिक सवारी मैत्री नभएकोमा अपाङ्गता मैत्री र महिलामैत्री सवारी साधनहरुको व्यवस्थापन गर्न,
१५. कानूनत सहभागितात्मक कार्यक्रम गर्ने भनेता पनि सवै लिङ्ग जाती, भाषा भाषी, तथा भौगोलिक रुपमा टाढा रहेकाहरुको सहभागितामा खासै पहल नभएको पाइएकोले समन्यायिक सहभागिता गराउन,
१६. राजनैतिक दलहरुले समेत दलितलाई वडाको सदस्य बाहेकको पदमा खासै चासो नदिएको, सहभागिताको लागि मात्र सहभागिता हो भन्ने हिसावले दलित महिलाको सदस्य पदमा अनिवार्य गरेको छ। साथै अन्य उपल्ला पदहरुमा समेत समावेशी गराउन,

**१.५ अवसर तथा सवलपक्षहरु**

महालक्ष्मी नगरपालिकाको सामाजिक विकास सेवा हेर्ने महिला कर्मचारीको नेतृत्वमा महिला तथा बालबालिका, सामाजिक रुपले पछि परेकाहरुको विकासको लागि सामाजिक विकास शाखा रहेको र उक्त शाखा मार्फत महिला तथा बालबालिका र अन्य समुदायहरुको विकासकोलागि बजेट विनियोजन भएको छ ।

१. महालक्ष्मी नगरपालिकामा निर्वाचनबाट महिला तथा दलित गरी ४२.३१ प्रतिशत निर्वाचित भएको छ ।
२. शिक्षाको क्षेत्रमा साक्षरता दर ८० प्रतिशत भन्दा राम्रो रहेको ।
३. पुराना सँस्कृति झल्काउने घरेलु लुगा बनाउने तानहरु अझै केहीमात्रामा चलिरहेको ।
४. विद्यालय भर्नादर र जन्मदर्ता कार्यक्रममा नगरपालिकाले जोड दिएको ।
५. महिला अपाङ्गता तथा जेष्ठ नागरिकहरुको कार्यक्रम र बजेट विनियोजनमा विशेष चासो रहेको ।
६. आदिवासी, जनजाति, दलित र पिछडिएका वर्गकालागि आय आर्जन र क्षमता विकास कार्यक्रम मार्फत सशक्तिकरण कार्यक्रम रहेको ।

७. वेसहारा तथा सडक बालबालिकाको उद्धार र संरक्षणका कार्यक्रमहरु रहेको ।
८. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि केहि कार्यविधिहरुको निर्माण भएको ।
९. ग्वार्को लुँभु पनौती सडक पालिकाको विचौलियाबाट बाहिर जोडिने राजमार्ग भएकोहुँदा यसले आर्थिक तथा पालिकाको व्यापार व्यवसाय र नागरिकको जीवनस्तरमा सुधार ल्याउने ।

### १.६ नीतिको आवस्यकता

लैङ्गिक समानता साथै सामाजिक समावेशीकरणमा देखिएका महालक्ष्मी नगरपालिका चुनौतिहरुको सामना एवम् समस्याको समाधान गर्न देहायका कारण लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण पालिका बनाउन नीतिको आवश्यकता रहेको छ ।

१. पहुँच, पहिचान र सहभागिताको आधारमा महालक्ष्मी नगरपालिकाको सवै नागरिकहरुलाई संवैधानिक अधिकारहरु सुनिश्चित गर्न,
२. संविधान प्रदत्त मौलिक हक कार्यान्वयन, सहभागितात्मक सहकार्य तथा अधिकारको समुचित बाँडफाडको कार्यान्वयनलाई प्रभावकारी बनाउन,
३. राष्ट्रिय योजना आयोगले तयार पारेको १६ औं योजनाको अधारपत्रमा राखिएका लक्ष्यहरु हासिलगर्न,
४. बागमति प्रदेश सामाजिक विकास मन्त्रालय अन्तर्गतका लैङ्गिक समानता तथा समाजिक समावेशीकरणका नीतिहरु पालना गराउन,
५. समावेशीकरण सम्वन्धी नीतिगत एकरुपता र सामञ्जस्यता कायम गर्न,
६. नेपालले प्रतिवद्धता गरेका अन्तराष्ट्रिय सन्धी, अनुवन्ध तथा कार्यविधिहरुमा गरेका हस्ताक्षर लागु गर्न,
७. दिगो विकास लक्ष्य सन २०१५–२०३० को एजेण्डा "कोहि पछाडी नपरुन" भन्ने नारालाई चरितार्थ बनाउन,
८. शासकिय प्रणालीमा सवै जाती, धर्म, लिङ्ग हरुको समानुपातिक सहभागिता सुनिश्चित गर्न र महालक्ष्मी नगरपालिका भित्र रहेका ८२ जातीहरु आदिवासी, दलित, समाजिक तथा आर्थिक रुपले पछाडी परेका वर्ग समुदायको सहभागिता बढाउन,
९. राष्ट्रिय नीति, प्रादेशिक नीति र योजना तथा कार्यक्रमहरुलाई मार्गदर्शन गर्न,

१०. सवै बर्ग, जाती, समुदाय, धर्मालम्वीहरुलाई विकासको मूल प्रवाहमा ल्याउन र सवैको योगदान प्राप्तगरि सन्तुलित विकास गर्न र दिगो विकास लक्ष्यले कसैलाइ पछाडी नछाडौ भन्ने मूल ध्येय रहेको हुंदा त्यसलाई सफल बनाउन,

११. बन्चितीमा परेका समुदायहरु तथा नगरपालिकाबाट टाडा बसोबास गरेका समुदायहरुको समुचित विकास गर्न,

१२. आर्थिक तथा सामाजिक लाभमा समानुपातिक अवसरको व्यवस्था मिलाई सवै प्रकारका विभेद तथा द्वन्दको अन्त्य गर्न,

१३. मानवअधिकारको सम्मान गर्दै स्रोत साधन र निर्णय प्रक्रियामा बञ्चित वर्गको पहुँच र अपनत्वमा बृद्धि गर्न,

१४. लोकतन्त्रका लाभहरुलाई सवै नागरिकहरुवीच न्यायोचित वितरण व्यवस्था मार्फत सामाजिक न्याय स्थापना गर्न ।

**१.७ विधि :**

१. शाखागत छलफल : लैससास नीति बनाउने कार्यकोलागि नगरपालिकामा रहेको शाखाहरु लैससास मैत्री ऐन कानून, कार्यविधि तथा बजेट विनियोजन र कार्यक्रमहरुको वारे छलफल गरि नीतिमा सम्वोधन गर्नुपर्ने विषयवस्तुमा केन्द्रित रहेर छलफल ।

२. सरोकारवालासँगको छलफल : लैससाससँग सम्वन्धित संस्थाहरु, समूहहरु, कार्यालयहरुसंग नीतिमा सम्वोधनगर्नपर्ने विषयसँग सम्वन्धित अथवा समावेशी र समानताको विषयमा हाल भइरहेको कार्यवारे छलफलगरि आवश्यक सूचना संकलन ।

३. विज्ञ समूहसँगको छलफल : लैससासमा काम गर्ने विज्ञहरुसँग नीति ऐन कानून तथा हाल कार्यान्वयनमा भएको विषयबस्तुमा छलफल गरि सूचना संकलन

४. प्रस्तुतिकरण : (क) विषयगत समिति (ख) कार्यपालिका : संकलन सूचना विषयगत समिति र कार्यपालिकामा प्रस्तुतिकरण तथा सुझाव संकलन र आएको सुझावलाई सम्वोधन ।

५. सुझाव संकलन र परिमार्जन : आएको सुझावहरु संकलन परिमार्जन र नीतिमा समावेश गरिएको ।

१.८ परिभाषाः

**संक्षिप्त नाम र परिभाषाः**

नामः यस नीतिको नाम **"महालक्ष्मी नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०८१"** रहनेछ र यसको प्रारम्भ महालक्ष्मी नगरपालिका ले स्वीकृत गरेको मितिदेखि लागु हुने छ ।

**परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नीतिमा :**

१. **"नीति"** भन्नाले " महालक्ष्मी नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०८१" सम्झनुपर्छ ।

२. **"स्थानीय तह"** भन्नाले गाँउपालिका, नगरपालिका र जिल्ला समन्वय समिति सम्झनुपर्दछ ।

३. **"नगरपालिका"** भन्नाले महालक्ष्मी नगरपालिका सम्झनु पर्दछ ।

४. **"लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण"** भन्नाले महिला तथा पुरुष र विभिन्न सामाजिक समूहहरु बीचको असमान शक्ति सम्वन्धहरुलाई पुनः सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरुकालागि समान अधिकार, अवसर एवं सम्मान सुनिश्चित गर्नकालागि आवश्यक कदम चाल्नुपर्ने विषयलाइ सम्झनु पर्छ ।

५. **"योजना"** भन्नाले समग्र विकास निर्माण सम्वन्धी कार्यको लागि तयार गरिएको महालक्ष्मी नगरपालिकाको आवधिक विकास योजना, बार्षिक विकास योजना, एकिकृत शहरी विकास योजना, विषयगत गुरुयोजना, रणनीतिक योजना, आदी सम्झनुपर्छ ।

६. **"कार्यक्रम"** भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको आयोजनाहरुको संयोजित रुप सम्झनु पर्छ ।

७. **"लैङ्गिक समता"** भन्नाले अवसर र न्यायबाट बन्चित महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक वा पुरुषलाई थप अवसर दिएर समतामूलक स्थितिको निर्माण गर्न गरिने विशेष प्रयासलाई सम्झनु पर्छ ।

८. **"लैङ्गिक समानता"** भन्नाले महिला, पुरुष, लैङ्गिक अल्पसंख्यक विच सवै क्षेत्र र तहमा समान अवसर र समान लाभ हासिल गर्ने अवस्थालाइ सम्झनु पर्छ ।

९. **"लैङ्गिक समानता तथा समाजिक समावेशीकरण (लैससास) सम्पर्क व्यक्ति"** भन्नाले कुनै कार्यालय वा सरकारका विभिन्न तहहरुमा लैससास

हेर्ने गरि सम्पर्क व्यक्तिको रुपमा तोकिएको पदाधिकारी वा कर्मचारीलाई सम्झनु पर्छ ।

१०. **"उपभोक्ता समिति"** भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुले कुनै आयोजना निर्माण, संचालन, व्यवस्थापन र मर्मत सम्भार गर्नकालागि आफूहरुमध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनु पर्छ ।

११. **"गैह्र सरकारी संस्था"** भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएको महालक्ष्मी नगरपालिका को सभाबाट आफनो कार्यक्रम स्वीकृत गराई महालक्ष्मी नगरपालिका सँग समन्वय गरि कार्य संचालन गर्ने गैह्र नाफामूलक संस्था सम्झनु पर्छ ।

१२. **"स्थानीयकरण"** भन्नाले कुनै पनि विषय वा कार्यक्रमलाई कुनै स्थानीय ठाँउ विशेषको परिस्थिति वा अवस्था अनुसार ढाली त्यसको प्रभावकारी एवं अधिकतम उपयोग गर्ने प्रक्रियालाई सम्झनुपर्छ ।

१३. **"बञ्चित समूह"** भन्नाले परम्परागतरुपमा लामो समय देखि जातीय, आर्थिक, लैङ्गिक, अपाङ्गता, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, एवम् भौगोलिक कारणले गर्दा पछि परेका महिला, दलित, आदिवासी, जनजाती, मधेशी, मुस्लीम, अपाङ्गता, जेष्ठ नागरिक, एवम् दुर्गम क्षेत्रमा बसोवास गर्ने नागरिक सम्झनु पर्छ ।

१४. **"अल्पसंख्यक"** भन्नाले संघीय कानून बमोजिम निर्धारित प्रतिशत भन्दा कम जनसख्या रहेका जातीय, भाषिक र धार्मिक समूह सम्झनु पर्छ र सो शब्दले आफनै जातीय, धार्मिक र भाषिक विशिष्टता भएको, त्यसलाई बचाइ राख्ने आकांक्षा रहेका, विभेद र उत्पीडन भोगेका समूह समेतलाई जनाउँछ ।

## २.नीति मार्गदर्शन

### २.१ नीति निर्माणका मार्गदर्शक सिद्धान्त तथा आधारहरु

नेपाल राष्ट्र संघियतामा गएपछि तथा नेपालको संविधान २०७२ लागु भएता लैङ्गिक समानता सामाजिक समावेशीकरणलाई निरन्तरता दिदै केहि नयाँ अवधारणाहरुको विकास भएको छ र सोहि क्रममा नयाँ संविधान र नयाँ परिप्रेक्षमा नयाँ तरिकाले यसलाई सम्वोधन गर्न विभिन्न कानून, रणनीतिहरुको निर्माण भएको छ। त्यसै गरि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलको "लैङ्गिक समानता तथा सामाजिक समावेशीता स्थानीयकरण रणनीति, २०७५", राष्ट्रिय लैङ्गिक समानता नीति २०७७, लैङ्गिक हिंसा अन्त्यको लागि पुरुष सञ्जाल परिचालन सम्बन्धी कार्यविधि, २०७५, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ती, महिला र बालबालिकाको क्षेत्रमा काम गर्ने संस्थाहरुलाई स्थानीय तहमार्फत अनुदान उपलव्ध गराउने कार्यविधि २०७६ आदी रहेको छ।

नेपालको संविधानले समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्त अनुरूप विभेदरहित, समृद्धि र न्यायपूर्ण समाजको निर्माण गर्ने आधार तयार गरेको छ। समान कामकोलागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव गरिने छैन, महिलालाई लैङ्गिक भेदभाव बिना सबै सन्तानको समान हक हुने भन्ने व्यवस्थागरेको छ। संविधानको प्रस्तावनामै बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरि विविधताकोबीचमा एकता, सामाजिक र सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्द्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सवै प्रकारका जातीय छुवाछूतको अन्त्यगरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तको अवलम्बन गरिएको छ।

संविधानले लैङ्गिक समानता र सामाजिक समावेशीका सिद्धान्तलाई सामाजिक न्याय, सुनिश्चितता गर्ने माध्यम तथा लिङ्ग, जात भाषा, धर्म, उमेर, वर्ग, भौगोलिक तथा सामाजिक बनावट र आर्थिक अवस्थाको आधारमा हुने सबै प्रकारको भेदभावहरुको अन्त्य गरी न्यायसंगत समाजको निर्माणको आधारका रुपमा स्वीकार गरेको प्रस्तावनाबाटै जोड दिएको छ।

नेपालको संविधानको भाग ३ को मौलिक हक अन्तर्गतको धारा १६ ले नागरिकहरुको सम्मानपूर्वक जीवन जिउने अधिकार, धारा १७ ले स्वतन्त्रताको

अधिकार, धारा १८ ले समानताको अधिकार, धारा २४ ले छुवाछुत तथा भेदभाव विरुद्धको हक, धारा २६ ले धार्मिक स्वतन्त्रताको हक, धारा ३२ ले भाषा तथा संस्कृतिको हक, धारा ३४ ले महिला अधिकार, धारा ३९ ले बालबालिकाको अधिकार, धारा ४० ले दलितको अधिकार, धारा ४१ ले जेष्ठ नागरिकको अधिकार, धारा ४२ ले सामाजिक न्याय तथा समावेशीता लगायतका ३१ वटा धाराहरुले नागरिकहरुको मौलिकहकहरुको सुनिश्चितता गरेका छन्। त्यसैगरि संविधानको धारा ५१ मा राज्यको नीतिहरु अर्न्तगत धारा ५१ (ञ) मा सामाजिक न्याय र समावेशीकरण र धारा ५२ ले मौलिक हक अन्तर्गतको अधिकारलाई संरक्षण तथा कार्यान्वयन राज्यको जिम्मेवारीको रुपमा प्रस्तुत गरेको छ। यसवाट के प्रष्ट हुन्छ भने संविधानले नै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सिद्धान्तलाई समाहित गरेको छ।

आर्थिक, सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका सीमान्तकृत वर्ग तथा सामाजिक बञ्चितीकरणमा परेका समूहहरु (महिला, दलित, आदिवासी जनजाती, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, यूवा, वालवालिका,, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, पिछडिएका क्षेत्र तथा भौगोलिक रूपले दुर्गम क्षेत्रमा बसोवास गरेका नागरिक) आर्थिक रुपले विपन्न खस आर्य लगायत नागरिकहरुको संरक्षण, सशक्तीकरण वा विकासकालागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिनेछैन भनि संविधानको धारा १८ समानताको हक (३) मा व्यवस्था गरेको छ। मुलुकी अपराध संहिता २०७४ भाग २ परिच्छेद १० मा भेदभाव तथा अन्य अपमानजन्य व्यवहार सम्वन्धी कसुर भनि असमान व्यवहार निरुत्साहित गर्न बनेको ऐन, मुलुकी देवानी संहिता २०७४ को भाग १ परिच्छेद ३ मा नागरिक अधिकार सम्वन्धी व्यवस्था, मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४, नियमाली २०६५, घरेलु हिंसा (कसुर र सजाय ) ऐन २०६६ र नियमावली २०६७, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यहार (निवारण) ऐन, २०७१, बोक्सीको आरोप ( कसुर र सजाय) ऐन, २०७२, अपराध पीडित संरक्षण ऐन, २०७५ जस्ता कानूनहरु लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई न्यूनिकरण गर्ने आधारहरु खडा भएको छ।

राष्ट्रिय योजना आयोगको १६ औं योजनाको अवधारणा पत्र तयार भएको छ। यसको पृष्ठभूमिमा मौलिक हक, राज्यको निर्देशक सिद्धान्त तथा नीतिहरुको दायरालाई फराकिलो पार्दै आर्थिक समृद्धि सहितको सामाजिक न्याय र सामाजिक समानता सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामुलक

सिद्धान्त अवलम्वन गरेको छ भने सुशासन तथा सामाजिक न्याय यसको सोच रहेको हुंदा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समेत यसै भित्र समाहित गरेको पाईन्छ ।

सामाजिक सशक्तिकरण, समावेशीकरण र सामाजिक सुरक्षा अन्तर्गत राष्ट्रिय योजनाको १६ औं आवधिक योजनामा आर्थिक तथा सामाजिक रुपमा पछाडी परेका समुदाय, वर्ग र लिङ्गको सशक्तिकरणका लागि लक्षित कार्यक्रम संचालन गर्ने, जनसांखिक अनुपात र क्षमताको आधारमा राज्यको सवै तह र अंगमा समानुपातिक समावेशीकरणको अवलम्वन गर्ने र सवैको लागि सामाजिक सुरक्षा अवधारणा अन्तर्गत आर्थिक रूपमा विपन्न शारीरिक तथा मानसिक रुपमा असहाय नागरिकलाई विशेष सामाजिक सुरक्षाको धारणा राखेको पाईन्छ ।

गरिवी तथा असमानता न्यूनिकरण तथा समानतामुलक समाज निर्माणकालागि सन्तुलित विकासका र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सिद्धान्तको आधारमा समतामूलक राष्ट्र बनाउने सोच तथा महिलाको समान तथा अर्थपूर्ण सहभागिता सहित सारभूत समानता कायम गर्न प्रयासरत रहेको छ। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) मैत्री शासन व्यवस्थालाई संस्थागत गर्दै महिला लगायत सवै सिमान्तकृत वर्ग तथा समूहहरुको सम्मानित जीवनयापनको वातावरण सुनिश्चित गर्ने महिला विरूद्ध हुने हिंसा, भेदभाव र शोाषणको अन्त्य गर्ने, आर्थिक सम्बृद्धि तथा दिगो विकासका लागि महिलाको समान अग्रसरता तथा नेतृत्वदायी भूमिका स्थापित गर्दै श्रोत, साधन, अवसर तथा लाभमा महिलाहरुको समान पहुंच सुनिश्चित गर्ने अवधारणा रहेको छ ।

स्थानीय सरकार संचालन ऐन २०७४, को दफा २४ मा नगरपालिकाले आफनो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिक विषयमा मध्यकालिन वा दीर्घकालीन विकास योजना बनाउने प्रावधान राखिएको छ। दफा २४ (२) मा योजना बनाउदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य उद्देश्यसँग अनुकुल हुनेगरि सुशासन, वातावरण, बालमैत्री तथा लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता विषयलाई समेटनु पर्ने उल्लेख गरिएको छ । सोही दफाको (३) (च)मा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, त्यसैगरी स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ (३) (छ) मा लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने कुरामा जोड दिएको छ। त्यसैगरि

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (२) को (त) मा जेष्ठ नागरिकहरुको व्यवस्थापन गर्ने, (थ) मा बेरोजगारहरुको लगत राख्ने, (फ) मा भाषा, संस्कृति र ललितकलाको संरक्षण, दफा ११ (३) को (च) सामाजिक सुरक्षा, (छ) व्यक्तीगत घटनादर्ता गर्ने प्रावधान राखिएको छ भने सोही ऐनको दफा १२ मा वडालाई वडा समितिको काम कर्तव्य र अधिकार अन्तर्गत महालक्ष्मी नगरपालिका को योजना तर्जुमा गर्दा सहभागितामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रकृया अवलम्बन गरी महिला तथा पिछडिएका वर्गको सहभागितामा जोड, योजना बनाउँदा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र तथा समुदायको प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिदैं लैससास प्रबर्धनगर्ने व्यवस्थालाइ जोड दिएको छ। बालमैत्री, बाल विवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजोप्रथा, छाउपडी, कमलरी, बालश्रम, मानव वेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य, सुरक्षित मातृत्व, पूर्णखोप, बालमैत्री शासन जस्ता कार्यक्रम लागुगर्ने दायित्व समेत सुम्पेको छ।

## २.२ **दीर्घकालीन सोंच**

जातीय, भौगोलिक, लैङ्गिक भेदभाव मुक्त समानतामूलक, समावेशीकरण, समृद्ध र न्यायपूर्ण मानवअधिकार महालक्ष्मी नगरपालिकाको निर्माण।

## २.३ **लक्ष्य**

सामाजिक समावेशीकरणलाइ सवै जातजाति, लिङ्ग र क्षेत्रमा मूलप्रवाहिकरण तथा आन्तरिकीकरण गर्दै संस्थागत सुदृढीकरण गर्दै लैङ्गिक समानता तथा सामाजिक समावेशी नगरपालिका बनाउने।

## २.४ **उद्देश्यहरु**

यस नीतिको मुख्य उदेश्य आर्थिक सामाजिकरुपले पछाडि परेका समुदाय र व्यक्तिहरुको सशक्तिकरण र समतामूलक विकासको माध्यमबाट सवै विषय क्षेत्र तथा संरचनामा पहुँच सुनिश्चित गर्ने,

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सिद्धान्तहरु तथा संबैधानिक व्यवस्था, अन्तराष्ट्रिय मूल्य मान्यता, मानव अधिकार तथा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सन्धी अनुरुप महालक्ष्मी नगरपालिकामा विभेद रहित, समावेशी समाज, सहभागितात्मक पद्धती, तथा लैङ्गिक हिसावले समानता कायम गर्ने ।

यस नीतिका विशिष्ट उद्देश्यहरु निम्न रहेको छ ।

१. सामाजिक विभेदको न्यूनिकरणसम्वन्धि कार्ययोजनाबनाइ विभेदलाई न्यूनिकरणको योजना बनाउने ।
२. महिला, किशोरी तथा बालिकाको सामाजिक–आर्थिक विकासका लागि नीतिगत र संरचनात्मक व्यवस्थागर्नु ।
३. लैङ्गिक भे्दभाव, हिंसा र शोषणको अन्त्य गरी समानता र लैङ्गिक मूल्य मान्यतामा आधारित महालक्ष्मी नगरपालिकाको समाज निर्माणमा जोडदिनु ।
४. लैङ्गिक उत्तरदायी बजेट योजना, बजेटको व्यवस्थापनद्वारा लैङ्गिक तथा सामाजिक अन्तरहरुको प्रभावलाई न्यूनिकरणकालागि पहलगर्ने ।
५. छुवाछुत, सामाजिक कुरीति र अन्धविश्वास कायम रहेको लैङ्गिक विभेद र हिंसाका घटनाहरु न्यूनिकरणगर्न कार्यक्रम तथा कार्ययोजना बनाउने ।
६. महालक्ष्मी नगरपालिकामा गठनहुने समिति उपसमिति र ऐन कानून निर्माण वा कार्यदल गठन गर्दा लैङ्गिक संवेदनशिलता तथा सामाजिक समावेशीकरणको मूल मन्त्रलाई कार्यान्वयगर्ने ।
७. घरेलु हिंसा अन्त्यगर्ने, बालबालिका सुरक्षा कार्यक्रम, असक्त स्याहारकेन्द्रको स्थापना गर्ने
८. बालश्रम, बाल विवाह, बहुविवाह बोक्सी, छाउपडी, दाइजो जस्ता सामाजिक कुरीतीहरुलाई हटाउने कार्यक्रम बनाउने ।
९. समाजमा रहेका सवै तहका पछाडी परेका जाति, जनजाती, अल्पसंख्यक, तथा महिलाको आर्थिक सामाजिक तथा राजनैतिक क्षमता विकास गरि महालक्ष्मी नगरपालिका को सवै कार्यक्रममा सक्रिय सहभागिता सुनिश्चित गरि समावेशी विकास प्रक्रियालाई संस्थागत गर्न सशक्तिकरणका कार्यक्रमगर्ने ।

## ३. नीति मार्गदर्शनका प्रमुख अंगहरु

### ३.१ नीति प्रावधानहरु :

अन्तराष्ट्रिय तहमा पनि नेपालले मानव अधिकार सम्वन्धी ७ वटा महासन्धीहरु अनुमोदन गरि पक्ष राष्ट्रभइसकेको छ। नेपालले अनुमोदन गरेका मानव अधिकार सम्वन्धी अन्तराष्ट्रिय महासन्धीहरुमा दासत्व महासन्धी १९२६, जातिहत्या अपराधको रोकथाम सजायसम्वन्धी महासन्धी, १९४८, जीउ मास्ने वेच्ने तथा अरुको वेश्याबृतिको शोषणको दमनका लागि व्यवस्था भएको महासन्धी १९४९, सवै किसिमको जातीय भेदभाव उन्मूलन गर्ने सम्वन्धी अन्तराष्ट्रिय महासन्धि १९६५, आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकार सम्वन्धि अन्तराष्ट्रिय प्रतिज्ञापत्र, १९६६, नागरिक तथा राजनैतिक अधिकारसम्बन्धि अन्तराष्ट्रिय प्रतिज्ञापत्र, १९६६, महिला विरूद्धका सवै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि, १९७९, यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरूद्धको महासन्धि १९८४, बाल अधिकार सम्वन्धि महासन्धि, १९८९, अपाङ्गता भएको व्यक्तिहरुको अधिकार सम्वन्धि महासन्धि २००६, समान पारिश्रमिक सम्बन्धि महासन्धि १९५१, विभेद (रोजगारी र पेशा) सम्बन्धि महासन्धि, १९५८, द्वन्दबाट महिला र बालबालिकाको संरक्षण गर्ने घोषणापत्र, १९७४, महिला विरुद्धको हिंसा उन्मूलन सम्बन्धी घोषणापत्र १९९१, आदीवासी जनजातिको अधिकार सम्बन्धि संयुक्त राष्ट्रसंघको घोषणापत्र, २००७, सयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्बाट महिला, शान्ति र सुरक्षाका सम्बन्धमा पारित प्रस्ताव नं. १३२५ र महिला तथा बालवालिकाहरुमाथि हुने यौन हिंसा विरूद्धको प्रस्ताव नं. १८२०, प्रस्ताव नं. १८८८ प्रमुख हुन । उक्त महासन्धि, अनुवन्ध तथा घोषणापत्रमा नेपाल सरकारले आफनो प्रतिवद्धता जनाइसकेपछि पालनागर्नु तथा नेपालकालागि विभिन्न समयमा समितिहरुले दिएको सिफारिसको पूर्ण पालना गर्नु कार्यान्वयन गर्नु सरकारको दायित्व हुनेहुँदा यो कार्यान्वयन गर्नु सवै तहको सरकारको उत्तिकै भुमिका हुन्छ ।

### ३.२ कार्यान्वयन र रणनीतिहरु

**रणनीतिहरु**

१. सामाजिक समावेशीकरणको अवधारणालाई सवै विषय क्षेत्रमा संस्थागत गर्ने ।

२. नीति निर्माण तथा निर्णय प्रक्रियामा पहुँच नभएका सिमान्तकृत नागरिकहरुको अर्थपूर्ण सहभागिता अभिबृद्धि गर्ने ।

३. पछाडि परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई विकास प्रक्रिया र लाभ प्राप्तिमा न्यायोचित अवसर सुनिश्चित गर्ने ।

४. उपलव्ध स्रोतसाधन तथा अवसरको प्राप्त र उपयोग गर्न लक्षित समुदायको सशक्तीकरण गर्ने ।

५. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धी नीति तथा कार्यक्रम कार्यान्वयनमा सम्वद्ध सरोकारवालाहरुको क्षमता अभिबृद्धि गर्ने ।

**३.३ कार्यान्वयन कार्यनीतिहरु**

**रणनीति १. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणालाई सवै विषय क्षेत्रमा संस्थागत गर्ने ।**

१. स्थानीय आवश्यकता अनुकुल हुने गरी लैङ्गिक समानता समाजिक समावेशीकरण सम्बन्धी नीति, कानून तथा कार्यविधि तर्जुमागरि कार्यान्वयन गरिनेछ। महालक्ष्मी नगरपालिकाभित्रका सवै व्यक्तिको स्वतन्त्रता, मानव अधिकार र अवसरहरुमा समान पहुँचको व्यवस्था गरिने छ र समाजमा पछाडी परेका व्यक्तीहरुको समान पहुँच, सहभागिता तथा अवसर र पहिचानको लागि विशेष संरक्षणात्मक कार्यक्रम बार्षिक तथा आवधिक बजेटमा ल्याइने छ ।

२. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणा अनुरुप मातहतका क्षेत्रगत विषय तथा निकायको कानुन, नीति, योजना, रणनीति, कार्यविधि, मापदण्ड तर्जुमा तथा परिमार्जन गरिनेछ। नगरपालिकाभित्र देखिएका कुप्रथा, कुसंस्कार, असामाजिक रीतिरिवाज संस्कृतीहरु जस्तै जातीय छुवाछुत, बालविवाह, बहुविवाह, दहेजप्रथा, बोक्सा बोक्सीको अन्धविस्वास जस्ता कुरुतिहरुलाई बार्षिक कार्यक्रम बनाई सचेतना कार्यक्रमहरुले निर्मुलीकरण गर्दै लगिनेछ ।

३. नगरपालिकामा निर्माण भइसकेका मौजूदा कानूनहरुलाई समय सापेक्ष समावेशीमैत्री बनाउन आवश्यकता अनुरुप पुनरावलोकन गरी परिमार्जन गरिनेछ। पछाडि परेका वा पारिएका वर्ग, समुदाय र क्षेत्रका जनताको विकासका लागि कार्यक्रमहरु कार्यान्वयन गरी समानुपातिक विकास गरिनेछ ।

४. समावेशी सम्वन्धी कानुन तथा कार्यविधि तर्जुमा तथा परिमार्जन गर्दा लक्षित समुदाय तथा सम्वद्ध सरोकारवालाहरुसँग परामर्स तथा समन्वय गरिनेछ ।

५. नेपाल पक्ष भएका यस सम्वन्धी अभिसन्धि अनुरुपका दायित्वहरुलाई कार्यान्वयन गर्न कानुन तथा कार्यविधि परिमार्जन तथा तर्जुमा गरिनेछ ।

६. आर्थिक, सामाजिक तथा भौगोलिकरुपले पछाडि परेका नागरिकहरुको सबै विषय क्षेत्रमा अर्थपूर्ण प्रतिनिधित्व सुनिश्चित गर्न मौजूदा कानुनहरुमा परिमार्जन गरिनेछ ।

७. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणालाई स्थानीय गैह्र सरकारी संस्था र सरोकारवालाहरुको नीति तथा रणनीतिमा आत्मसात गर्न पहल गरिनेछ ।

८. सहकारी, सामुदायिक, गैह्रसरकारी र निजी क्षेत्र लगायत सबैको भूमिका र दायित्व स्पष्ट गरी परिचालन गर्न ती निकायबाट संचालित समावेशीकरण सम्बन्धी योजना तथा कार्यक्रमहरुलाई महालक्ष्मी नगरपालिकाको योजना प्रक्रियामा आवद्ध गरिनेछ ।

९. बस्तीस्तरदेखि नै स्थानीय समस्याहरु पहिचान गरि लक्षित समूहमार्फत सहभागिता मूलक समावेशी लक्षित कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने प्रणालीलाई संस्थागत गरिनेछ ।

१०. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क पदाधिकारी तोक्ने व्यवस्था गरी जिम्मेवारी प्रदान गरी सूचना आदान प्रदान गर्ने पद्धति स्थापित गरिनेछ ।

११. जोखिम तथा परिवारीक हिंसामा परेका, महिला, बालबालिका, किशोर, किशोरी, अपाङ्ग, अनाथ, टुहुरा, सडक बालबालिका लगायत अभिभावकविहीन नागरिकको संरक्षण, पुन:स्थापन तथा क्षमता विकास गर्न सामुदायिक, सहकारी तथा गैह्रसरकारी संस्थाहरु र निजी क्षेत्र समेतलाई परिचालन गरिनेछ ।

१२. लक्षित वर्गको सहभागितामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रमहरुको सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण तथा सामाजिक परिक्षण गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

१३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका नीतिहरुको प्रभाव र परिणामका सम्वन्धमा आवधिकरुपले तथ्यगत तथा बस्तुनिष्ठ समीक्षा गरिनेछ ।

**रणनीति २ः नीति निर्माण तथा निर्णय प्रक्रियामा पहुाच नभएका सीमान्तकृत नागरिकहरुको अर्थपूर्ण सहभागिता अभिबृद्धि गर्ने ।**

१. विकास कार्यक्रममा पहुँच, सहभागिता र पहिचान सहितको विकास कार्यक्रम अगाडि बढाइनेछ ।

२. महिला, बालबालिका, दलित, आदिवासी, जनजाति, मधेशी, मुस्लीम, विपन्न वर्ग, अपाङ्गता, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, पालिकाबाट टाढारहेको क्षेत्रका नागरिकहरुको समानुपातिक सहभागिता सहित पहुँचमा, पहिचानमा विशेष ध्यान दिइनेछ ।

३. प्रत्येक वडामा मानव विकास सूचकाङ्क, बहुआयामिक गरीवि मापन लगायत अन्य आधारमा पछाडि परेका विभिन्न क्षेत्र, वर्ग र समुदायको पहिचान गरी वडागत आद्यावधिक खण्डीकृत तथ्यांक राखिनेछ ।

४. नविनतम सूचना प्रविधिको उपयोग गरी बस्तुनिष्ठ र यथार्थपरक तथ्यांकका आधारमा दोहोरोपना नआउने गरी वडा र विषय क्षेत्रबाट लक्षित कार्यक्रमहरुको तर्जुमा कार्यान्वयन, अनुगमन तथा मूल्याँकन गरिनेछ ।

५. विभिन्न समुदाय, जातजाति, लिङ्ग एवम क्षेत्र बीच आर्थिक, शैक्षिक, तथा स्वास्थ्य क्षेत्रमा रहेका अन्तर कम गर्न लक्षित कार्यक्रम संचालन गरिनेछ ।

६. **“सम्पूर्ण महिला सबैभन्दा पहिला”** भन्ने नारासहित एकल, विपन्न तथा पिछडिएका महिलाहरुको सशक्तीकरण र क्षमता विकासकोलागि कार्यक्रमको पहल गरिनेछ ।

७. समाजमा छुवाछुत विद्यमान रहेको सामाजिक कुरीति र अन्धविश्वास कायम रहेको लैङ्गिक विभेद र हिंसाको घट्ना कमीकोलागि कार्यक्रम ल्याइनेछ ।

८. लैङ्गिक उत्तरदायीबजेट मार्फत लैङ्गिक विभेद, लैङ्गिक विकास तथा सामाजिक समावेशीकरण र महिलाहरुको आर्थिक, सामाजिक तथा राजनैतिक विकासको कार्यक्रममा विशेष जोडदिइनेछ ।

९. महिला, दलित तथा अपाङ्गता केन्द्रित उपभोक्ता समितिहरु विस्तारको लागि जोड गरि कार्यक्रम संचालन गरिनेछ ।

१०. आर्थिक तथा सामाजिक रूपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ती, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको सामाजिक र आर्थिक उत्थानमा लगानीगर्न पहल गरिनेछ ।

**रणनीति ३ : पछाडि परेका वर्ग, क्षेत्र लिङ्ग र समुदायलाई विकास प्रक्रिया र लाभ प्राप्तिमा न्यायोचित अवसर सुनिश्चित गर्ने ।**

१. विभिन्न लक्षित वर्ग र समुदायबीच सामाजिक क्षेत्रमा रहेको अन्तरलाई कम गर्न त्यस्ता वर्ग, क्षेत्र र समुदायको पहिचान गरी स्थानीय संरचना, स्रोत साधन, अवसर र लाभमा न्यायोचित पहुँचको व्यवस्था गरिनेछ ।

२. लक्षित समुदायको अवस्था तथा गरिवीकोस्तरहेरी विशेष कार्यक्रमहरु संचालन गरी जीवनस्तरमा सुधार गरिनेछ ।

३. सीमान्तकृत तथा पिछडिएका क्षेत्रका नागरिकहरुको आर्थिक तथा सामाजिक विकासका लागि लक्षित कार्यक्रमहरु संचालन गरिनेछ ।

४. समाजमा भेदभावजन्य व्यवहार, छुवाछुत र कुरीतिको अन्त्यकालागि आवश्यक कानुनहरुको तर्जुमा गरिनेछ ।

५. समाजमा विद्यमान नकारात्मक सामाजिक मूल्य मान्यता, कुरीति, छुवाछुत तथा भेदभावजन्य प्रचलन र व्यवहार विरूद्ध जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

६. बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो,बालश्रम, मानव वेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वास अन्त्य गर्न गराउन १० वटै वडा कार्यालयहरुलाई सक्रिय गराइनेछ ।

७. सामाजिक भेदभावजन्य कार्य विरुद्धका कानुनहरुको वडा तथा पालिकास्तरमा प्रचार प्रसार तथा सु–सुचित कार्यक्रम गरिनेछ ।

**रणनीति ४ः उपलव्ध हुने स्रोत साधन तथा अवसरको प्राप्ति र उपयोग गर्न लक्षित समुदायको सशक्तिकरण गर्ने ।**

१. महिला तथा विपन्न वर्गलगायत पछाडि परेका समुदाय तथा व्यक्तिहरुकालागि सीप विकास तालिम, छात्रवृति कर्जा, शिक्षा तथा रोजगारीमा प्राथमिकता दिइनेछ ।

२. आर्थिक तथा सामाजिकरुपले पछाडि परेका लक्षित वर्गलाई सीप विकास तालिम प्रदान गरी क्षमता अभिबृद्धि गरिनेछ ।

३. असहाय अवस्थामा रहेका एकल महिलाहरुको पहिचान गरी उनीहरुको सीप, क्षमता र योग्यताका आधारमा रोजगारीमा प्राथमिकता दिई जीविकोपार्जन गर्न सघाउ पुऱ्याउने कार्यक्रम संचालन गरिनेछ ।

४. जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुर्नस्थापना, संरक्षण र सशक्तिकरण गरी स्वावलम्बन गराउन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

५. प्रजनन अवस्थाका सेवा सुविधाहरुको सुनिश्चितता गर्न, बालबालिकाहरुको सर्वोत्तम हित गर्न तथा बालबालिकाको पालनपोषण र परिवारको हेरचाहका काम र योगदानलाई आर्थिक रुपमा मूल्याँकन गर्न विषय क्षेत्रगत निकाय मार्फत आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

६. आर्थिक सामाजिक रुपले पछाडि परेका समुदाय, महिला लक्षितवर्गको आर्थिक विकासकालागि सहुलियतपूर्ण कर्जा प्रवाहका साथै सहकारी एवम बचत परिचालन मार्फत वित्तीय स्रोत र पालिकाको स्रोत साधनमा पहुँच स्थापित गराउने कार्यक्रम गरिनेछ ।

७. स्थानीयस्तरमा परम्परागत पेशा (लुगा बुन्ने तान) आधुनिकीकरण र व्यवसायीकरण गरी आय आर्जनमा सहयोग गरिनेछ ।

८. महिला, सामाजिक समावेशीकरणकोलागि पछाडि परेका, लक्षित वर्गका नागरिकहरुलाई रोजगारीमा अवसर, लाभको न्यायोचित वितरण र समतामुलक पहुँचको सुनिश्चित गरी सामाजिक सुरक्षा प्रदानगर्न आवश्यक कार्यविधि तथा मापदण्ड तयार गरिनेछ ।

९. स्थानीय लोपोन्मुख भाषा तथा लिपिहरुको खोज, अध्ययन, अनुसन्धान गरी अभिलेखन तथा संरक्षण गरिनेकार्य गरिनेछ ।

१०. अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा लैङ्गिक संवेदनामैत्री भौतिक पूर्वाधार तथा संरचनाहरु निर्माणसम्वन्धी मापदण्ड तयार गरी कार्यान्वयन गर्ने गराइनेछ ।

११. स्थानीय भाषा तथा संस्कृतिको संरक्षण गर्न सम्वद्ध संस्था, परामर्स सेवा, गैह्रसरकारी संस्थाहरुलाई समेत परिचालन गरिनेछ ।

१२. समावेशीकरणका मान्यतालाई संस्थागत गर्न सवै वडाहरुमा सामाजिक समावेशीकरण नीतिको कार्यान्वयन ढाँचा तयार गरी सो अनुरुप लागु गर्न प्रेरित गरिनेछ ।

**रणनीति ५: लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धी नीति तथा कार्यक्रम कार्यान्वयनमा सम्वन्धि सरोकारवालाहरुको संस्थागत क्षमता अभिबृद्धि गर्ने ।**

१. महालक्ष्मी नगरापालिकामा बजेट तथा कार्यक्रम तर्जुमागर्दा समुदायको महिला, बालबालिका, अपाङ्गता, जनजाति, मधेशी, मुश्लिम, दलित लगायत सवै लक्षितवर्ग र समुदायसंग छलफल गरिनेछ ।

२. महालक्ष्मी नगरपालिकामा लैङ्गिक उत्तरदायी तथा समाजिक समावेशीकरण बजेट निर्माण एव लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणलाई नियमित गरिनेछ ।

३. महालक्ष्मी नगरपालिकामा कर्मचारीहरुको पदपूर्ति गर्दा सवै जातजाति, क्षेत्र, लिङ्ग र समुदाय लगायत लक्षित वर्गको समानुपातिक प्रतिनिधित्व हुने गरि कार्यक्रम गरिनेछ ।

४. महालक्ष्मी नगरपालिकामा गठन गर्ने समिति उपसमिति र कार्यदलहरुमा महिला तथा वञ्चितिकरणमा परेका समुदायबाट महिला र पुरूषको समावेशी प्रतिनिधित्व हुने गरि व्यवस्था गरिनेछ ।

५. महालक्ष्मी नगरपालिकामा लैङ्गिक हिंसा निवारण, महिला सीप विकास, नेतृत्व विकास तथा क्षमता अभिबृद्धि जस्ता विषयमा स्रोत व्यवस्थापनका लागि वार्षिक आर्थिक ऐनमा उल्लेख गरिने व्यवस्था गरिनेछ ।

६. वडा कार्यालयहरुबाट भएका असल अभ्यासहरुको पहिचान तथा दस्तावेजीकरण गरी प्रचार प्रसार गरिनेछ ।

७. महालक्ष्मी नगरपालिकाको प्रत्येक वडामा महिलाकोलागि कानुनी सचेतना सम्वन्धी अनुशिक्षण कार्यक्रम (कानूनी हक अधिकार) सम्वन्धी कार्यक्रम राखिनेछ ।

८. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणकालागि राष्ट्रिय तथा अन्तराष्ट्रिय असल अभ्यास तथा अनुभवहरुको आदान प्रदानगरि स्थानीय कार्यक्रम कार्यान्वयनमा प्रभावकारीता ल्याइनेछ ।

९. महालक्ष्मी नगरपालिका विपद व्यवस्थापन सम्वन्धी मापदण्ड, रणनीति, कार्यनीति लगायत कार्यविधि तयारी गर्दा महिला तथा लक्षित वर्ग वा समुदायसंग परामर्स गरि कार्यक्रम तय गर्ने नीति अवलम्वन गरिनेछ ।

### ३.४ कार्यनीतिहरु

महालक्ष्मी नगरपालिकाले लिएको उद्देश्य तथा नीतिहरुलाई कार्यान्वयन गर्न देहाय बमोजिमको कार्यनीतिहरु लागुगरिनेछ।

१. महालक्ष्मी नगरपालिकाको योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकनमा पछाडी परेका महिला, दलित, आदिवासी, जनजाति, मधेशी, मुस्लिम, अपाङ्गता भएका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको सहभागिता सुनिश्ति गरिनेछ।

२. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन गर्न आवश्यकता अनुसार महालक्ष्मी नगरपालिकाको ऐन, कानून, कार्यविधिहरुलाई परिमार्जन गर्दै लगिनेछ।

३. महिला किशोरी तथा बालबालिकालाई संविधान प्रदत्त मौलिक हक तथा सम्वन्धित स्थानीय  सरकार संचालन ऐनको दफा ११, १२ को परिपालनाको लागि संस्थागत सुदृढीकरण, सामाजिक जागरण तथा क्षमता विकास र सामाजिक सचेतना अभियान संचालनकोलागि बजेट विनियोजनमा जोडदिईनेछ।

४. महालक्ष्मी नगरापालिकाभित्र सवै क्षेत्रमा महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, जनजाती, दलित, वर्गिय रुपमा पछिपरेका सवै प्रकारका अपाङ्गता भएकालाइ समानुपातिक प्रतिनिधित्व र समान अवसरकोलागि पहल र कानूनी सुधारलाई निरन्तरता दिइनेछ।

५. सार्वजनिक भौतिक संरचना निर्माणकार्यगर्दा लैङ्गिकमैत्री मापदण्ड निर्माणकोलागि कार्यविधि निर्माणगरी लागु गरिनेछ।

६. महिलाको मर्यादालाई अबमूल्यन गर्ने हानिकारक सामाजिक अभ्यास र कुप्रथा विरूद्ध अभियान सञ्चालन गरिनेछ।

७. गरिवीको मारमा परेका महिला र बञ्चितिकरणमा परेका समुदायहरुको लागि स्थानिय तहमा आधारभूत सेवा सुविधा उपलव्ध गराइने संयन्त्र निर्माण गरिनेछ।

८. महालक्ष्मी नगरपालिका भित्रका महिला तथा बञ्चितिमा परेका समूहहरुको क्षमता अभिबृद्धि गर्नेकार्य अगाडि बढाईनेछ। सामुदायिक कार्यक्रमहरु दलित, आदिवासी जनजाति महिला पछाडी परेका वर्ग मार्फत कार्यक्रम संचालन गरिनेछ।

# ४. नीति कार्यान्वयनका आधारहरु

### ४.१ संस्थागत संरचना

स्थानीय सरकार संचालन ऐन २०७४, बागमति प्रदेशस्तरीय लैङ्गिक समानता तथा समाजिक समावेशीकरणलाई कार्यान्वयन गर्न बनेको नीति र मार्गदर्शन र संघिय कानून अनुसार निर्देशन भएको कार्यलाई कार्यान्वयन गर्न महालक्ष्मी नगरपालिकाले स्थानीय सरकार संचालन ऐनको दफा १४ अनुसार नगरपालिकामा नगरप्रमुखको संयोजकत्वमा निर्देशक समिति, सामाजिक विकास समितिका संयोजकको संयोजकत्वमा कार्यान्वयन समिति र सामाजिक विकास शाखाको प्रमुख सहितको एक कार्यदलको गठन जसमा कार्यपालिका सदस्य सहित, त्यसैगरी पालिकाको सवै वडामा एक महिला सदस्य सहित वडा अध्यक्षको संयोजकत्वमा सामाजिक विषयहेर्ने वडास्तरीय समिति गठन गर्न सकिनेछ भने उप प्रमुखको संयोजकत्वमा अनुगमन तथा मूल्यांकन समिति गठन गर्न सकिने छ। संस्थागत सरचना बनाउदा लैङ्गिकता तथा सामाजिक समावेशीकरणको साथै महालक्ष्मी नगरपालिकामा रहेका संघसंस्था तथा गैरसरकारी संस्थाका प्रतिनिधीहरु सहित विज्ञहरुलाई समावेश गरिनेछ ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकणका नीतिलाई कार्यान्वयनमा ल्याउन महालक्ष्मी नगरपालिकामा नगरप्रमुखको संयोजकत्वमा एक निर्देशक समिति रहनेछ ।

**क) नगरप्रमुखको संयोजकत्वमा निर्देशक समिति**

| | | |
|---|---|---|
| १ | महालक्ष्मी नगरपालिकाको प्रमुख | संयोजक |
| २ | कार्यपालिकाका सदस्यहरु मध्येबाट कम्तिमा २ जना महिला सहित संयोजकले तोकेको ३ जना | सदस्य |
| ३ | सामुदायिक संघसंस्थाहरु/गैह्रसरकारी संस्था नगर समन्वय समिति मध्येबाट समावेशी प्रतिनिधित्व हुनेगरि संयोजकले तोकेको ३ जना | सदस्य |
| ४ | प्रमुख प्रशासकिय अधिकृत | सदस्य सचीव |

**क) १. सामाजिक समावेशीकरण नीति निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छः**

१. सामाजिक समावेशीकरण नीति पुनरावलोकन र परिमार्जनका लागि खाका तयारगर्ने गराउने ।

२. नीति कार्यान्वयनका लागि सम्बद्ध वडा तथा निकायबीच सहकार्य, सहजीकरण र समन्वय गर्ने गराउने ।

३. सामाजिक समावेशीकरणसम्बन्धि बजेट तथा कार्यक्रम तर्जुमा र सञ्चालन गर्न आवश्यक समन्वय, सहकार्य तथा प्रोत्साहन एवम् सहयोग सम्बन्धी व्यवस्था गर्ने ।

४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यको अनुगमनगर्ने गराउने ।

५. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सहयोगी नीतिहरूसँग सामंजस्यता स्थापना गर्ने र आवश्यक सहयोग आदान प्रदान गर्ने ।

६. सामाजिक समावेशीकरण मूलप्रवाहीकरणका लागि संस्थागत प्रणाली, विधि एवम् प्रक्रियाहरु स्थापित गर्न सहयोग गर्ने ।

७. वडा कार्यालयहरुमा सामाजिक समावेशीकरणका दृष्टिकोणले कार्यक्रम तर्जुमा गर्न संस्थागत क्षमता विकासमा सहयोगगर्ने ।

८. नगरपालिकाभित्रका सरकारी तथा गैह्रसरकारी संघ संस्था र नागरिक समाजमा सामाजिक समावेशीकरणलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न सहयोग पुऱ्याउने ।

९. अन्तराष्ट्रिय रूपमा गरेका सन्धि सम्झौता तथा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धि प्रतिवद्धता, राष्ट्रिय नीति तथा कार्ययोजना, प्रादेशीक नीति तथा कार्यक्रमहरुलाई स्थानीयस्तरमा लागू एवम् कार्यान्वयन गर्न गराउन सहजीकरण, प्रोत्साहन र आवश्यक सहयोग पुऱ्याउने ।

१०. आर्थिक एवम् सामाजिकरुपमा पछाडि परेका वर्ग, जात जाति, लिङ्ग क्षेत्र एवम् समुदायले प्रत्यक्ष फाइदा पाउने समावेशीकरणका कार्यक्रम वा आयोजनाका लागि आवश्यक बजेट विनियोजन भए नभएको निगरानी गर्ने ।

११. सामाजिक समावेशीकरण नीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरुको आंकलन र जोखिम सम्बोधन गर्ने गराउने र लैङ्गिक उत्तरदायि बजेटको लागि पहलगर्ने ।

१२. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने जोखिमहरुको आँकलन गर्ने र बेलैमा संबोधन गर्ने ।

१३. समितिको क्रियासिलताकोलागि समितिको बैठक सम्वन्धि अन्य कार्यविधि समितिले तयार गरि सोही बमोजिम कार्यान्वयन गर्नेछ ।

सामाजिक विकास समितिका संयोजकको संयोजकत्वमा एक कार्यान्वयन समितिको गठन गर्न सकिनेछ र उ क्त समितिमा देहायका पदाधिकारी रहने व्यवस्था गरिने छ ।

**ख) सामाजिक विकास संयोजकको संयोजकत्वमा कार्यान्वयन समिति**

१. महालक्ष्मी नगरपालिकाको समाजिक विकास समिति संयोजक संयोजक

२. कार्यपालिकाको सदस्यहरुबाट २ जना महिला (१ दलित) सहित ३ जना सदस्य

३. महालक्ष्मी नगरकार्यपालिकाद्वारा मनोनित लक्षित वर्गको क्षेत्रमा कार्यगर्ने संस्था मध्येबाट बढीमा २ जना (एक महिला सहित) प्रमुखले तोकेको सदस्य

४. महालक्ष्मी नगरपालिका लैससास शाखा प्रमुख सदस्य सचिव

**ख) १ महालक्ष्मी नगरपालिका लैङ्गिक समानता तथा समाजिक समावेशीकरण कार्यान्वयन समितिकोकाम कर्तव्य र अधिकार**

१. नगरपालिका भित्रको महिला, बालबालिका, यूवा, जेष्ठ नागरिक, अपाङ्गता, आदिवासी जनजाति, मधेशी, मुस्लिम, लैङ्गिक अल्पसंख्यक तथा अन्य आर्थिक भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएका समुदायको खण्डीकृत तथ्यांक संकलन एवं विश्लेषण गर्ने ।

२. आर्थिक, सामाजिक, भौगोलिक तथा सांस्कृतिक रुपले पछाडी परेको समुदायको समग्र स्थितिको अध्ययन गरी त्यस सम्वन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नगरसभा समक्ष सिफारिस गर्ने ।

३. संघ तथा प्रदेश सरकारबाट भएका रणनीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने गराउने ।

४. लैङ्गिक रुपले पछाडि परेका, आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदायको हक हितको संरक्षण र सम्बर्धन तथा त्यस्ता समुदायको सशक्तिकरणका लागि नगरपालिकाको नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नगरसभा समक्ष सिफारिस गर्ने ।

५. नगरपालिकाको नियमितरुपमा लैङ्गिक समानता तथा समाजिक समावेशीकरण कार्यक्रम तथा बजेट परिक्षण तेश्रोपक्षबाट गराउन पहलगर्ने ।

६. लैससाससंग सम्बन्धित अन्तराष्ट्रिय सन्धी, सम्झौताहरुको समन्वय, सहकार्य, सहजीकरण र कार्यान्वयन गर्ने गराउने ।

७. महालक्ष्मी नगरपालिका क्षेत्र भित्र लैससाससंग सम्वन्धित काम गर्ने संघ संस्थाहरुसंग समन्वय, सहकार्य र सहजीकरण गर्ने ।

८. नगरपालिकामा लैससासंग सम्वन्धित विषयबस्तु हेर्नलाई लैससास शाखा वा डेस्को व्यवस्था गर्ने ।

**ग) वडास्तरीय समिति :**

महालक्ष्मी नगरपालिकाको प्रत्येक वडामा यस नीतिसंग सम्वन्धित कार्यक्रम तथा योजना कार्यान्वयनमा सहयोग गर्न एक वडास्तरीय समिति गठन गर्न सकिनेछ । जसमा देहाय बमोजिमका संयोजक तथा सदस्यहरु रहने छन् ।

१. सम्वन्धित वडाको वडा अध्यक्ष संयोजक
२. सम्वन्धित वडाका वडा महिला सदस्यहरु
३. सम्वन्धित वडा समितिले लक्षित वर्गको क्षेत्रमा (महिला, जेष्ठनागरिक अपाङ्गता तथा लैङ्गिक अल्पसंख्यक) कार्यगर्ने संस्थाबाट मनोनित गरेको वढीमा २ जना (एक महिला) सदस्यहरु सहित सदस्य
४. वडास्तरीय बाल संजालको अध्यक्ष
५. महालक्ष्मी नगरपालिका भित्रको सम्बन्धित वडाको वडा सचिवसदस्य सचिव

**ग) १. वडा स्तरीय समितिको काम, कर्तव्य र अधिकार :**

१. वडा भित्रका महिला, बालबालिका, यूवा, जेष्ठ नागरिक, अपाङ्गता, आदिवासी जनजाति, मधेशी, मुस्लिम, लैङ्गिक यौनिक अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदायको **खण्डिकृत तथ्यांक** संकलन गर्ने ।
२. वडा भित्रका योजना छनौट प्रक्रियामा महिला, बालबालिका, यूवा, जेष्ठ नागरिक, अपाङ्गता आदिवासी जनजाती मधेशी, मुस्लिम लैङ्गिक यौनिक अल्पसंख्यक समुदायको सहभागिता अनिवार्य गर्ने ।
३. वडा भित्रको महिला, बालबालिका, यूवा, जेष्ठ नागरिक, अपाङ्गता, आदिवासी जनजाति, मधेशी, मुस्लिम, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा त्यस्तो समुदायको सशक्तिकरणको लागि कार्यक्रम बनाई नगरपालिकामा पेशगर्ने ।
४. यस नीतिसंग सम्वन्धित कार्यक्रम तथा योजना कार्यान्वयनमा सहयोग गर्न क्षमता अभिबृद्धिको क्षेत्र पत्ता लगाउने र उनीहरुको कार्यक्रमलाई लैससास मैत्री बनाउन सहजीकरण गर्ने ।

४.२ **वित्तीय तथा मानवीय स्रोत व्यवस्थापन**

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, कार्यनीति तथा उद्देश्यहरु हासिलगर्न आर्थिक व्यवस्थाको स्रोत सहितको कार्यक्रम बनाउन जरुरी छ । यस नीति अवलम्वन गर्न महालक्ष्मी नगरपालिकाले आन्तरिक श्रोतको केहि

हिस्सा, त्यसैगरि विशेष अनुदानको बजेट, लक्षित बजेट र समपुरक बजेटका केहि रकम लैससास कार्यान्वयन गर्नकालागि आवश्यक भएकोहुंदा विशेषत विशेष अनुदानको बजेट संगै आन्तरिक आम्दानीको केहि भागलाई आर्थिक व्यवस्थापनको पक्षमा राखीने छ। बार्षिक बजेटमा सामाजिक विकास शाखाको बजेटलाई कार्यक्रम बनाई उपलव्धी मुलक बनाउन सुत्रमा आधारित लैङ्गिक उत्तरदायी बजेट योजना सहितको कार्यक्रम लागुगरिने छ। लैससासको शाखा तथा कार्यक्रम कार्यान्वयन गर्न अनुभवी मानविय स्रोत साधनको व्यवस्था गरिनेछ।

### ४.३ भौतिक पूर्वाधार तथा उपकरण

नगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयनमा ल्याउन महालक्ष्मी नगरपालिका लाई आवश्यक पूर्वाधारको व्यवस्था सहित चाहिने उपकरण उपलव्ध गराइने छ। सार्वजनिक सेवा प्रवाहका कार्यालयहरुमा विल्डिङ्गकोड, अपाङ्गता मैत्री तथा महिला र लैङ्गिक अल्पसंख्यक मैत्री भौतिक पूर्वाधारहरु निर्माणका लागि संघिय तथा अन्तराष्ट्रिय सन्धी अनुसारको कार्य गरिनेछ।

### ४.४ कानूनी व्यवस्था

महालक्ष्मी नगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रम लाई विधिवत लागु गराउन कार्यपालिकामा पेस गरि कार्यपालिकाबाट पास गराउने प्रावधान छ। यसै अनुसार कानून निर्माण गर्ने छ, सोही कानून अनुसार नियमावली र कार्यविधि बनाई लैससास नीतिहरु कार्यान्वयन गर्ने व्यवस्थागर्ने छ।

### ४.५ अन्तरनीति समन्वय

महालक्ष्मी नगरपालिकाको केही बार्षिक नीति र ऐनहरु निर्माण भएको छ। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सम्वन्धमा अध्ययन गर्दा नगरपालिकाले शिक्षा ऐन, २०७६, स्वास्थ्य ऐन, २०७६, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७५, उपभोक्ता समिति गठन तथा परिचालन सम्वन्धी कार्यविधि २०७५, छात्रा शैक्षिक सहायता कार्यक्रम संचालन कार्यविधि, २०७८, लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि २०७७, विपद व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७५, जेष्ठ नागरिक परिचय पत्र वितरण कार्यविधि २०७४, विद्यालय छात्रबृति व्यवस्थापन कार्यविध, २०७६, अपाङ्गता भएको व्यक्तिको परिचयपत्र वितरण गर्ने कार्यविधि २०७५,

खानेपानी तथा सरसफाई उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्वन्धि कार्यविधि, २०७५, जेष्ठ नागरिक स्वास्थ्य सेवा सञ्चालन निर्देशिका, २०७८, कृषक समूह गठन तथा व्यवस्थापन निर्देशिका, २०७६ जस्ता कार्य गरिरहेको र यस नगरपालिकाले लैससासको क्षेत्र विस्तृत बनाउने उद्देश्यका साथ विभिन्न नीतिहरु अगाडि सारेको छ ।

बागमती प्रदेश सरकारले पनि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यलाई निरन्तरता दिन प्रदेश सामाजिक विकास मन्त्रालय बागमतीले जेष्ठ नागरिक नीति २०८०, मानब वेचविखन तथा ओसारपसार विरुद्धको बागमती प्रदेशस्तरीय संरक्षण नीति, बालबालिका सम्वन्धी नीति २०८०, महिला सीप विकास तथा क्षमता अभिबृद्धि कार्यक्रम कार्यान्वयन मार्गदर्शन २०७८, प्रदेश बालबालिकाको अधिकार सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन २०७६, उच्च शिक्षा ऐन २०७८, महिला विकास कार्यक्रम संचालन निर्देशिका, शैक्षिक छात्रबृति निर्देशिका २०७८, महिला बालबालिका, जेष्ठ नागरिक अपाङ्गता भएको तथा समाज कल्याणका क्षेत्रमा कामगर्ने संघसंस्थाहरुलाई दिइने अनुदान व्यवस्थित गर्ने निर्देशिका, २०७६, अपाङ्गता भएका व्यक्तिहरुको अधिकार कार्यान्वयन सम्वन्धी प्रदेशस्तरीय समिति गठन निर्देशिका २०७६, र शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षण सम्वन्धी निर्देशिका २०७५ रहेको छ ।

महालक्ष्मी नगरपालिकाले बार्षिक नीति तथा कार्यक्रममा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धी कार्यक्रम राखेको छ। बार्षिक कार्यक्रममा नीति राखिएतापनि बजेटको व्यवस्था समेत केही गरेको छ तर कार्यान्वयनको पक्षमा बजेट खर्चको अवस्थाको लेखाजोखा गर्न जरुरी छ ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको नीति कार्यान्वयन गर्न र नीतिले लिएको कार्यनीतिहरु कार्यान्वयन गर्न संस्थागत संरचनाको आवश्यकता हुन्छ ।

### ४.६ अन्तर निकाय समन्वय

लैससास नीति कार्यान्वयन गर्न अन्तर निकाय तथा वाह्य संस्थाहरुको नीति र राष्ट्रिय नीतिहरु, ऐन कानूनहरु, प्रादेशिक ऐन कानून नीति तथा कार्यनीतिहरुसंग सामन्जस्यता तथा एउटै अर्थ भाषा र ध्येय अनुसारको नीति परिपालनाको लागि पहल गरिनेछ ।

### ४.७ अनुगमन तथा मूल्यांकन

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयन भए नभएको वार्षिक रुपमा हुने स्थानीयतह संस्थागत क्षमता स्वमूल्यांकन र महालक्ष्मी नगरपालिकाका लागि लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन २०७८ अनुसार १०० सूचकमा भए गरेको कामको आधारमा महालक्ष्मी नगरपालिकाको अनुगमन तथा मूल्यांकन हुनेछ। अनुगमन तथा मूल्यांकन समितिको सयोजकत्व महालक्ष्मी नगरपालिकाको उप–प्रमुख सहितको एक समिति गठन गर्न सकिनेछ

**क) नगर उप प्रमुखको संयोजकत्वमा अनुगमन समिति**

महालक्ष्मी नगरपालिका उप प्रमुखको संयोजकत्वमा मूल्यांकन तथा अनुगमन समितिको गठन ।

महालक्ष्मी नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयन गर्न त्यसको उद्देश्यगत प्रभावकारीता, विधि र प्रक्रियाको सान्दर्भिकता, स्रोत साधनको उपयोग लगायत एकिन गरि कार्यक्रमको गुणस्तर कायम गर्न अनुगमनको महत्वपूर्ण भूमिका रहन्छ। तसर्थ यो लैससास नीतिको प्रभावकारीताको लागि देहायबमोजिमको अनुगमन तथा मूल्यांकन सयन्त्र रहने व्यवस्था गरिएको छ ।

१. महालक्ष्मी नगरपालिका उपप्रमुख — संयोजक
२. महालक्ष्मी नगरपालिका सामाजिक विकास समिति सदस्य — सदस्य
३. महालक्ष्मी नगरपालिकाको प्राविधिक — सदस्य
४. नगरपालिकाको कार्यपालिका सदस्यहरु मध्येबाट एकजना दलित महिला सहित २ — सदस्य
५. नगरपालिकाको योजना शाखा प्रमुख — सदस्य सचिव

**ख) महालक्ष्मी नगरपालिकाको लैससास अनुगमन तथा मूल्यांकन विधि**

| अनुगमन तथा मूल्यांकन समय | जिम्मेवार निकाय | अनुगमनको क्षेत्र |
|---|---|---|
| नियमित | लैससास अनुगमन तथा मूल्यांकन समिति | प्रगतिको अवस्था मापन र गुणस्तर अनुगमन, लक्षितवर्गमा परिवर्तनको अवस्था स्तर |
| बार्षिक | तेश्रो पक्षबाट | उपलब्धि, नतिजा तथा प्रभाव मूल्यांकन/लैङ्गिक समानता तथा समाजिक समावेशीकरण परीक्षण |

महालक्ष्मी नगरपालिकामा सरोकारवाला संघसंस्थाहरुको समन्वयमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्थावारे छलफल तथा कार्यशाला गरिनेछ ।

बार्षिक प्रतिवेदन तथा बार्षिक बजेटमा विनियोजित रकम र खर्चको अवस्था, लैससासको लागि गरिएको परियोजना, कार्यक्रमहरुको प्रगति प्रतिवेदनको अध्ययन तथा कार्यको अवलोकन गरि लैससासको अनुगमन तथा मूल्यांकन गरिनेछ ।

**ग) अनुगमन र मूल्याँकनका ५ विषयक्षेत्रहरु ।**

१. नीति, कानून र योजनाहरुको कार्यान्वयनको अवस्था त्यसको प्रभाव
२. संस्थागत संरचना निर्माण र परिचालन
३. मानव संसाधन तथा कार्यरत मानव संसाधनको क्षमता र क्रियासिलता
४. सेवा प्रवाहको अवस्था र त्यसको समुदायमा असर र प्रभाव
५. सुशासन तथा उत्तरदायित्व सम्वन्धी नागरिकको धारणा

निर्देशन समितिको निर्देशनमा सम्वन्धित शाखा तथा निकायहरुबाट नीति कार्यान्वयनको आवश्यक व्यवस्था मिलाईने छ। अनुगमन तथा सुपरीवेक्षण समितिबाट नीति कार्यान्वयनको नियमित अनुगमन गरी वार्षिक प्रतिवेदन पेश गरिनेछ ।

### ४.८ नीतिको पुनरावलोकन र परिमार्जन

महलक्ष्मी नगरपालिकाको “लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०८१” लागु भएको मिति देखि ५ वर्ष भित्र यस नीतिमा पूनरावलोकन र समयसापेक्ष परिमार्जन गरिने छ। समाजमा देखिने नयाँ नयाँ प्रविधिको विकास संगै लैससासको समस्या तथा अवसरहरुपनि नयाँ नयाँ समाधानको उपायहरु हुने हुँदा सोही अनुरुप नीतिलाई परिमार्जन गरिदै लगिनेछ ।

### ४.९ सम्भावित जोखिम न्यूनीकरण योजना

| क्र.स. | सम्भावित जोखिम | जोखिम न्यूनिकरण | जिम्मेवार निकाय |
|---|---|---|---|
| १. | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तथा समावेशीता र पहुँचको | नीति, मार्गदर्शन एवम् वार्षिक योजना तथा कार्यक्रमबाट | सामाजिक शाखा<br>वडा कार्यालय<br>स्थानीय समुदाय र संस्थाहरु |

| | | | |
|---|---|---|---|
| | कार्यमा महालक्ष्मी नगरपालिकाको वडाहरुको कार्य कम प्राथमिकतामा पर्न सक्ने हुनसक्छ | प्राथमिकता | |
| २. | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमा सहभागिता, पहुँच र पहिचानकालागि लक्षितवर्गहरु ओझेलपर्न सक्ने । | लक्षित समुदाय पहिचानकोलागि खण्डिकृत तथ्यांक, नक्साकन गर्ने र कार्यक्रम संचालन गर्ने | सामाजिक विकास शाखा, वडा कार्यालयहरु |
| ३. | नीति निर्माण, योजना संकलन तथा कार्यक्रमहरुमा सहभागिता, पहिचान पहुँचबाट टाढा राखिन सक्ने | नीति निर्देशक समितिको नियमित बैठकमा कुरा उठाउने | सामाजिक विकास शाखा को कार्यक्रममा विशेष स्थान दिने |
| ४. | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको बुझाइमा विविधता आउन सक्ने । | सचेतनामूलक तथा क्षमता अभिबृद्धिका कार्यक्रम संचालन गर्ने | सामाजिक विकास शाखा/वडाकार्यालय |
| ५. | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण लक्षित कार्यक्रमहरुलाई नियमित योजना तथा कार्यक्रममा मूलप्रवाहिकरण गर्न कठिनाईहुन सक्ने | आवश्यक स्रोत आंकलन गरि लैङ्गिक उत्तरदायी बजेट बनाउन पहलगर्ने र सोही अनुसार बजेट विनियोजन गर्ने | योजना शाखा/सामाजिक विकास शाखा/आर्थिक प्रशासन शाखा र समितिहरु |
| ६. | महालक्ष्मी नगरपालिका मा निर्माण हुने वा | भौतिकपूर्वाधार बनाउनुपूर्व | पूर्वाधार शाखा, योजना शाखा, |

| | | | |
|---|---|---|---|
| | भएका भवन, भौतिक पूर्वाधारहरु, डिजाईन, ड्रईङ्ग गर्दा लैङ्गिक मैत्री, बालबालिका मैत्री, अपाङ्गता मैत्रीको लागि वातावरण हुन नसक्ने । | डिजाईन, ड्रईङ्ग सवैलाई सहजहुने लैङ्गिक मैत्री हुने बनाउनकालागि नीति ऐन कार्यविधि तयार गर्ने र सोही अनुसार पहलगर्ने | सामाजिक विकास शाखा, |
| ७. | महालक्ष्मी नगरपालिकामा महिलाकोलागि कानूनी सचेतना कार्यक्रम (हक अधिकार मानव वेचविखन तथा यौंन हिंसा)को वारे कार्यक्रममा उदासीनता आउन सक्ने | योजना तथा कार्यक्रम बनाउदा नै यी विषयवस्तु समटेर कार्यक्रम र बजेट विनियोजन गर्नुपर्ने | सामाजिक विकास शाखा |

**भाग-२**

# महालक्ष्मी नगरपालिका, ललितपुरको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति, २०८१

## विषय सुची

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति २०८१**


| | | |
|---|---|---|
| १. | पृष्ठभूमि | ४३ |
| २. | नाम र प्रारम्भ | ४५ |
| ३. | परिभाषा | ४५ |
| ४. | महालक्ष्मी नगरपालिका को संक्षिप्त परिचय | ५० |
| ५. | दीर्घकालिन सोच | ५२ |
| ६. | लैससास रणनीतिको औचित्यता | ५२ |
| ७. | उद्देश्य | ५३ |
| ८. | नीति | ५४ |
| ९. | रणनीति | ५७ |
| | ९.१ मूलप्रवाहिकरण | ५७ |
| | ९.२ सशक्तिकरण | ५७ |
| | ९.३ क्षमता बिकास | ५७ |
| | ९.४ समन्वय, सहकार्य र सहजीकरण | ५८ |
| | ९.५ अनुगमन तथा मूल्यांकन | ५८ |
| १०. | कार्यनीति | ५८ |
| | १०.१ कार्यनीति (रणनीति ९.१ सगं सम्बन्धित) | ५८ |
| | १०.२ कार्यनीति (रणनीति ९.२ संग सम्बन्धित) | ६० |
| | १०.३ कार्यनीति (रणनीति ९.३ संग सम्बन्धित) | ६९ |
| | १०.४ कार्यनीति (रणनीति ९.४ संग सम्बन्धित) | ७० |
| | १०.५ कार्यनीति (रणनीति ९.५ संग सम्बन्धित) | ७२ |
| ११. | रणनीति पुनरावलोकन तथा सुधार | ७३ |
| १२. | बाधा अडचन फुकाउने | ७३ |
| १३. | अवस्था विश्लेषण (SWOT) | ७४ |
| १४. | सरोकारवाला पहिचान | ८० |
| | १४.१ सरोकारवाला निकायहरुको पहिंचान गरिएको सुची भेन डायग्रामद्धारा प्रस्तुती | ८१ |
| १५. | लक्षितवर्ग पहिचान प्राथमिकिकरण र सवाल पहिंचान | ८१ |
| १६. | वित्त व्यवस्थापन | ८६ |
| १७. | कानूनी व्यवस्था | ८७ |
| १८. | रणनीति कार्यान्वयनको जीम्मेवारी तथा दायित्व | ८७ |
| १९. | संभाव्य जोखीम र न्यूनीकरणका उपायहरु | ८८ |
| | १९.१ संभाव्य जोखीम | ८८ |
| | १९.२ जोखीम न्यूनीकरणका उपायहरु | ८८ |

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति २०८१

## १ पृष्ठभूमि

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) को मूलप्रवाहीकरण रणनीति र प्रशासनिक, वित्तीय वा आर्थिक क्रियाकलापहरूमा महिला, पुरुष तथा सीमान्तकृत समुदायका चासो र आवश्यकताहरू पहिचान गरी सम्वोधन गर्ने एउटा प्रक्रिया हो। यसले लैससाससँग सम्बन्धित विभिन्न अनुभवहरुलाई राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रहरूमा गरिने योजना तर्जुमा कार्यान्वयन, अनुगमन र मूल्यांकनको अभिन्न अंगको रुपमा स्थापित गर्ने एउटा प्रक्रिया हो। यो प्रक्रियाले असमानता र विभेदहरूको न्यूनीकरण गर्दै, समान अधिकार तथा अवसरहरूको सुनिश्चित गर्ने र जुनसुकै सामाजिक पृष्ठभूमि र पहिचान भएपनि सबै व्यक्तिमा सम्मानको प्रत्याभूति दिलाई असमान शक्ति सम्बन्धहरूलाई पुनः सन्तुलित गराउँदछ। नेपाल सरकारको विकासका सूचकहरुको प्राप्तिका निम्ति लैससासको मुलप्रभाविकरण नेपालको संविधानको प्रस्तावनामा नै लैङ्गिक विभेद अन्त्यगरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरेको छ। नेपालको संविधानको धारा ३८ ले महिलालाई समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्वन्धी अधिकार, राज्यका सवै निकायमा सहभागिता हुने अधिकार, सम्पत्ति तथा पारिवारीक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ।यसका साथै महिला विरुद्ध हुने हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ। सीमान्तकृत समुदायले भोग्नु परेको इतिहास वा विगतमा भएका क्षतिलाई संवोधन गर्न र लिंग तथा जात, जातियतामा आधारित भेदभावलाई निषेध गर्नु यसका सकारात्मक प्रावधानहरू हुन्। पन्ध्रौं पन्च वर्षीय योजनाले सामाजिक, आर्थिक तथा राजनीतिक क्षेत्रहरूमा महिलाहरूको समान र अर्थपूर्ण सहभागिता हासिल गर्ने लक्ष्य राख्दै नेपालको लैङ्गिक विकास सूचकांकलाई ०.९२५ बाट ०.९६३

पुऱ्याउने अपेक्षा राखेको थियो तर सन् २०२४ को मानव विकास प्रतिबेदनमा लैङ्गिक बिकास सूचकांकमा ०.९२५ बाट घटेर ०.४९५ हुन् पुग्यो ।

राष्ट्रिय योजना आयोगको १६ औं आवधिक योजनाको अबधारणा पत्रको पृष्ठभूमिमा मौलिक हकको बारे लेखिएको छ भने योजनाको सोचमा सुशासन र समाजिक न्यायको बारेमा उल्लेख छ, आर्थिक तथा सामाजिक रुपमा पछाडी परेका वर्ग, समुदाय, र लिङ्गको सशक्तीकरणका लागि लक्षित कार्यक्रम संचालनको लागि योजनामा राखिएको छ ।

समानताको हकले नागरिकहरु, सामाजिक र सांस्कृकित रुपले पछाडि परेका समुदाय समेतको संरक्षण, सशक्तिकरण वा विकासको लागि संविधानले विशेष प्रावधानहरुको थप व्याख्या गरेको छ। सामाजिक न्यायको हकले राज्यका हरेक निकायहरुमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकारको स्थापना गरेको छ। यसरीनै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धी तल दिए अनुसारका प्रावधानहरुको व्यवस्था गरेको छ।

(क) नगरपालिकाको काम, कर्तव्य र अधिकारमा लैससास सम्वन्धि व्यवस्था गरेको।

(ख) वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत तथ्यांक अद्यावधिक तथा संरक्षण अन्तर्गत खण्डीकृत तथ्यांक संकलन, विकास कार्य अन्तर्गत बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा अन्त्य गर्ने आदिको व्यवस्था गरिएको।

(ग) महालक्ष्मी नगरपालिकाको योजना तर्जुमा तथा कार्यान्वयन अन्तर्गत योजना तर्जुमा महिला तथा पिछडिएको वर्गको सहभागितामा जोड, योजना बनाउँदा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिदै लैससास प्रवर्धन गर्ने व्यवस्था गरिएको। त्यसैले, संबिधानद्वारा प्रदत्त हकहरुको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशीका आधारमा राज्य

संरचनाका सबै अङ्गहरूमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मजदूर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई सहभागी गराउने संवैधानिक व्यवस्था गरिएको परिप्रेक्ष्यमा सामाजिक विविधता बीचको असमानता, सामाजिक बञ्चितिकरणका कारण सामाजिक समूहको विकासका सूचकहरूमा भएको कमजोर अवस्था र सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहुँचको अन्तरलाई न्युन गर्न आवश्यक रहेको छ। यसरीनै लैससासका मुद्दाहरूलाई केन्द्रीय सरकारले नीतिगत तथा कानूनी सुधार गर्दै लगिरहेको सन्दर्भमा महालक्ष्मी नगरपालिकाद्धारा संचालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता र सामाजिक समावेशी करण मैत्री बनाउनका लागि र संवैधानिक एवम् कानूनी प्रावधान तथा राज्यले अन्तर्राष्ट्रिय तहमा व्यक्त गरेको प्रतिबद्धता अनुसार कार्य गर्न एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार महालक्ष्मी नगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासलाई प्रबर्द्धधन गरी यसको मूलप्रवाहीकरण गर्न यो रणनीति तयार गरिएको हो।

**२. नाम र प्रारम्भः यस रणनीतिको नामः**

महालक्ष्मी नगरपालिका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति २०८१ रहनेछ र यसको प्रारम्भ महालक्ष्मी नगरपालिकाको कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुनेछ।

**३ परिभाषाः**

बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस रणनीतिमा :

क) "रणनीति" भन्नाले लैगिक समानता तथा समाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति २०८१ सम्झनु पर्दछ।

ख) "स्थानीय तह" भन्नाले गाँउपालिका, नगरपालिका र जिल्ला समन्वय समिति सम्झनु पर्छ।

ग) "नगरपालिका" भन्नाले महालक्ष्मी नगरपालिका सम्झनु पर्छ।

घ) "कार्यक्रम" भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको आयोजनाहरुको संयोजित रुप सम्झनु पर्छ।

ङ) "योजना" भन्नाले समग्र विकास निमार्ण सम्वन्धी कार्यको लागि तयार गरिएको महालक्ष्मी नगरपालिकाको आवधिक विकास योजना, वार्षिक विकास योजना, एकिकृत शहरी विकास योजना, जिल्ला सडक गुरुयोजना र विषयगत गुरुयोजना, रणनीतिक योजना आदि सम्झनु पर्छ।

च) "सामाजिक समावेशीकरण" भन्नाले अवसर तथा स्रोत साधन उपभोग गर्नबाट वञ्चित भई जोखिममा परेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा साँस्कृतिक जीवनयापन गर्नबाट बञ्चित भई गरिवी तथा सामाजिक रुपमा वञ्चितिकरणमा परेका समूहहरुलाई विकास निर्माण र कार्यसम्पादनका प्रकृयामा सहभाग गराई उपलब्ध अवसर, श्रोत, साधन तथा आधारभूत अधिकार उपयोग गर्ने कुराको सुनिश्चिततालाई सम्झनु पर्छ।

छ) "सामाजिक समावेशी सम्पर्क ब्यक्ति" भन्नाले कुनै कार्यालय वा निकायमा समावेशी विषय हेर्ने गरी सम्पर्क व्यक्तिको रुपमा तोकिएको कर्मचारीलाई सम्झनु पर्छ।

ज) "सामाजिक समावेशी बजेट" भन्नाले विभिन्न जातजाती, क्षेत्र, वर्ग र समुदाय, अपांगता भएका ब्यक्ति, बालबालिका तथा जेष्ठ नागरिकहरुको आवश्यकतालाई सहभागितामुलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरु प्रति उत्तरदायि बनाउने उद्देश्यले तर्जुमा गरिने बजेट तथा कार्यक्रमलाई जनाउँछ। सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर सामाजिक समावेशीकरण सम्वन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामुलक वितरण र उपभोग हुने गरी तर्जुमा गरिएको बजेट समेत सम्झनु पर्छ।

झ) "विकास साझेदार" भन्नाले नेपाल सरकारसंग भएको सम्झौता वमोजिम नगद, जिन्सी एवम् प्राविधिक सहयोग उपलब्ध गराउने द्विपक्षीय एवम् बहुपक्षीय दातृ निकाय, सयुक्त राष्ट्रसंघीय निकायहरु तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था सम्झनु पर्छ।

ञ) "टोल विकास संस्था" भन्नाले ऐनको दफा १२ (२) क बमोजिम सामाजिक परिचालन को अवधारणाबमोजिम गठन हुने समूह सम्झनु पर्छ।

ट) "उपभोक्ता समिति" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समूहले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफूहरु मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनु पर्छ।

ठ) "सामुदायिक संस्था" भन्नाले जनचेतनासम्वन्धी तालिम, अभिमुखिकरण, सिप विकास, बचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तिकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अवलम्वन गरी प्रचलित कानून बमोजिम स्थापना भएका संस्था तथा महालक्ष्मी नगरपालिकामा सूचीकृत भएका समुदायमा आधारित संस्था सम्झनु पर्छ।

ड) "गैरसरकारी संस्था" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएका महालक्ष्मी नगरपालिकाको सभाबाट आफ्नो कार्यक्रम स्वीकृत गराई महालक्ष्मी नगरपालिका सँग समन्वय राखि कार्य सञ्चालन गर्ने गैरनाफामूलक संस्था सम्झनु पर्छ।

ढ) "स्थानीयकरण" भन्नाले कुनै पनि विषय वा कार्यक्रमलाई कुनै स्थानीय ठाँउ विशेषको परिस्थिती वा अवस्था अनुसार ढाली त्यसको प्रभाबकारी एबं अधिकतम उपयोग गर्ने प्रक्रिया सम्झनु पर्छ।

ण) "बञ्चित समुह " भन्नाले परम्परागत रुपमा लामो समय देखि जातिय, आर्थिक,लैङ्गिक, अपाङ्गता, यौनिक तथा लैङ्गिक अल्पसंख्यक एवम् भौगोलिक कारणले गर्दा पछि परेका महिला, दलित, आदिवासी, जनजाती, मधेसी, मुस्लिम, अपाङ्ग, जेष्ठ नागरीक एवं दुर्गम क्षेत्रमा बसोवास गर्ने नागरिकहरुलाई सम्झनु पर्दछ।

त) "अल्पसंख्यक" भन्नाले संघीय कानून बमोजिम निर्धारित प्रतिशत भन्दा कम जनसंख्या रहेका जातीय, भाषिक र धार्मिक समूह सम्झनु पर्छ र सो शब्दले आफ्नै जातीय, धार्मिक र भाषिक विशिष्टता भएको, त्यसलाई

बचाई राख्ने आकांक्षा रहेका, विभेद र उत्पीडन भोगेका समूह समेतलाई जनाउँछ।

थ) "सीमान्तीकृत" भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्छ र सो शब्दले अति सीमान्तकृत र लोपोन्मुख समुदाय समेतलाई जनाउँछ।

द) "लैङ्गिक समता" भन्नाले अवसर र न्यायबाट बन्चित महिला वा पुरुषलाई थप अवसर दिएर समतामूलक स्थितिको निर्माण गर्न गरिने बिशेष प्रयासलाई सम्झनु पर्छ।

ध) "लैङ्गिक समानता" भन्नाले महिला र पुरुषबीच सबै क्षेत्र र तहमा समान अवसर र समान लाभ हासिल गर्ने अवस्थालाई सम्झनु पर्छ।

न) "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण" भन्नाले महिला तथा पुरुष र विभिन्न सामाजिक समूहहरु बीचको असमान शक्ति सम्वन्धहरुलाई पुनः सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरुका लागि समान अधिकार, अवसर एवं सम्मान सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्नुपर्ने विषयलाई सम्झनु पर्छ।

प) "सामाजिक समावेशीकरण" भन्नाले अवसर तथा श्रोत साधन उपभोग गर्नबाट वञ्चित भई जोखिममा परेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा साँस्कृतिक जीवनयापन गर्नवाट वञ्चित भई गरिबी तथा सामाजिक रुपमा वञ्चितीकरणमा परेका समूहहरुलाई निर्णय प्रकृयामा सहभागी गराई उपलब्ध अवसर, श्रोत, साधन, सेवा तथा आधारभूत अधिकार उपभोग गर्ने कुराको सुनिश्चिततालाई सम्झनु पर्छ।

फ) "लक्षित समूह" भन्नाले आर्थिक रूपमा विपन्न वर्गका महिला एवम् बालबालिका तथा आर्थिक र सामाजिक रूपमा पिछडिएका वर्गहरू (सबै जातजातिका विपन्न वर्गहरू, ज्येष्ठ नागरिक, दलित, आदिवासी

जनजाति, अपाङ्गता भएका व्यक्तिहरू, मधेसी, मुश्लिम तथा पिछडावर्ग एवं नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवं समुदाय सम्झनु पर्छ।

ब) "लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट" भन्नाले स्थानीय तहको योजना तर्जुमा गर्दा समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला, पुरुष, लैङ्गिक यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा जेष्ठ नागरिकहरूको आवश्यकतालाई सहभागितामूलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरू प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने कार्यक्रम र बजेटलाई जनाउँछ। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लक्ष्यलाई केन्द्रमा राखेर उद्देश्यमूलक, योजनावद्ध, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलव्धिको समतामूलक वितरण र उपभोग हुने गरी गरिने बजेट तर्जुमा प्रक्रियालाई सम्झनु पर्छ।

भ) "लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण" भन्नाले समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला र पुरुषबीचको भूमिका, सम्बन्ध, स्थान, स्तर, अवसर आदिको विश्लेषणबाट लैङ्गिक समानता तथा समावेशी विकास गर्न तय गरिएको बजेट र कार्यक्रम मार्फत तोकिएको उद्देश्य हासिल भए नभएको लेखाजोखा र परीक्षण गरी सुधारका उपाय पहिल्याउने औजारलाई सम्झनु पर्छ।

म) "लैङ्गिक मूलप्रवाहीकरण" भन्नाले कुनै पनि योजनाबद्ध कार्य, नीति नियम, कार्यक्रम कार्यान्वयनको हरेक क्षेत्र तथा तह र तप्कामा महिला तथा वञ्चितिमा परेका वर्गहरुलाई समाहित गर्ने प्रक्रियालाई सम्झनु पर्छ।

य) "लैङ्गिक उत्तरदायी बजेट" भन्नाले लैङ्गिक समानताको लागि बजेटको सुनिश्चितता, बजेटका सबै प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरण र उपलब्धिको समतामूलक वितरणका साथै उपभोगको लागि लैङ्गिक विश्लेषण सहित योजनाबद्ध रूपमा उद्देश्यमूलक कार्यक्रमहरू तर्जुमा र

प्राथमिकीकरण गर्दै कार्यक्रम छनौट गरी लगानी गर्ने पद्धतिलाई जनाउंदछ।

र) "सामाजिक वञ्चितीकरणमा परेका समूहहरू" भन्नाले महिला, बालबालिका, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू तथा भौगोलिक रूपले दुर्गम क्षेत्रमा बसेका नागरिकलाई बुझाउंदछ।

ल) "लैङ्गिक प्रभाव विष्लेषण " भन्नाले नीति तथा अभ्यासहरुको परीक्षण गरेर कुनै पनि योजना कार्यक्रम तथा आयोजनावाट महिला एवम् पुरुष कत्तिको लाभान्बित भएका छन् भन्ने अवस्थाको विश्लेषण गर्ने कार्यलाई सम्झनु पर्दछ।

व) "सशक्तिकरण " भन्नाले विकासका अवसरहरुवाट बञ्चित, श्रोत र साधनमा पहूँच तथा नियन्त्रणमा पछाडी परेका, अशक्त वा कमजोर वर्गलाई सवल बनाउने कार्यलाई सम्झनु पर्दछ।

श) "खण्डीकृत तथ्याङ्क " भन्नाले महिला तथा पुरुष, जातीय अल्पसंख्यक समुह, अपाङ्गता भएका एवं एच.आई. भि.संक्रमित, ब्यक्ति तथा अन्य सीमान्तीकरणमा परेका समुहहरुको तहगत तथ्याङ्कलाई सम्झनु पर्दछ।

ष) CEDAW : (Convention on the Elimination of All Forms of Discrimination Against Women) भन्नाले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि सन् १९७९ लाई जनाउछ।

स) CRC भन्नाले बाल अधिकार महासन्धी (Child Rights Convention) सन् १९८९ लाई जनाउँछ।

ह) BPFA भन्नाले बेइजिङ कार्ययोजना (Beijing Platform of Action) सन् १९९५ लाई जनाउँछ।

**४. महालक्ष्मी नगरपालिका को संक्षिप्त परिचयः**

महालक्ष्मी नगरपालिका संघीय नेपालको बागमती प्रदेश अन्तर्गत काठमाडौं उपत्यकाको प्रसिद्ध तीन जिल्लाहरुमध्ये ललितपुर जिल्लाको उत्तर पूर्व तर्फ

महालक्ष्मी नगरपालिका अवस्थित छ। साविकका ५ गाविसहरु - ईमाडोल, टिकाथली, सिद्धिपुर, लुभु र लामाटार समेटेर मिति २०७१ मंसिर १६ बाट यो नगरपालिका गठन भएको हो । ऐतिहासिक रुपमा हेर्दा पुरानो लुभु र सिद्धिपुर जस्ता साना शहरहरु नेवार संस्कृतिको नमुनाको रुपमा रहेका छन्। त्यसैगरी ईमाडोलमा रहेको अशोक स्तुपा, लुभुमा रहेको महालक्ष्मीको मन्दिर यस नगरका सम्पदा हुन् ।

करिब २६.५ वर्ग कि.मी. मा पूर्व-पश्चिम लाम्चो आकारमा फैलिएको यो नगरपालिका पूर्वमा काभ्रेपलाञ्चोक जिल्लाको पनौती नगरपालिका, दक्षिण र पश्चिममा ललितपुर महानगरपालिका र गोदावरी नगरपालिकासँगको सिमाना कर्मनाशा खोलाले छुट्याएको, उत्तरमा भक्तपुर जिल्लाको मध्यपुर ठिमी नगरपालिका र सूर्यविनायक नगरपालिकासँग जोडिएको छ । काठमाडौं उपत्यका प्रवेश गर्ने वैकल्पिक मार्गको रूपमा विकास हुँदै गरेको ग्वार्को-लुभु-लामाटार-मानेदोभान-पनौती हुँदै वि.पि. लोकमार्गको नेपालथोक जोड्ने सडक यस नगरपालिकाको करिब मध्य भाग भएर गएको कारणले पनि यस नगरपालिकाको विकासको अधिक सम्भावना रहेको छ ।

यो नगरपालिका समुन्द्र सतहबाट १५७४ मीटर उचाईमा रहेको छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार महालक्ष्मी नगरपालिकाको कूल घरपरिवार ३२१०६ रहेको छ । कूल जनसंख्या मध्ये महिला ६०७१७ (४९.३ प्रतिशत) र पुरुष ६२३९९(५०.७ प्रतिशत) जना रहेको पाइन्छ। औषत घरपरिवारको आकार ३.८९ छ र लैङ्गिक अनुपात १०२.७७ छ। यस पालिकाको जनघनत्व ४६४४ प्रति बर्ग किलोमीटर रहेको छ, भने बार्षिक जनसंख्या वृद्धिदर ६.५६ प्रतिसत रहेको छ।

यस पालिकामा मिश्रित जातिको बसोबास रहेकोमा मुख्यतया नेवार, क्षेत्री, तामाङ्ग, मगर, राई, बिश्वकर्मा, थारु, यादब, याक्थुम्बा, बाहुन लगायतका ८२ जातिहरु रहेका छन ।

महालक्ष्मी नगरपालिकाको सामाजिक जनजीवन, अशिक्षा, चेतनास्तरको कमी, भौगोलिक बिकटता जस्ता विभिन्न बाधा अवरोध नभई शहरी गरिबीहुनु , अत्यधिक मात्रामा बाहिरबाट आई बसाई सर्ने संख्यामा वृद्धि हुनु, खेतीयोग्य जमिन मासिदै घर निर्माण गरिनु, लक्षित समूहका बालबालिकाहरुले परिवार भन्दा बाहिर रहेर साना साना होटेल मजदुरी गर्नु, परम्परागत हाते सिप मासिदै जानु र परनिर्भरता बढ्नु, परिवार खण्डित हुँदै विदेशिनेको संख्या बढ्नु, जेष्ठ नागरिकहरु आफ्नो कष्टकर जीवन जिउन बाध्य भई पारिवारिक संरक्षणको अवसरबाट बञ्चित भएका छन्। त्यसैगरी बालश्रम, बाल विवाहका छिटफुट घटना घट्ने गर्छन। गरिबीका कारण उच्च शिक्षा हासिल गर्न नपाउनु, पारिवारिक बिखण्डन, घरेलु हिंसा, लैङ्गिक विभेद, दुरव्यवहार, कार्यबोझ, र श्रम शोषणले समेत केहि मात्रामा असर परेको देखिन्छ।

## ५. दीर्घकालिन सोच :

क) लैङ्गिक, जातीय र क्षेत्रीय भेदभावमुक्त लैङ्गिकमैत्री, समावेशी, समतामूलक, समृद्ध र न्यायपूर्ण समाजको महालक्ष्मी नगरपालिका निर्माण गर्ने।

ख) लैङ्गिक समानता तथा समाजिक समावेशीकरण (लैससास) सम्वन्धि महालक्ष्मी नगरपालिकामा विद्यमान मुल्य, मान्यता, संस्कार र ब्यवहारमा परिवर्तन ल्याउने।

## ६. लैससास रणनीतिको औचित्यताः

संबिधानद्वारा प्रदान गरिएको समानताको हक कार्यान्वयनका लागि समुदाय तहमा रहेका बिभेदकारी मुल्यमान्यताहरु, कुरीति र परम्परागत सामाजिक हानिकारक अभ्यास परिवर्तन गर्नु जरुरी छ। लैससास रणनीतिले महालक्ष्मी नगरपालिकाको हरेक नीति, कानुन, योजना तथा बजेट र कार्यक्रमलाई लैससास उत्तरदायी बनाउन मार्गनिर्देश गर्ने हुँदा ब्यक्ति, परिवार र समाजको सोच र ब्यबहारमा सकारात्मक परिवर्तन ल्याई लक्षित वर्ग समूहलाई बिकासको मूलप्रबाहमा समाबेश गर्न सकिन्छ भन्ने मान्यता राख्दछ। नेपालको संविधानमा व्यवस्था भए अनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले महालक्ष्मी नगरपालिकालाई कानुनी

अधिकार क्षेत्र तथा जिम्मेवारी निर्दिष्ट राष्ट्रिय नीति तथा कानुनहरु र अन्तर्राष्ट्रिय प्रतिवद्धताहरु स्थानीयकरण गरि लागुगर्न, गराउन आबश्यकता महशुस गरी महालक्ष्मी नगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशी करण रणनीति निर्माण गरेको छ। लैससास रणनैतिक जारी गर्नुको औचित्यता सम्बन्धमा निम्न बुँदाहरुले स्पष्ट पारेको छः

क) लैससास सम्बन्धी प्राबधानहरुलाई स्थानीयकरण गरी बिकासको मूलप्रबाहमा लक्षित समूहको अर्थपुर्ण सहभागिता सुनिश्चित गर्न मार्गनिर्देश गर्दछ।

ख) खण्डिकृत तथ्यांक सहित लक्षित समूहको आवश्यकता र मागका आधारमा योजना प्राथमिकिकरण, योजना तर्जुमा तथा कार्यान्वयन गर्न सहयोग गर्दछ।

ग) दिगो विकास लक्ष्य प्राप्तिका लागि समाजमा रहेको कुरीति, कुप्रथा र सबै प्रकारका बिभेद हटाई समान पहँचु र अवसर प्रदान गरी न्यायपूर्ण समाजको स्थापना गर्न सहयोग गर्दछ।

घ) नेपाल सरकारले अनुमोदन गरेका अन्तर्राष्ट्रिय प्राबधानहरुलाई स्थानीयस्तर देखि नै पुर्ण रुपमा अवलम्बन गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमैत्री शासन पद्धति अवलम्वन गर्न आधार तय गर्दछ।

ङ) लैससासको अबधारणगत बुझाइमा एकरुपता कायम गर्दै समन्वय र साझेदारी अवधारणा बिकास गरि लैङ्गिक उत्तरदायि योजना निर्माण तथा कार्यान्वयन र लैससासमैत्री व्यवहारको अवलम्वन गर्न अभिप्रेरीत गर्दछ।

च) यस रणनीतिले सबै सार्वजनिक, निजी तथा सामाजिक संघसंस्थाहरु बिच नियमित समन्वय र सहकार्यको माध्ययमबाट लैङ्गिक संवेदनशील व्यवहारको विकास गरी लैङ्गिकमैत्री नीति, कानुन, योजना निर्माण एवं कार्यक्रम कार्यान्वयनमा निर्देशन तथा प्रोत्साहन गर्दछ।

## ७. उद्देश्य :

यस रणनीतिको मुख्य उद्देश्य लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) अवधारणा अनुसार यसको प्रयोगलाई सरलीकृत रुपमा मूलप्रवाहीकरण गरि महालक्ष्मी नगरपालिकाले गर्ने सम्पूर्ण विकास योजना तथा कार्यक्रमलाई लैससास उत्तरदायी र दिगो बनाउन आर्थिक श्रोतको सुनिश्चतता, उपलब्धिको

समतामूलक वितरण र उपयोगी बनाउने रहेको छ। यसका बिस्तारित उद्देश्यहरु यस प्रकार छनः

७.१ लैङ्गिक उत्तरदायी तथा समावेशी बजेट परीक्षण र लैङ्गिक उत्तरदायी बजेट मार्फत महालक्ष्मी नगरपालिकाको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला र सीमान्तकृत समुहहरुलाई समावेशी गरि लैङ्गिक समानता र सबै जात, जातीको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक अन्तरहरुको प्रभावलाई सम्बोधन गर्दै लैङ्गिक मूलप्रबाहिकरण र सशक्तिकरण गर्दै लैजाने।

७.२ महालक्ष्मी नगरपालिका एवम् अन्य सेवा प्रदायक सरोकारवाला संस्थाहरु सहित महिला र सीमान्तकृत समुहहरुलाई समावेश गरि उनीहरुको योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिबृद्धि गरी महालक्ष्मी नगरपालिकाको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने।

७.३ लैससास सम्बन्धी नीति निर्माण तथा प्रभावकारी कार्यान्वयन गर्न केन्द्र, प्रदेश, बिभिन्न प्रतिष्ठान, आयोग, समिति, दातृ निकाय र गैरसरकारी निकाय आदि सँग समन्वय, सहकार्य र सहजीकरण गर्ने।

७.४ महालक्ष्मी नगरपालिकाको सवै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने।

## ८. नीति

८.१ महालक्ष्मी नगरपालिकाले संचालन गर्ने सम्पुर्ण योजना तथा कार्यक्रमलाई लैससास दृष्टिकोणवाट संस्थागत गरी त्यसमा महिला र सीमान्तकृत समुहको अर्थपूर्ण सहभागितामा कार्यान्वयन गरि मूलप्रबाहिकरण र शसक्तिकरण गर्दै लगिने नीति लिनेछ। (उद्देश्य ७.१ संग सम्बन्धित)।

८.२ लैङ्गिक उत्तरदायी बजेटलाई तथा लैङ्गिक समानता तथा समावेशीकरण परीक्षणलाई स्थानीयकरण गरी लक्षित समुदायको वित्तिय श्रोतमा पँहुच अभिबृद्धि गरिनेछ। (उद्देश्य ७.१ संग सम्बन्धित)।

८.३ महालक्ष्मी नगरपालिका, सेवा प्रदायक सरोकारवाला संस्थाहरु, महिला र सीमान्तकृत समुहहरुलाई समावेश गरि उनीहरुकोयोजनाबद्धरुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिबृद्धि गरी महालक्ष्मी नगरपालिकाको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने।(उद्देश्य ७.२ संग सम्बन्धित)।

८.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि आन्तरिक र बाह्य सवैसरोकारवालहरुसँग नियमित र प्रभावकारी समन्वय, सहकार्य र सहजीकरण गर्ने।(उद्देश्य ७.३ संग सम्बन्धित)।

८.५ सबै प्रकारका अनुगमन तथा मूल्यांकन प्रणालीमा लैससास उत्तरदायी दृष्टिकोण अपनाईने छ। (उद्देश्य ७.४ संग सम्बन्धित)।

८.६ महालक्ष्मी नगरपालिकाकाले सञ्चालन गर्ने सम्पुर्ण योजना तथा कार्यक्रमलाई लैससास दृष्टिकोणबाट संस्थागत गरी त्यसमा महिला र सीमान्तकृत समुहको अर्थपूर्ण सहभागितामा कार्यान्वयन गरि मूलप्रबाहिकरण र शसक्तिकरण गर्दै लगिने नीति लिनेछ । (उद्देश्य ७.१ सँग सम्बन्धित) ।

८.७ लैङ्गिक उत्तरदायी बजेट तथा लैङ्गिक समानता तथा समावेशीकरण परीक्षणलाई स्थानीयकरण गरी लक्षित समुदायको वित्तिय श्रोतमा पँहुच अभिवृद्धि गरिनेछ । (उद्देश्य ७.१ सँग सम्बन्धित) ।

८.८ महालक्ष्मी नगरपालिका,सेवा प्रदायक सरोकारवाला संस्थाहरु, महिला र सीमान्तकृत समूहहरुलाई समावेश गरि उनीहरुको योजनावद्धरुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिवृद्धि गरी महालक्ष्मी नगरपालिकाको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गरिनेछ । (उद्देश्य ७.२ संग सम्बन्धित) ।

८.९ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि आन्तरिक र बाह्य

सवैसरोकारवालाहरुसँग नियमित र प्रभावकारी समन्वय सहकार्य र सहजीकरण गरिनेछ । (उद्देश्य ७.३ सँग सम्बन्धित ) ।

८.१० सबै प्रकारका अनुगमन तथा मूल्यांकन प्रणालिमा लैससास उत्तरदायी दृष्टिकोण अपनाईने छ।(उद्देश्य ७.४ सँग सम्बन्धित) ।

८.११ महिला,दलित,जनजाती,अपाङ्ग,अल्पसंख्यक तथा यौनकर्मी लगायतका अन्य सीमान्तकृत वर्गलाई लाभ पुग्ने गरी लक्षित कार्यक्रमहरु सबै निकायबाट तर्जुमा र रेखदेख गर्ने वातावरण तयार गरिनेछ।

८.११ महिला, दलित, जनजाती, सीमान्तकृत, अपाङ्ग, अल्पसंख्यक तथा यौनकर्मी लगायतका अन्य सीमान्तकृत लक्षित वर्गको अधिकारमा आधारित सशक्तिकरणको कार्यक्रम तर्जुमा सँगै त्यसको कार्यान्वयन र लाभ वितरणको उचित व्यवस्था मिलाइने छ।

८.१३ पेशा व्यवसायको आधारमा विभेद नगरिने तथा महिलाहरुको हक अधिकार लगायत यौनकर्मी महिलाहरुको हक अधिकार समेत सुनिश्चित गर्दा विभिन्न क्षेत्र तथा पेशा व्यवसायका आधारमा हुने शोषण,भेदभाव अन्त्य गर्दै संविधान तथा कानून प्रदत्त अधिकारको संरक्षण र प्रवर्द्धन गरिने छ ।

८.१३ महिला, दलित, जनजाति भित्रका अन्तरवर्गीय समूहका महिला(अपाङ्गता भएका,दलित,एकल,यौनकर्मी,यौनकर्मी दलित) विरुद्ध हुने शोषण भेदभाव अन्त्य गर्ने र राज्यले उपलब्ध गराउने सुविधामा समान पहुँच सुनिश्चित गरिने छ ।

८.१५ विभिन्न पेशामा कार्यरत समूह मध्ये सवैभन्दा उच्च जोखिममा रहेको पेशा (यौन कार्य) मा संलग्नहरुको अधिकार सुनिश्चित गर्न उपयुक्त वातावरण निर्माण गरिने छ ।

## ९. रणनीति

### ९.१ मूलप्रवाहिकरणः

क) महालक्ष्मी नगरपालिकामा महिला, बालबालिका तथा गरीब र बहिस्करणमा परेका समुदायले भोगेका समस्या र सवालहरुको पहिचान तथा लेखाजोखा गरि नीतिगत ब्यवस्थाहरु, संस्थागत प्रणाली तथा संरचनाहरू, कार्य वातावरण र संस्कृति, योजना, बजेट, पँहुचयुक्त अवसर, सेवामुलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान आदि कार्य मार्फत बहिस्करणमा परेका समुदायहरुको सवाल र समस्या पहिचान गरि, उनीहरुलाई समान अवसर दिई सवाल र समस्याको सम्बोधन गरि उनीहरुको समग्र स्थानीय विकासको प्रक्रियामा मुलप्रबाहिकरण गरिनेछ।

ख) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण र लैङ्गिक उत्तरदायी बजेट मार्फत स्थानीय सरकारको संरचना र कार्यक्रमहरुमा महिला र सीमान्तकृत समुहहरुमा समावेश गरि लैगिक समानता र सबै जातजातीको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक मूलप्रबाहिकरण गर्दै लगिनेछ।

### ९.२ सशक्तिकरणः

विकासका अवसरबाट बन्चित, श्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडी परेका वा पारिएका असक्त, गरीब, महिला, आदिबासी जनजाती, मधेशी, दलित, मुस्लिम, पिछडाबर्ग, अल्पसंख्यक आदिको महालक्ष्मी नगरपालिकाको समग्र शासन प्रणालीमा अर्थपूर्ण सहभागिता गराई, सबल बनाई उनीहरुको सशक्तिकरण गर्दै लगिनेछ।

### ९.३ क्षमता बिकासः

क) महालक्ष्मी नगरपालिका क्षेत्रभित्रका सेवा प्रदायक सरोकारवाला संस्थाहरुलाई लैससास प्रति उत्तरदायी र जवाफदेही बनाउन योजनाबद्ध रुपमा क्षमता अभिबृद्धि गर्ने।

ख) स्थानीय नागरिक विशेष गरी लक्षित समुहको योजनाबद्ध रुपमा व्यक्तिगत र सामुहिक क्षमता अभिबृद्धि गरी महालक्ष्मी नगरपालिकाको

विकास प्रक्रियामा निर्णायक तथा अर्थपुर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक बिकास गर्ने।

**९.४ समन्वय, सहकार्य र सहजीकरणः**

क) लैससास सम्बन्धी नीति तथा योजना निर्माण र सोको प्रभावकारी कार्यान्वयन गर्न केन्द्र, प्रदेश, विभिन्न प्रतिष्ठान, आयोग, समिति आदिसँग समन्वय, सहकार्य र सहजीकरण गर्ने।

ख) लैससास सम्बन्धी विभिन्न कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न विभिन्न सरकारी, दातृ निकाय एवं गैरसरकारी निकायहरुसंग साझेदारी तथा समन्वय गर्ने।

**९.५ अनुगमन तथा मूल्यांकनः**

महालक्ष्मी नगरपालिकाको सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने। पालिकाको लैङ्गिक तथा सामाजिक समावेशी नीतिले निर्दिष्ट गरेका नीति, रणनीति तथा कार्यनीतिहरुको कार्यान्वयन भए नभएको सम्बन्धमा नियमित अनुगमन गरि आवश्यक सुधार गर्नका लागि अनुगमन संयन्त्रको गठन गरि परिचालन गरिनेछ। लैङ्गिक उत्तरदायी कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयनका बिषयमा वार्षिक लेखाजोखा गर्न नियमित अनुगमन गरी तोकीएको ढाँचामा वार्षिक प्रतिबेदन तयार गरी सोही आधारमा आगामी योजनामा सुधारका लागि सुझाव प्रस्तुत गरिनेछ।

**१०. कार्यनीति**

**१०.१ कार्यनीति (रणनीति ९.१ सँग सम्बन्धित)**

क) योजना र कार्यक्रम चक्रमा लैससासको एकिकृत गरि लैससासमैत्री योजना र कार्यक्रम निर्माण गर्नेछ।

ख) बढी भन्दा बढी जनसहभागीता सुनिश्चत गर्न संस्थागत सयन्त्र, प्रतिनिधित्व प्रणाली र कार्य क्षेत्रगत सर्त निर्धारण गर्नेछ।

ग) सेवा प्रवाह संयन्त्र र प्रक्रिया लैससासमैत्री हुनेगरी सुधार एवम् विकास गर्नेछ।

घ) लैङ्गिक उत्तरदायी बजेट तर्जुमा तथा लैङ्गिक लेखाजोखा बिधीलाई लैङ्गिक पुर्णरुपमा कार्यान्वयनमा ल्याईने छ।

ङ) महालक्ष्मी नगरपालिकाको समग्र बिकास योजना तर्जुमा प्रक्रियामा महिला, बालबालिका, दलित तथा वञ्चितीकरणमा परेका र पारिएकाहरूकालागि विद्यमान प्रावधानहरू र महालक्ष्मी नगरपालिकाको जिम्मेवारीका सम्बन्धमा सु-सूचित गराउन चेतनामूलक योजना र कार्यक्रमहरू सघन एंव निरन्तर सञ्चालन गर्ने।

च) लैससास आचरण र व्यबहार एक आदर्श, नैतिक विषय समेत भएकाले सेवाप्रदायक निकायमा संलग्न जनशक्तिको सार्वजनिक र निजी कार्यशैली तद्अनूकुल बनाउन मार्गदर्शन आचारसंहिता निर्माण गरी लागू गराउन उत्प्रेरित गर्ने।

छ) लैङ्गिक उत्तरदायी बजेट मार्फत नतिजामुखी मध्यकालिन खर्च संरचना तथा आवधिक र वार्षिक योजना तर्जुमा गरी सोको कार्यान्वयन गर्ने।

ज) लैङ्गिक उत्तरदायी बजेट तर्जुमाका लागि सूचकहरु निर्धारण गरी यसको प्रयोगलाई योजना तथा बजेट तर्जुमा,मापन र परीक्षण प्रक्रियामा एकरुपता र सरलीकरण गरी लैंङ्गिक उत्तरदायी बजेट सुनिश्चित गर्ने।

झ) लैङ्गिक उत्तरदायी बजेटलाई महालक्ष्मी नगरपालिकाले आन्तरिकिकरण गरी यसको प्रभावकारी कार्यान्वयनका लागि क्षमता विकास गरिनेछ।

ञ) महालक्ष्मी नगरपालिकाको लैससास सम्बन्धी समन्वय र कार्यान्वयन समितिले आवधिक, वार्षिक योजनामा लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयन भए नभएको सुनिश्चित गर्ने।

ट) लैङ्गिक उत्तरदायी वजेट तर्जुमा गर्न आवश्यक तथ्याँक र सूचनालाई व्यवस्थित र अद्यावधिक गर्ने प्रणाली स्थापित गर्ने।

ठ) सेवाप्रदायक निकायका सरोकारवालाहरुलाई लैङ्गिक उत्तरदायी बजेट विधि कार्यान्वयन सम्बन्धि सीप विकास गर्ने।

ड) महालक्ष्मी नगरपालिकाका सेवाप्रदायक र सेवाग्राही दुबै पक्षका सरकोरवालालई लैङ्गिक उत्तरदायी बजेट सम्बन्धि सूचना तथा

जानकारी नियमित रुपमा प्रदान गर्ने प्रबन्ध गरिने छ। यसका लागि आम सञ्चार माध्यमको प्रयोग गर्ने।

ढ) महालक्ष्मी नगरपालिकाका प्रतिबेदनहरुमा लैङ्गिक उत्तरदायी बजेट मापन तथा लैससास परीक्षणका प्रतिबेदनहरु समाबेश गर्ने व्यबस्थालाई संस्थागत गरिने छ र यसमा भएको उपलव्धीको विश्लेषण गरी देखिएका समस्या र अन्तरहरुलाई सम्बोधन गर्ने गरी सीप तथा क्षमता विकास गरी सुधार गर्ने।

**१०.२ कार्यनीति (रणनीति ९.२ संग सम्बन्धित)**

क) खण्डीकृत तथ्यांक र तथ्यांकगत सूचनाको आधारमा सामाजिक तथा आर्थिक स्थितिको विश्लेषण गरि गरिब तथा बन्चितिकरणमा परेका समूहको पहिचान गर्ने।

ख) महालक्ष्मी नगरपालिका सँग सम्बन्धित बिभिन्न ऐन, नियम, कानून, नीति, नियमहरुको लैससास दृष्टिकोणबाट पुनरावलोकन तथा निर्माण गर्ने।

ग) विपन्न बर्गहरुसँगको निरन्तर अभिमुखीकरण एवम् अन्तरक्रियाबाट सार्वजनिक वस्तु तथा सेवा सुविधा तथा वित्तिय स्रोतमा पहुँच अभिबृद्धि गर्ने योजना र कार्यक्रम निर्माण गरि कार्यान्वयन गर्ने।

घ) विविधताको सम्मान गर्ने।

**१०.२.१ संस्थागत ब्यबस्थाः लैससास रणनीति कार्यान्वयन गर्न विशेषतः** निम्नानुसारका समिति र शाखा, संस्थागत संयन्त्रहरु स्थापना र ब्यबस्थापन गरी कार्य प्रक्रिया अगाडी बढाइनेछ। समितिमा निर्देशक समिति नगर प्रमुखको संयोजकत्वमा, कार्यान्वयन समिति सामाजिक बिकास संयोजकको संयोजकत्वमा र मुल्यांकन र अनुगमन नगरपालिका उपप्रमुखको संयोजकत्वमा गठन गरिने छ ।

**१०.२.१.१ सामाजिक विकास शाखा र यसको काम तथा कर्तब्यः**

यस शाखाले लैङ्गिक समानता तथा सामाजिक सुरक्षा, बालवालिका किशोर किशोरी तथा युवा, अपाङ्गता तथा जेष्ठ नागरिक, गैसस परिचालन, समन्वय तथा नियमन र सामाजिक सुरक्षा कार्यक्रम जेष्ठ नागरिक सम्बन्धी कार्य लक्षित समूह केन्द्रिय कार्यका साथै यस महाशाखा वा शाखाले निम्न थप कार्यहरु गर्न सक्नेछ।

क) महालक्ष्मी नगरपालिकामा बसोबास गर्ने महिला, बालवालिका तथा वञ्चितिमा परेका समुदायको खण्डिकृत तथ्याङ्क संकलन एवम्  बिश्लेषण गर्ने।

ख) महालक्ष्मी नगरपालिकामा बसोबास गर्ने महिला र अन्य सीमान्तकृत समुहको हक सम्बन्धि नीति, योजना कार्यन्वयन, समन्वय र नियमन गर्ने ।

ग) लैससासको प्रवर्धन र विकासका लागि योजना तथा कार्यक्रम बनाई लागु गर्ने।

घ) सहभागितात्मक योजना तर्जुमा र कार्यन्वयनमा लक्षित (महिला तथा बञ्चितिमा परेका वर्ग) समुहको पनि सहभागिता गराई लैङ्गिक उत्तरदायी बजेट विधि मार्फत नतिजामुखी योजना तर्जुमा गर्ने।

ङ) महिला र अन्य सीमान्तकृत समुहको आर्थिक, सामाजिक सशक्तिकरण र क्षमता विकास गर्ने।

च) लैङ्गिक हिंसा नियन्त्रणका लागी निरोधात्मक, प्रबर्द्धनात्मक, संरक्षणात्मक उपाय र  पुनर्स्थापना गर्ने।

छ) लैङ्गिक पक्ष सम्बन्धि व्यक्तिगत जिम्मेवारीमा सहयोग, समन्वय र सहजीकरण गर्ने।

झ) लैङ्गिक पक्ष सम्वन्धि गुनासो ब्यबस्थापन संयन्त्र निर्माण गरि कार्यान्वयन गर्ने।

ञ) कार्यक्रमको अनुगमन र मूल्यांकन महालक्ष्मी नगरपालिकाको कार्यक्रम एवं संस्थागत रुपमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण नियमित रुपमा गर्ने।

ट) सञ्चार माध्यमबाट लैससास सम्वन्धी संदेशहरूको प्रचार प्रसार, प्रबर्द्धन र संरक्षण गर्ने।

ठ) महिला एवं वञ्चितिमा परेको वर्गहरुको क्षमता अभिवृद्धि, आय आर्जन र रोजगारी वृद्धि गर्ने।

ड) कार्यस्थलको संस्कारमा सुधारको पहल गर्ने।

ढ) लैससास सम्बन्धी असल अभ्यास र अनुकरणीय कामको प्रचार प्रसार गर्न उत्प्रेरित गर्ने गराउने।

ण) सबै योजना र कार्यक्रमको लैससास मैत्री अनुगमन, प्रतिवेदन र मूल्यांकन गर्ने गराउने।

त) संविधान तथा दीगो विकास लक्ष्यमा लैङ्गिक विषयवस्तुप्रति गरिएको प्रतिबद्धता र मध्यमकालीन खर्च संरचनामा समावेश गरिएका कार्यक्रमहरूलाई ध्यानमा राखेर योजना तर्जुमा गर्न योजना अधिकृतहरूलाई निर्देशन दिने।

थ) योजना अधिकृतहरूलाई विभिन्न सामाजिक पृष्ठभूमि भएका महिलाहरूको जीविकोपार्जन तथा आवाज सशक्तिकरण तथा संरचित विभेदलाई न्यून गर्ने खालका कार्यक्रम तथा आयोजनाहरूको विकास गर्न निर्देशन दिने।

द) निर्दिष्ट लिङ्ग, जातजाति, अवस्थिति र पहिचानमा आधारित विभेदजन्य मूल्यमान्यता तथा अभ्यासहरूमा लक्षित गर्ने, हेरचाह सम्बन्धी कार्यबोझको न्यूनीकरणका उपायहरूको पहिचान गर्ने, पुरुष तथा बालकहरूसँग र सुविधा सम्पन्न सामाजिक समूहसँग काम गर्ने।

ध) लैङ्गिक तथा जातीय सांस्कृतिक विविधता विशेष कार्यक्रमको प्रवर्द्धन गर्ने वा विशेष, संरक्षित र स्वायत्त क्षेत्रको विकासका लागि विशेष कार्यक्रमहरूका लागि अतिरिक्त बजेट उपलब्ध गराउने।

न) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण शाखा वा इकाईको स्थापना गरी परिचालन गरिनेछ।

प) लैससास शाखा चलायमानका लागि लैङ्गिक सम्पर्क ब्यक्ति (Gender Focal Person)नियुक्त गरी कार्यबिबरण तोकीनेछ।

फ) नगरपालिकामा कार्यरत महिला कर्मचारीहरु र पालिकामा सेवा लिन आउने महिला सेवाग्राहीहरुलाई सहजताका लागि लैङ्गिक मैत्री शौचालय र स्तनपान कक्षको ब्यबस्था गरिनेछ।

ब) नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई लैङ्गिक समानता तथा सामाजिक समावेशी अबधारणा र अभ्यासहरुका बिषयमा

अभिमूखिकरण मार्फत जानकारी गराई सेवा प्रबाह प्रक्रियालाई लैङ्गिक तथा सामाजिक समावेशी मैत्री बनाइनेछ।

भ) कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन २०७१ मा भएका कानुनी ब्यबस्था बारे जनप्रतिनिधी लगायत कर्मचारीहरुमा अभिमूखिकरण गराई लैङ्गिक मैत्री कार्य ब्यबहारका लागि प्रोत्साहीत गरिनेछ।

म) नगरपालिका क्षेत्र भित्रका लैङ्गिक बिभेद तथा लैङ्गिक हिंसाहरु र कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार सम्बोधनका लागि गुनासो सुनुवाइ संयन्त्र निर्माण गर्ने।

व) वडास्तरको सबै वस्तीहरुमा सबै बर्ग समुदायका मानिसहरुको सहभागिता गराई टोल समिति गठन गरि योजना तर्जुमा प्रक्रियामा र सामुदायिक बिकासका कार्यमा क्रियाशिल बनाउने ।

र) नगरपालिका क्षेत्र भित्र संचालन हुने बिकास निर्माणका कार्यहरुको प्रभावकारी कार्यान्वयनका लागि गठन गरिने उपभोक्ता समितिहरुमा ३३ प्रतिशत महिला सहभागिता साथै अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कुनै एक पदमा महिला प्रतिनिधित्व सुनिश्चित गर्ने।

ल) नगरपालिकाबाट उपलब्ध गराइने सेवा तथा स्रोतहरु र लाभ बितरणमा महिला, बालबालिका, जेष्ठ नागरीक, दलित, जनजाति, एकल महिला, अपांगता भएका ब्यक्तिहरु लगायत पछाडि परेका वा पारिएका समुदायहरुको पहुँच बृद्धिका लागि सञ्जाल गठन गरी उनीहरुको आर्थिक सामाजिक सशक्तिकरण मार्फत नगरपालिकाको सबै क्षेत्रको बिकास प्रक्रियामा सक्रिय सहभागिता सुनिश्चित गर्ने।

ह) नगरपालिकाको गरिबी नक्सांकनका साथै लैङ्गिक तथा सामाजिक समावेशी हिसावले खण्डिकृत तथ्यांक संकलन, बिश्लेषण र अद्यावधिक गर्नका लागि सुचना शाखाको प्रभावकारी ब्यबस्थापन मार्फत सुचना प्रणालीलाई व्यवस्थित र क्रियाशिल बनाउने।

**१०.२.१.२ बिभिन्न समितिहरुको गठनः**

लैङ्गिक समानता तथा सामाजिक समावेशी करण रणनीतिले निर्दिष्ट गरेका क्षेत्र तथा बिषयहरु प्रति संबेदनशिल भई महालक्ष्मी नगरपालिकाको नियमित शासन पद्धती तथा सेवा प्रबाह र कार्यप्रणालीलाई लैङ्गिक तथा समावेशी मैत्री बनाउन नगरपालिकाका नेतृत्व पंक्ति, जनप्रतिनिधीहरु र कार्यरत सबै कर्मचारीहरुलाई लैंङ्गिक समानता तथा सामाजिक समावेशी रणनीतिको कार्यान्वयन प्रक्रिया सम्बन्धी अभिमूखिकरण मार्फत अबधारणागत स्पष्टता गराई प्रभावकारी कार्यान्वयन गर्न निर्देशन गरिनेछ। महालक्ष्मी नगरपालिकामा क्रियाशिल सबै संयन्त्रहरु लगायत स्थानीय समुदाय, गैरसरकारी संघसंस्था, बिकास साझेदार र निजीक्षेत्र समेतलाई लैससास नीति सम्बन्धमा जानकारी गराई प्रभावकारी कार्यान्वयन गर्न अभिप्रेरित गरिनेछ। संविधान अनुसार स्थानीय सरकारले विभिन्न समितिहरु गठन गरि यस रणनीतिको प्रभावकारीताको लागि निर्देशक समिति, कार्यान्वयन समिति र अनुगमन समिति गठन गरि तल दिए अनुसार सबै तहमा कार्यक्षेत्र तथा जिम्मेवारी सहितको उत्तरदायित्व प्रदान गरिनेछ।

नगर प्रमुखको संयोजकत्वमा निर्देशक समितिको गठन गरिने छ

(क) महालक्ष्मी नगरपालिका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) मूलप्रवाहीकरण र रणनीति निर्देशक समितिः

महालक्ष्मी नगरपालिकामा निम्नानुसारका मूलप्रवाहिकरण रणनीति कार्यान्वयन समिति रहने छः

१. महालक्ष्मी नगरपालिकाको प्रमुख –संयोजक
२. महालक्ष्मी नगरपालिका नगर उप-प्रमुख - सदस्य
२. महालक्ष्मी नगरपालिकाको समाजिक बिकास समिति सदस्य –सदस्य
३. कार्यपालिकाको सदस्यहरु मध्येवाट २ जना महिला सहित ३ जना –सदस्य
४. महालक्ष्मी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत –सदस्य सचिब

(क-१) निर्देशक समितिको काम कर्त्यव्य र अधिकार

१. लैङ्गिक समानता तथा सामजिक समावेशीकरणको नीतिलाई प्रभावकारी रुपले चाडै प्रतिफल आउने बिशेष कार्यक्रम बनाउने र लागु गराउने ।

२. लैङ्गिक समानता तथा समाजिक समावेशीकरण कार्यक्रमहरुको लागि बजेट ब्यबस्थापन तथा विनियोजनको लागि पहल गर्ने ।

३. अन्तराष्ट्रिय राष्ट्रिय नीति तथा सम्बधनहरुको बेला बेला आफ्नो पालिकामा रहेका सबैलाई प्रशिक्षण कार्यक्रमको लागि पहल गर्न लगाउने ।

(ख) महालक्ष्मी नगरपालिका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) मूलप्रवाहीकरण र रणनीति कार्यन्वयन समितिः

- सामाजिक बिकास समितिको संयोजकत्वमा महालक्ष्मी नगरपालिकामा निम्नानुसारका मूलपरवाहिकरण रणनीति कार्यन्वयन समिति रहने छः

१. महालक्ष्मी नगरपालिकाको सामाजिक बिकास समिति संयोजक –संयोजक

२. कार्यपालिकाको सदस्यहरु मध्येवाट २ जना महिला (१ दलित) सहित ३ जना –सदस्य

३. नगरकार्यपालिकाद्धारा मनोनित लक्षित वर्गको क्षेत्रमा कार्य गर्ने व्यक्ति वा संस्था मध्येवाट बढीमा २ (एक जना महिला ;) –सदस्य

४. महालक्ष्मी नगरपालिकाको लैससास शाखा प्रमुख –सदस्य सचिव

(ख-१) महालक्ष्मी नगरपालिका लैससास मूलप्रवाहिकरण रणनीति समितिको काम, कर्तव्य र अधिकारः

१. नगरपालिका भित्रको महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता, आदिवासी जनजाति, मधेशी, मुस्लिम, लैङ्गिक यौनिक अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदायको खण्डीकृत तथ्याङ्क संकलन एवं विश्लेषण गर्ने।

२. लैङ्गिक,आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदायको समग्र स्थितिको अध्ययन गरी तत् सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नगरसभा समक्ष सिफारिस गर्ने।

३. संघ तथा प्रदेश सरकार बाट भएका रणनीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने गराउने।

४. लैङ्गिक, आर्थिक, भौगोलिक, समाजिक, तथा साँस्कृतिक दृष्टिले पिछडिएको समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका लागि स्थानीय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नगरसभा समक्ष सिफारिस गर्ने।

५. यस रणनीतिसँग सम्वन्धित कार्यक्रम तथा योजना कार्यन्वयनमा सहयोग गर्ने तथा आवश्यक सुझाव दिनेर कार्यक्रम कार्यान्वयनको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने।

६. नगरपालिकाको नियमितरुपमा लैङ्गिक तथा सामाजिक समावेशीकरण बजेट परीक्षण गर्ने।

७. लैससाससंग सम्बन्धित अन्तराष्ट्रिय सन्धी, संझौताहरुको समन्वय, सहकार्य, सहजीकरण र कार्यान्वयन गर्ने गराउने।

८. नगरपालिकामा क्षेत्र भित्र लैससाससंग सम्वन्धित काम गर्ने संघ-संस्थासँग समन्वय, सहकार्य र सहजीकरण गर्ने।

९. नगरपालिकामा लैससाससंग सम्बन्धित विषय बस्तु हेर्नलाई लैससास शाखा वा डेस्कको व्यवस्था गर्ने।

(ग) नगरपालिका लैससास कार्यान्वयन समितिको बैठक र निर्णयः

१. समितिको बैठक आवश्यकता अनुसार वर्षमा (बढीमा) ६ पटक बस्न सक्नेछ।

२. संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

३. समितिको बैठक बस्नु भन्दा कम्तीमा २४ घण्टा अगावै समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ।

४. समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

५. समितिको बैठकको अध्यक्षता सो समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरुले आफूमध्येका ज्येष्ठ सदस्यले गर्नेछ।

६. समितिले बैठकमा आवश्यकता अनुसार नेपाल सरकारको कुनै कर्मचारी, पदाधिकारी वा अन्य कुनै विज्ञ व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

७. समितिको बैठक सम्वन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(घ) वडास्तरीय समितिः

महालक्ष्मी नगरपालिकाको प्रत्येक वडामा यस रणनीतिसँग सम्वन्धित कार्यक्रम तथा योजना कार्यान्वयनमा सहयोग गर्न एक वडा स्तरीय समिति गठन गरिनेछ। जसमा देहाय बमोजिका संयोजक तथा सदस्यहरु रहने छनः

| | |
|---|---|
| १. सम्वन्धित वडाको वडा अध्यक्षः | - संयोजक |
| २. सम्वन्धित वडाका वडा सदस्यहरुः | - सदस्य |
| ३. सम्वन्धित वडा समितिले लक्षित वर्गको क्षेत्रमा कार्य गर्ने व्यक्ति वा संस्थावाट मनोनित गरेका वढीमा २ (एक जना महिला) जना सदस्यहरुः | – सदस्य |
| ४. वडास्तरीय बाल संजालको अध्यक्ष | – सदस्य |
| ५. सम्बन्धित वडाको वडा सचिवः | - सदस्य सचिव |

(ङ) वडा स्तरीय समितिको काम, कर्तव्य र अधिकारः

१. वडा भित्रको महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता, आदिवासी जनजाति, मधेशी, मुस्लिम, लैङ्गिक यौनिक अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदायको खण्डीकृत तथ्याङ्क संकलन गर्ने।

२. वडाभित्र योजना छनौट प्रकृयामा महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता, आदिवासी जनजाति, मधेशी, मुस्लिम, लैङ्गिक यौनिक अल्पसंख्यक, अल्पसंख्यक समुदायको सहभागिता अनिवार्य गर्ने।

३. वडा भित्रको महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता, आदिवासी जनजाति, मधेशी, मुस्लिम, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि कार्यक्रम वनाई नगरपालिकामा पेश गर्ने।

४. यस रणनीतिसँग सम्वन्धित कार्यक्रम तथा योजना कार्यन्वयनमा सहयोग गर्न क्षमता अभिबृद्धिको क्षेत्र पत्ता लगाउने र उनीहरुको कार्यक्रमलाई लैससास मैत्री बनाउन सहजीकरण गर्ने।

(च) महालक्ष्मी नगरपालिका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) मूलप्रवाहीकरण रणनीति अनुगमन समितिः

- उपप्रमुखको संयोजकत्वमा मुल्यांकन तथा अनुगमन समिति रहनेछ।

महालक्ष्मी नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरणको मुलाप्रबाहिकरण रणनीति कार्यान्वयन भैरहँदा त्यसको उद्देश्यगत प्रभावकारिता, बिधि र प्रकृयाको सान्दर्भिकता, स्रोत साधनको उपयोग लगायतको एकिन गरि कार्यक्रमको गुणस्तर कायमगर्न अनुगमनको महत्वपूर्ण भूमिका रहन्छ । तसर्थ यो लैससास रणनीतिको प्रभावकारीताको लागि देहायबमोजिमको अनुगमन तथा मुल्यांकन संयन्त्र रहने व्यवस्था गरिएको छ ।

१. महालक्ष्मी नगरपालिकाको उपप्रमुख –संयोजक
२. महालक्ष्मी न.पा. सामाजिक विकास समिति सदस्य – सदस्य
३. महालक्ष्मी नगरपालिकाको प्राबिधिक – सदस्य
४. कार्यपालिकाको सदस्यहरु मध्येवाट १ जना दलित महिला सदस्य – सदस्य
५. नगरकार्यपालिकाद्धारा मनोनित अपाङ्गता, लैङ्गिक तथा यौनिक अल्पसंख्यक संस्था मध्येवाट बढीमा २ (एक जना महिला ;) – सदस्य
६. लैङ्गिक समानता तथा समाजिक समावेशीकरण शाखाको कर्मचारी – सदस्य

७. महालक्ष्मी नगरपालिकाको प्रशासन प्रमुख –सदस्य सचिव

(छ) महालक्ष्मी नगरपालिकाको लैससास अनुगमन तथा मुल्यांकन बिधि

| अनुगमन तथा मुल्यांकन समय | जिम्मेबार निकाय | अनुगमनको क्षेत्र |
|---|---|---|
| नियमित | लैससास अनुगमन तथा मुल्यांकन समिति | प्रगतिको अवस्था मापन र गुणस्तर अनुगमन, लक्षित वर्ग मा परिबर्तनको अवस्था |
| बार्षिक | तेस्रो पक्षबाट | उपलब्धि, नतिजा तथा प्रभाव मूल्यांकन/लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परीक्षण |

**१०.३ कार्यनीति (रणनीति ९.३ संग सम्बन्धित)**

क) लैससासका लागी संस्थागत र व्यक्तिगत दुबै क्षमता बिकासका क्षेत्रहरू पहिचान गरि कार्यान्वयन गर्ने।

ख) महालक्ष्मी नगरपालिकाको योजना तर्जुमा, कार्यान्वयन र अनुगमन प्रणालीमा आवद्ध सामुदायिक संघसंस्था, विभिन्न सञ्जाल, सहकारी तथा महासङ्घ, समूहहरू तथा नागरिक समाजको क्षमता विकासको दायरामा समेटिने छ।

ग) सबै समुदायका विपन्न महिला, पुरुषहरू, युवा, बालबालिका, राजनीतिक दल, नागरिक समाज, सामुदायिक संस्थाहरुसँगको निरन्तर अभिमुखीकरण एवम् अन्तरक्रियाबाट सार्वजनिक वस्तु तथा सेवा सुविधा तथा वित्तिय स्रोतमा पहुँच अभिबृद्धि हुने गरी महालक्ष्मी नगरपालिकाको ७ चरणको योजना तर्जुमा प्रक्रिया, समय सीमा, महिला तथा वञ्चितीकरणमा परेका/पारिएकाहरूका लागि विद्यमान प्रावधानहरू र स्थानीय तहको जिम्मेवारीका सम्बन्धमा सुसूचित गराउन चेतनामूलक कार्यक्रमहरू सघन एवम् निरन्तर सञ्चालन गराईने छ।

घ) लैससास सम्बन्धि जानकारी दिन सूचना, शिक्षा तथा सञ्चार सामग्रीहरूको भाषा एवं समय तालिका महिला तथा वञ्चितीकरणमा परेका बर्ग तथा समुदायले सजिलै ग्रहण गर्ने गरी निर्धारण र कार्यन्वयन गर्ने।

ङ) महालक्ष्मी नगरपालिकाका प्रमुख एवम् राजनीतिक दलका प्रतिनिधिहरूलाई लैससासको मूलअवधारणा र यस सम्वन्धी संवेदनशील बनाउने।

च) लैससास सम्बन्धी जानकारीमूलक र सूचनामूलक सामाग्रीको प्रकाशन र तालिम निर्देशिकाहरु तयार गरी समयानुकूल सुधार गरी कार्यान्वयनमा ल्याईने।

छ) प्रशिक्षण विधि, सूचना, शिक्षा तथा सञ्चार सामग्रीहरूको भाषा एवम् समय तालिका महिला तथा वञ्चितीकरणमा परेका बर्ग तथा समुदायले सजिलै ग्रहण गर्ने गरी निर्धारण गराईने छ।

ज) महालक्ष्मी नगरपालिकाले आयोजनाहरू छनौट गर्नका लागि आधार मापदण्डहरू पहिचान गर्न उनीहरूको क्षमता अभिवृद्धि गर्ने।

झ) लैससास सम्बन्धि असल अभ्यास छनौट गरी सोकोप्रचार प्रसार गर्न उत्प्रेरित गर्ने।

ञ) लैससास आचरण र व्यबहार एक आदर्श, नैतिक विषय समेत भएकाले सेवाप्रदायक निकायमा संलग्न जनशक्तिको सार्वजनिक र निजी कार्यशैली तद्अनुकुल बनाउन मार्गदर्शन आचारसंहिता निर्माण गरी सो बमोजिम क्षमता अभिवृद्धि गरी लागू गराउन उत्प्रेरित गर्ने र कार्यसम्पादन मूल्याकनमा यसलाई पनि आधार बनाउन विधि तय गर्ने।

**१०.४ कार्यनीति (रणनीति ९.४ संग सम्बन्धित)**

यस रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न सरकारी एवं गैरसरकारी निकायहरू, विकास साझेदारहरू, सामुदायिक समूहहरू तथा नागरिकहरू बीच तल उल्लेख गरे अनुसार साझेदारी तथा सहकार्य गरिनेछ।

| समन्वय, सहकार्य, सहजीकरण र साझेदारीका लागि संभाव्य संस्थाहरु। | संभावित कार्य तथा भूमिका र जिम्मेवारी |
|---|---|
| केन्द्रिय तथा प्रादेशिक सरकार | • लैससासलाई राष्ट्रिय नीतिहरुमा एकिकृत गर्दै जोड्ने र लैससास मैत्री सस्थागत ब्यबस्थालाई समन्वय, सहकार्य र साझेदारी गर्ने।<br>• लैससास दृष्टिकोणबाट योजना तर्जुमा र अनुगमन ढाँचाहरूको पुनरावलोकन, समन्वय तथा पृष्ठपोषण गर्ने।<br>• लैससास सम्बन्धी क्रियाकलापहरूको |

| | |
|---|---|
| | मूलप्रवाहीकरणका लागि केन्द्रीय तथा प्रदेशससंग समन्वय कायम गर्ने।<br>• लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक समानता तथा समावेशीकरण बजेट परीक्षण कार्यान्वयनका लागि समन्वय, सहकार्य र सहजीकरण गर्ने<br>• महिला तथा वञ्चित समूह लगायत सबैका लागि सेवा<br>सुविधामा पहुँच पु-याउन कार्यान्वयन तहमा समन्वय कायम गर्ने |
| महिला, दलित, आदिवासी जनजाति, पिछडिएका समुदाय, बादी तथा मुस्लिम आदि वञ्चित समूहहरू | • खास-खास सरोकारका समूहहरू र उनीहरूका समस्या तथा आवश्यकताहरूका सम्बन्धमा खण्डीकृत तथ्याङ्क एवम् विश्लेषण गरिएका सूचना सामग्रीहरू उपलब्ध गराउने, पर्याप्त क्रियाकलापहरू सञ्चालन गर्न योजना तथा बजेट सुनिश्चित गर्ने र कार्यक्रमहरूको अनुगमन गर्न समन्वय, सहकार्य सहजीकरण गर्ने। |
| विकास साझेदारी सस्थाहरु | • केन्द्रीय, प्रदेश एवम् महालक्ष्मी नगरपालिकाको लैससास सम्बन्धि बाधा र क्षमता बिकासको अवस्था विश्लेषण गर्ने कार्यमा सहयोग र साझेदारी गर्ने।<br>• लैससास लाई केन्द्रदेखि महालक्ष्मी नगरपालिकासम्म एकिकृत गरि अनुगमन, मूल्यांकन र रिपोर्टिंग गर्ने प्रक्रियामा सहयोग र साझेदारी गर्ने।<br>• यस रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि केन्द्रीय,प्रदेश एवम् महालक्ष्मी नगरपालिकामा सहयोग, समन्वय, सहकार्य र सहजीकरण गर्ने। |
| नागरिक समाज, गैसस तथा निजी | • महिला तथा वञ्चित समूहहरूको |

| | |
|---|---|
| क्षेत्र | सशक्तीकरणका लागि आर्थिक, प्राविधिक र व्यावसायिक सहयोग पुर्याउन समन्वय र सहकार्य गर्ने। |
| स्थानीय समुदाय | • यस रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि साझेदारको रूपमा काम गर्ने।<br>• आफ्नो बस्ती तहका परिवारहरूको खण्डीकृत सूचनाहरूको अभिलेख राख्ने।<br>• लैससास दृष्टिकोणबाट योजना प्रगति एवम् चुनौतिहरूको आफै अनुगमन गर्ने।<br>• महिला तथा वञ्चित समूहको विकासलाई सिमित गर्ने विद्यमान विभेदकारी प्रचलनहरूका विरुद्ध आवाज उठाउनुका साथै छलफल गराउन सहयोग गर्ने। |

**१०) कार्यनीति ५.रणनीति ९(संग सम्बन्धित ५.**

क) महालक्ष्मी नगरपालिका अन्तर्गत संचालन भएका योजना तथा कार्यक्रम र महालक्ष्मी नगरपालिका स्वयं लैससास उत्तरदायी भए नभएको वस्तुगत सूचक र मापदण्ड तयार गरि अनुगमन तथा मूल्याँकन गर्ने।

ख) लैससास शाखाले अनुगमन तथा मूल्याँकन शाखासँग उसको कार्यविधि, निर्देशिका, फेमवर्क तथा अन्य योजना तथा कार्यक्रमको मूल्यांकन गर्दा लैससासको अवस्था प्रष्ट्याउने गरी खण्डिकृत तथ्याँकलाई आधार बनाउन समन्वय र सहयोग गर्ने।

ग) महालक्ष्मी नगरपालिकाले सञ्चालन गर्ने योजना तथा कार्यक्रमको मूल्याँकन प्रणालीमा सुधार गरी लैससास मूखी बनाउन उद्देश्य र सूचकहरु लैससासका आधारमा खण्डिकृत गर्ने।

घ) खण्डिकृत तथ्याँक संकलन र उपलव्ध गराउने प्रक्रियालाई संस्थागत गर्ने र त्रैमासिक र वार्षिक प्रतिबेदनमा खण्डिकृत तथ्याँक सम्मिलित प्रतिबेदन पेश गर्ने।

ङ) लैससास शाखाले लैङ्गिक तथा सामाजिक समावेशी सम्बन्धी अध्ययन अनुसन्धान गरी प्रभाव मूल्याँकन, असल अभ्यास, कार्यशैलीको रुपान्तरण जस्ता बिषयको अभिलेखिकरण गर्ने र सो बाट प्राप्त सिकाईलाई सरोकारवालासँग साझेदारी गर्ने र तद्अनुरुप स्रोतको परिचालन गर्ने।

च) लैससास महाशाखा वा शाखाले लैससास सम्बन्धी नीतिलाई कार्यान्वयन गर्दा आएका समस्या र बाधा व्यबधानलाई आवधिक रुपमा समीक्षा गर्ने, त्यसका लागि बजेट व्यबस्था गर्ने र आवश्यकता अनुसार परामर्शदाताको सहयोग लिने।

छ) महालक्ष्मी नगरपालिकामा गठित सूपरिबेक्षण तथा अनुगमन समितिको कार्यलाई लैससास उत्तरदायी बनाउन लैससास शाखा र लैससास समन्वय समितिको सहकार्यमा लैससास सम्बन्धी सूचकहरुको पहिचान गर्ने, अनुगमन तथा मूल्यांकन ढाँचामा समाबेश गर्ने, खण्डिकृत प्रारम्भिक तथ्यांक संकलनका लागि स्पष्ट ढाँचा बनाउने र प्रगति विवरणमा समेट्न मार्ग-निर्देशन गर्ने र सोका लागि अभिमूखिकरण गर्ने।

ज) सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, संस्थागत क्षमता स्वमूल्यांकन, लैससास सम्बन्धी मापन र परीक्षण लगायतका संयन्त्रलाई कार्यान्वयन गरी संस्थागत गर्ने। यी क्रियाकलापहरुमा महिला, दलित, आदिवासी जनजाति, पिछडिएका समुदाय तथा मुस्लिम आदि वञ्चित समूहहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने।

## ११. रणनीति पुनरावलोकन तथा सुधार

यस रणनीति कार्यान्वयनको प्रभावकारीता, उपयुक्तता र उपादेयताको मुल्याकनलाई आवश्यकता अनुसार
पुनरावलोकन तथा सुधार गरिनेछ।

## १२. बाधा अडचन फुकाउने

यस रणनीतिको कार्यान्वयनमा कुनै बाधा अड्चन आएमा यस रणनीतिका प्रावधानलाई प्रतिकुल असर नपर्नेगरी महालक्ष्मी नगरपालिकाको कार्यपालिकाले बाधा अड्चन फुकाउन सक्नेछ।

## १३. अवस्था विश्लेषण (SWOT)

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको रणनीतिका लागि पहिलो चरण भनेको नै वर्तमान अवस्था विश्लेषण हो। यो महालक्ष्मी नगरपालिकाको लैससासको दृष्टिकोणवाट बलियो पक्ष कमजोर पक्ष अवसर तथा चुनौती (SWOT) विश्लेषण गरिएको छ। यसरी विश्लेषण गर्दा नीति कानून, संस्थागत व्यवस्था , मानव संसोधन तथा क्षमता विकास, सेवा प्रवाह र सुशासन तथा उत्तरदायीत्वमा समावेशीतामा आधारित रहेर विश्लेषण गरिनु पर्दछ। जसलाई निम्नानुसार तल प्रस्तुत गरिएकोछ।

| सवल पक्ष | सुधार गर्नु पर्ने | अवसर | चूनौती |
|---|---|---|---|
| **१. नीति, कानून र योजना** | | | |
| • नीति तथा कानुन निर्माण गर्दा प्रयोग गरिएका विषयबस्तु तथा शब्दावली लैससास को दृष्टिकोणले उपयुक्त भएको<br>• महालक्ष्मी नगरपालिकाले कार्यान्वयनमा ल्याएका नीति तथा कानूनमा सबै प्रकारका विभेद अन्त्य गर्ने प्रावधान राखिएको<br>• लैङ्गिक विभेदमाथि सुनुवाईको व्यवस्था हुने प्रबन्ध मिलाइएको<br>• समान कामका लागि समान ज्यालाको व्यवस्था गरिएको<br>• महिला, बालबालिका तथा लक्षित वर्गको सशक्तिकरणका | • नीति तथा कानून निर्माण गर्नु पूर्व लैससास को दृष्टिले उपयुक्त भए नभएको परीक्षण गर्ने व्यवस्था गर्नु पर्ने<br>• योजना तर्जुमा गर्दा महिला पुरूष एवं लक्षित वर्गको अवस्था विश्लेषण गरी योजना तर्जुमा गर्नु पर्ने<br>• परीक्षण पश्चात सुधार गर्नु पर्ने पक्षको कार्ययोजना बनाई कार्यान्वयन गर्नु पर्ने | • नीति तथा कानून तथा योजना निर्माण गर्दा लैससास अनुरूप बनाउने<br>• नीति तथा कानून योजना निर्माण गर्दा सरोकारवाला लक्षित , वर्गलाई सहभागी गराउने<br>• नीति तथा कानून योजना निर्माण गर्दा लक्षित वर्गको अपनत्व बृद्दी गर्ने<br>• नीति तथा कानून निर्माणमा लक्षित वर्गको क्षमता अभिबृद्दी गर्ने । | • **GESI Audit** ले देखाएका कमजोरीहरूलाई सुधार गर्न<br>• साधन ,स्रोतको उचित व्यवस्थापन गर्न<br>• लक्षित वर्गलाई नीति तथा कानून निर्माणमा सहभागी गराउन<br>• लक्षित वर्गमा चेतना अभिबृद्दी गर्न<br>• लैससासको दृष्टीले नीति तथा कानून कार्यान्वयन गर्न<br>• कतिपय अवस्थामा कानून नीति तथा योजना लैससास अनुरूप व्यवहारमा ल्याउन |

| सवल पक्ष | सुधार गर्नु पर्ने | अवसर | चूनौती |
|---|---|---|---|
| लागि उचित बजेटको व्यवस्था भएकोयोजना छनौट तथा निर्माण गर्दा लक्षित वर्गलाई समावेश गर्ने नीति लिएको | | | |
| १. संस्थागत व्यवस्था | | | |
| • महालक्ष्मी नगरपालिकाले समिति, उपसमिति गठन गरी तत् सम्बन्धमा कार्यविधि निर्माण गरेको, तत् तत् समितिहरूको उपस्थिति तथा निर्णय पुस्तिका, प्रतिवेदन पेश गर्ने गरेको । <br>• महिला तथा बन्चितिकरणमा परेका समुदायका लागि विविध कार्यक्रमहरूको व्यवस्था भएको <br>• महालक्ष्मी नगरपालिकाको निर्णायक तहमा महिला पदाधिकारी, कर्मचारीहरूको प्रतिनिधित्व ३४ प्रतिशत भन्दा बढी हुनु, उपभोक्ता समितिमा कम्तिमा ३३ प्रतिशत महिला हुनु पर्ने व्यवस्था, वडा स्तरमा उ.स. गठन गर्दा एउटा | • महालक्ष्मी नगरपालिका कर्मचारीहरूको पदपूर्ति गर्दा सबै जातजाती, क्षेत्र, लिङ्ग र समुदाय, लक्षित वर्गको समानुपातिक प्रतिनिधित्व हुने गरी नीति, कानून, र पदपूर्ति सम्बन्धि प्रावधानहरूको व्यवस्था गरिनु पर्ने <br>• जनप्रतिनिधि एंव कर्मचारीहरूको क्षमता विकासको अवसर प्रदान गरिनु पर्ने, महिला तथा बन्चितिकरणामा परेका समुदायलाई सकारात्मक विभेदको व्यवस्था गरी अगाडि बढाउनु पर्ने <br>• महिला र पुरूषविचको असमानता तथा विभेद हटाउन सामाजिक समावेशीकरणको नीति अवलम्बन | • लैङ्गिक सशक्तिकरण र सामाजिक समावेशीकरण प्रकृयामा मद्दत पुग्छ । <br>• महालक्ष्मी नगरपालिकाको नीति निर्माण तथा कार्यान्वयनमा बल पुगी नीति नियम, कार्यक्रम कार्यान्वयनमा सहजता थपिन्छ । <br>• असमानता र विभेद अन्त्य भई समृद्द समाज निर्माण गर्न सहज हुन्छ । <br>• लैङ्गिक सशक्तिकरणमा बल पुगी दुर्व्यवहार भेदभाव, महिला हिंसा नियन्त्रणमा बल पुग्दछ । <br>• स्वस्थ सामाजिक समावेशीकरण प्रकृयामा बल पुग्छ । <br>• लैङ्गिक हिंसा निवारणबाट महिला सीप विकास, नेतृत्व | • लैङ्गिक सशक्तिकरण र सामाजिक समावेशीकरणमा क्रियाशील संघ संस्थालाई, नीति, नियम बनाई एकरूपता कायम गर्न आपसी समन्वयको अभावले समस्या सिर्जना <br>• राजनीतिक प्रतिवद्दताको कमिका कारण नीति, नियम, कार्यक्रम निर्माण भएता पनि कार्यान्वयनमा सम्बद्ध पक्षको इच्छा शक्ति जुटाउन कठिन <br>• असमानता र विभेद अन्त्य गर्न राजनीतिक नेतृत्व र नागरिक समाजका अगुवाहरूको प्रतिवद्दता जुटाउन कठीन <br>• कुनै न कुनै वर्ग छुटेकै हुन्छ । <br>• गुनासो सुनुवाई हुँदैमा लक्ष्य र उद्देश्य शतप्रतिशत प्रासि गर्न सकिदैन। |

| सवल पक्ष | सुधार गर्नु पर्ने | अवसर | चूनौती |
|---|---|---|---|
| योजना कार्यान्वयन गर्न महिला मात्रको उ.स. गठन गर्ने प्रावधान रहेको<br>• महालक्ष्मी नगरपालिकामा संचालित कार्यक्रमहरूको अनुगमन गर्न उप-प्रमुखको अध्यक्षतामा अनुगमन समिति रहेको<br>• योजना पुस्तिकामा योजनाहरू अभिलेखिकरण गरी सुझावहरू, अन्य अवश्यक निर्देशनहरू दिने गरेको<br>• लैङ्गिक हिंसा निवारण, महिला सीप विकास, नेतृत्व विकास तथा स्रोत व्यवस्थापन विषयमा प्रत्येक वडाहरूले बजेट विनियोजन गरी कार्यक्रमहरू संचालन गर्ने गरेको | गरिनु पर्ने<br>• लैङ्गिक डेस्कको स्थापना र संचालनको लागि बजेटको व्यवस्था गरी अवश्यक जनशक्तिको व्यवस्थापन हुनु पर्ने<br>• कार्यालयमा हुन सक्ने दुर्व्यहार, भेदभाव, महिला हिंसा नियन्त्रणको लागि अचार संहिता निर्माण गरी कार्यान्वयन गरिनु पर्ने<br>• योजना तर्जुमा गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको नीति अवलम्बन गरी महिला, बालबालिका तथा अन्य लक्षित समुदायको सक्रीय सहभागिता सुनिश्चित गरिनु पर्ने<br>• महालक्ष्मी नगरपालिकाले लैङ्गिक हिंसा निवारण, महिला सीप विकास, नेतृत्व विकास तथा क्षमता अभिवृद्दी गर्न आर्थिक ऐनमा छुट्टै कोषको व्यवस्था गरी सो कार्यान्वयन गरिनुपर्ने।<br>• आदिवासी जनजाती, | विकास कार्यमा मद्दत मिल्दछ ।<br>• सबै जातजाती, वर्ग, समुदायको सहभागिता सुनिश्चित हुन्छ ।<br>• गुनासो सुनुवाई प्रकृयामा सहज र सरल भई प्रशासनिक चुस्तता कायम हुन्छ । | |

| सवल पक्ष | सुधार गर्नु पर्ने | अवसर | चूनौती |
|---|---|---|---|
| | दलित अन्य लक्षित समुहका महिलाहरूको विकास र सशक्तिकरणको लागि वार्षिक विकास कार्यक्रममा बजेटको व्यवस्था गरिनु पर्ने | | |
| २. मानव संसोधन तथा क्षमता विकास | | | |
| • लैङ्गिक समानता तथा समावेशी विकासका लागि बजेट व्यवस्थापन हुने गरेको<br>• लैससास सम्बन्धि तालिम लगायतका कार्यक्रम संचालन गर्ने जनशक्ति रहेको<br>• हिंसा विरूद्ध शून्य सहनशीलताको नीति लिइएको<br>• विपद व्यवस्थापन तथा राहत जस्ता कार्यक्रम विभेद रहित हुने गरेको<br>• विपद व्यवस्थापन कोषको स्थापना र परिचालन भएको | • जनप्रतिनिधि तथा कर्मचारीहरूलाई लैससास तथा कानून सम्बन्धि तालिम तथा अभमुखिकरण<br>• अन्तर्राष्ट्रिय प्रतिवद्दताहरूको पूर्ण पालना<br>• हिंसा निवारण सम्बन्धि कार्यक्रमका लागि बजेट व्यवस्था<br>• हिंसा निवारण सम्बन्धि गतिविधि संचालन,कानूनी सचेतना र अनुशिक्षण कार्यक्रम गरिनु पर्ने | • लैससास कार्यक्रम कार्यान्वयनबाट लक्षित वर्गको क्षमता विकास गर्न<br>• लैससास कार्यक्रमबाट लक्षित समुहलाई निर्णय प्रकृयामा सहभागी गराउन<br>• लक्षित समुहलाई विभिन्न सेवा सुविधा उपलब्ध गराउन ।<br>• जनप्रतिनिधि र कर्मचारीहरूलाई कानूनी सचेतना र नीति नियमका बारेमा जानकारी गराउन<br>• हिंसा रहित समाजको निर्माण गर्न। | • आर्थिक व्यवस्थापन<br>• महालक्ष्मी नगरपालिकामा विषयगत शाखा र मानव संसाधन व्यवस्थापन<br>• कतिपय सामाजिक कुरीतिहरूको उन्मुलन |
| ३. सेवा प्रवाह | | | |
| महालक्ष्मी नगरपालिकाको नीति कार्यक्रम तथा बजेट तर्जुमा गर्दा बेरोजगारी र गरिवी नक्सांकन समेतको आधार लिई महिला तथा लक्षित समुदायलाई प्रत्यक्ष | महालक्ष्मी नगरपालिकाले १५०० **sq. ft.** भन्दा बढी क्षेत्रफल भएको निजी तथा सार्वजनिक भवन तथा संरचना निर्माण सम्बन्धि नक्सा स्वीकृत गर्दा महिला, लैङ्गिक, | • अपाङ्गमैत्री, बालमैत्री, ठूला संरचनाहरू नक्शा पास प्रावधान अनुसार भएमा दिगो विकासको लक्ष्य हासिल गर्न मद्दत पुगी 'सम्वद्ध नेपाल, सुखी नेपालीको नारा सार्थक | • फोहरमैला व्यवस्थापन नीतिको अभाव ,<br>• जनचेतनाको कमी ,<br>• वार्षिक नीति तथा कार्यक्रममा स्पष्ट उल्लेख नहुँदा कार्यान्वयनमा गाह्रो |

| सवल पक्ष | सुधार गर्नु पर्ने | अवसर | चूनौती |
|---|---|---|---|
| लाभ हुने स्वरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरू समावेश गरी कार्यान्वयन गरेको ।<br>• महालक्ष्मी नगरपालिकाको भवन, भौतिक पूर्वाधार तथा अन्य संरचनाहरूको निर्माणका लागि लागत अनुमान, डिजाइन महिला, अपाङ्ग, बालबालिकामैत्री प्रावधान हुने गरेको । | अपाङ्गमैत्री, बालमैत्री दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी संरचना निर्माण गर्ने प्रावधान भएता पनि सो बमोजिम नक्शा पास गर्न न आएको<br>• महालक्ष्मी नगरपालिकाको वस्ती, गाउँ तथा टोलटोलमा कुहिने र नकुहिने घरायसी फोहर छुट्याउने व्यवस्था भएता पनि अनिवार्यरूपमा लागु नभएको । | हुने ।<br>• कुहिने, नकुहिने फोहर व्यवस्थापन गर्नाले अर्गानिक कृषि गर्न साथै नकुहिने सामानहरूको **Re-use, Recycle** गरी सदुपयोग गर्न सकिने | |
| ४. सुशासन तथा उत्तरदायित्व | | | |
| • विधिको शासनलाई ख्याल गरी कानून, नीति तथा कार्यविधि बनाई वार्षिक विकास कार्यक्रम तयार पारेको र सार्वजनिक सुनुवाई गरी जनसहभागितालाई बढाएको<br>• महालक्ष्मी नगरपालिका र संघ, प्रदेश सरकार विच समन्वय र सहजीकरणा गरी कार्यक्रम संचालन | • महिला अधिकार तथा समानताका लागि बेइजिङ घोषणा पत्रको प्रतिवद्धता अनुसारका कार्यहरू तयार गर्ने<br>• महिला हिंसा सम्बन्धि कार्यक्रम भएता पनि कार्यक्रमको अभिलेख नराखिएको पाईएको हुँदा अभिलेख राख्ने<br>• लैंङ्गिक समानता तथा समावेशीकरण सम्बन्धि सूचना प्रवाहमा जोड दिने<br>• लक्षित वर्गलाई | • कार्यक्रम संचालनमा जनसहभागिता अभिवृद्धी<br>• दिगो विकास<br>• लक्षित वर्गको उत्थान | • साधन र स्रोतको कमी<br>• मानव संसाधनको उपलब्धतामा कमी<br>• आर्थिक व्यवस्थापनको अभाव |


| सवल पक्ष | सुधार गर्नु पर्ने | अवसर | चूनौती |
|---|---|---|---|
| | चेतनाको अभिवृद्धी गराउने<br>• लक्षित वर्गको उत्थानमा जोड दिने कार्यक्रम बनाई बजेटको सृजना गर्ने | | |

## १४. सरोकारवाला पहिचान

लैङ्गिक समानता तथा समाजिक समावेशीकरण रणनीति कार्यान्वयनका लागि निम्नानुसार सरोकारवालाहरु पहिचान गरिएको छ। जसमा सिधा सम्पर्क हुने।दोश्रो माध्यमवाट सम्पर्क हुने र अप्रत्यक्ष रुपमा सम्पर्क हुने गरी निम्नानुसार ३ भागमा विभक्त गरिएकोछ।

| सिधा सम्पर्क हुने (पहिलो नं का सरोकारवालाहरु) | दोश्रो माध्यमवाट संम्पर्क हुने (दोश्रो नं का सरोकारवालाहरु) | अप्रत्यक्ष सम् पर्क हुनेहरु (तेश्रो नं का सरोकारवालाहरु ) |
|---|---|---|
| महिलाबालबालिका तथा जेष्ठ नागरिक शाखा | विकास साझेदारहरु | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय बागमती प्रदेश |
| योजना शाखा | सहकारी संस्थाहरु | प्रदेश मन्त्रालयहरु सवै |
| शिक्षा शाखा | बैंक तथा वित्तीय संस्थाहरु | प्रदेश योजना आयोग |
| स्वास्थ्य शाखा | उद्योगहरु | प्रदेश सुशासन केन्द्र |
| सहकारी शाखा | वालक्लवहरु | भूमी व्यवस्था आयोग |
| खानेपानी तथा सरसफाइ शाखा | आमा समूहहरु | संघीय मन्त्रालयहरु |
| युवा तथा खेलकुद शाखा | जेष्ठ नागरिक मिलन केन्द्रहरु | महिला आयोग |
| प्रशासन शाखा | विद्यालयहरु | दलित आयोग |
| सवै वडा कार्यालयहरु | गैह्रसरकारी संस्थाहरु | मुस्लीम आयोग |
| नगर कार्यपालिका | स्वयम सेवक समूहहरु | राष्ट्रिय योजना आयोग |
| नगर सभा | उद्योग वाणिज्य संघ | मानव अधिकार आयोग |
| न्यायिक समिति | राजनैतिक दलहरु | अन्तराष्ट्रिय दातृ निकायहरु |
| विषयगत समितिहरु सवै | संचार माध्यमहरु | राष्ट्रिय स्तरका सञ्चार माध्यमहरु |

## १४.१ सरोकारवाला निकायहरुको पहिचान गरिएको सुची भेन डायग्रामद्धारा प्रस्तुतीः




## १५. लक्षितवर्ग पहिचान प्राथमिकिकरण र सवाल पहिचानः

महालक्ष्मी नगरपालिका, महिला लगायत पछाडी परेका वा पारिएका वर्ग समुदायहरु लक्षित समुदायको उत्थान र बिकासमा वार्षिक योजना तथा बजेट बिनियोजन गर्ने गरेको छ। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लक्ष नै लक्षित वर्गलाई विकासको मूलप्रवाहमा ल्याउनु हो त्यसका लागि निम्नानुसार लक्षित वर्गहरु पहिचान गरिएकोछ।समूह छलफलबाट तयार गरिएको पालिकाको नक्सामा सबै वडाहरुमा लक्षीत समूह छरिएर रहेको पाइन्छ। लक्षीत समूह र तिनका मुख्य सवालहरु निम्न बमोजिम उल्लेख गरिएको छ।

| | | |
|---|---|---|
| १. महिला /एकल महिला | २. बालबालिका | ३. अपाङ्गता भएका व्यक्ति |
| ४. जेष्ठ नागरिक | ५. लैङ्गिक तथा यौनिक अल्पसंख्यक | ६. अति विपन्न वर्ग |
| ७. अल्पसंख्यक/ लोपोन्मुख | ८. किसान | ९. आदिवासी जनजाती |
| १०. मुस्लीम | ११. मजदुर | १२. द्वन्द्वपिडित |
| १३. सुकुम्वासी | १४. मधेसी | १५. पिछडिएको क्षेत्र र समुदाय |

| नगरपालिका लक्षीत वर्ग प्राथमिकिकरण | लक्षीत वर्गका सवालहरु |
|---|---|
| १. महिला/एकल महिलाका सवालहरु | • नीति निर्माण तहमा अर्थपुर्ण सहभागिता न्यून रहनु र नेतृत्व तहमा महिलाको सहभागितालाई सहजै स्विकार गर्न नसक्नु<br>• महिलाहरुको योजना तर्जुमा प्रक्रियामा अर्थपूर्ण सहभागितामा कमि।<br>• दुर्गम बस्तीमा बस्ने तथा निरक्षर महिलाको सूचनामा पहुँच कमि।<br>• अधिकांश महिलालाई आफ्नो अधिकार र कानूनबारे जानकारी नहुनु।<br>• गर्भवती महिलालाई स्वास्थ्य सेवा सम्वन्धी सूचनामा पहुँच तथा पोषण सम्वन्धी जानकारी नहुदा स्वास्थ्यको जोखिममा पर्नु।<br>• घरेलु हिंसा, लैङ्गिक हिंसा, बलात्कार तथा यौनजन्य दुर्व्यवहार र बिभेदबाट पिडित हुनु।<br>• पुरुष प्रधान समाज तथा परम्परागत सोचका कारण लैङ्गिक बिभेद, सामाजिक असमानता तथा बोक्सी प्रथा लगायतका कुरीतिहरु कायमै |

| | |
|---|---|
| | रहनु।<br>• मानसिक स्वास्थ्य समस्याको सिकार बन्नु।<br>• आर्थिक स्रोतमा पहुँच तथा नियन्त्रण।<br>• शिक्षामा समान पहुँच नहुनु।<br>• गर्भवती महिला तथा सुत्केरी महिलाहरुमा पोषणको कमि।<br>• कार्यालयहरुमा लैङ्गिक मैत्री संरचना तथा ब्यवहारको कमि।<br>• एकल महिला, अपांग, असहाय महिलाहरुलाई अपमानजनक तथा असमान ब्यवहार, सेवामा असमान पहुँच, समान अवसरबाट बञ्चित हुनु।<br>• चेतनाको कमि। |
| २बालबालिकाका . सवालहरु | • बाल श्रम हुनु, बाल यौन दुर्व्यबहार तथा शोषण लगायतका बिभेद जन्य कार्यबाट पिडित छन्।<br>• बालविवाह कायमै रहनु र बालबिबाहलाई समाजले सहजै स्विकार गर्नु ।<br>• बालमैत्री संरचना, व्यवहार, खेल मैदान,बालउद्यान नहुनु।<br>• स्तनपान कक्ष सबै सार्वजनिक स्थानमा नहुनु।<br>• बालिकाहरुमा आत्मरक्षा शिप नहुनु।<br>• बेसाहारा तथा अबिभावक बिहिनताका कारण संरक्षणको अभाव। |
| ३अपांगता भएका . ब्यक्ति | • समान अवसरबाट बञ्चित साथै सार्बजनिक सेवा तथा स्रोतमा सहज पहुँच नहुनु।<br>• अपहेलना, अपमानजनक ब्यबहार तथा यौनजन्य दुर्व्यबहारको शिकार हुनु।<br>• मानसिक स्वास्थ्य समस्याको सिकार हुनु।<br>• अपांगमैत्री संरचना नहुदा सार्वजनिक स्रोत तथा |

| | |
|---|---|
| | सेवामा पहुँच कमि हुनु।<br>• समान शिक्षाको अवसरबाट बञ्चित।<br>• रोजगारीमा पहुँच कमि।<br>• अपांङ्ग महिला, बालिका तथा किशोरीहरु यौनजन्य शोषण तथा दुर्व्यवहार र बलात्कारको शिकार बन्नु। |
| ४ज्येष्ठ नागरिक . | • जेष्ठ नागरिकको सूचनामा पहुँच कमि।<br>• जेष्ठ नागरिकलाई उचीत पालनपोषण तथा संरक्षणको व्यवस्था नहुनु साथै घरपरिवारबाट बेवास्ता र अपहेलना गरिनु।<br>• ज्येष्ठ नागरीक माथि अपमानजनक ब्यबहार<br>• स्रोतमा पहुँच नहुनु नियन्त्रण।<br>• परिवार तथा समाजबाट अपहेलीत र एक्लै बढी समय बिताउनु पर्दा मानसिक समस्याको शिकारको सम्भावना रहनु। |
| ५.लैङ्गिक तथा यौनिक अल्पसंख्यक | • पहिचान हुन नसक्नु।<br>• खुलेर समाजमा आउन नचाहनु।<br>• समान अवसरबाट बञ्चित हुनु।<br>• समाजबाट अपमानजनक ब्यबहार तथा बिभेदपुर्ण दृष्टिकोण राखु। |
| अति बिपन्न समुदाय | • सिमित र पाखो जग्गाजमिनबाट जिवन निर्बाह गर्न बाध्य<br>• मुख्य पेशा ज्यालामजदुरी<br>• गरिवीका कारण उच्च शिक्षा, स्वास्थ्य र रोजगारीबाट बञ्चित<br>• सुचनामा पहुँच नपुग्दा नगरपालिका तथा वडाबाट संचालीत योजना लगायत सेवा सुबिधामा पहुँच कमी। |

| | |
|---|---|
| | • अशिक्षा र चेतनाको कमीका कारण बाल बिबाह, सामाजिक कुरीति लगायतका गलत सामाजिक प्रचलनबाट टाढा हुन नसक्नु।<br>• निर्णायिक तहमा सहभागिताको पहुँच न्यून। |
| अल्पसंख्यक | • सुचनामा पहुँच कमी<br>• समान अवसरबाट बञ्चित,<br>• जनचेतनाको कमी। |
| किसान | • मल बिउको पहुँचमा कमि<br>• प्रतिफलको उचित मुल्य पाउन नसक्नु<br>• साना किसान तरकारी तथा अन्य खाद्यान्न र पशुपालन किसानलाई सरकारले नहेर्नु |
| आदिवासी जनजाती | • भाषा संरक्षणमा कठिन<br>• सांस्कृतिक रितिरिवाज मासिदैजानु |
| मजदुर | • उचित ज्याला नपाउनु<br>• काम सधैं नपाउनु<br>• श्रममा शोषण हुनु |
| द्धन्दपिडीत | • उचित ब्यबस्थापन नहुनु<br>• सरकारले ध्यान दिन नसक्नु |
| सुकुम्वासी | • सुकुम्बासीलाई राजनैतिक दलले भोट बैंकका रुपमा मात्र सम्झनु<br>• उचित बसोबास तथा अन्य मानबिय आवश्यकतामा ध्यान नदिनु<br>• सुकुम्बासी क्षेत्र प्राय युद्धको मैदान हुनु |
| पिछडीएको क्षेत्र तथा समुदाय | • टाढाको बस्तीमा विकास लगायत शिक्षा स्वास्थ्यमा ध्यान नजानु |

माथि उल्लेखित तीनै प्रकारको विश्लेषणबाट महालक्ष्मी नगरपालिकाको वर्तमान अवस्थाका सवै पक्षहरु देखिएका छन। वलियो पक्ष, कमजोर पक्ष, अवसर तथा

चुनौती संगै लैससास रणनीति कार्यान्वयनका लागि तीन तहकै सरोकारवालाहरु तथा सवै लक्षित वर्गहरु पहिचान भइसकेको छ। धेरै भन्दा धेरै सवल पक्षहरु पहिचान भएका छन ती सवल पक्षहरुलाई श्रोतको रुपमा परिचालन गरेर लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्दै लैजान सकिन्छ।

**१६.वित्त व्यवस्थापन**

माथि उल्लेखित रणनैतिक कृयाकलापहरु संचालन गर्नका लागि वित्तको आवश्यकता पर्छ। महालक्ष्मी नगरपालिकाहरुले **SUTRA** मार्फत नै वजेट व्यवस्थापन गर्नुपर्ने देखिन्छ। लैङ्गिक उत्तरदायी बजेटलाइ स्थानीयकरण गरी यसका लागि हाल सञ्चालन भइरहेको बजेट नीति तथा कार्यक्रमहरुलाई कसरी लैससास मैत्री वनाउन सकिन्छ भन्ने कुरा महत्वपूर्ण रहन्छ। लैससास मूलप्रवाहीकरणका लागि निम्नानुसार वित्त व्यवस्थापन गरिनेछः

क. लक्षित विकास कार्यक्रमका लागि निश्चित प्रतिशत निर्दिष्ट वजेट विनियोजन गर्ने।

ख. भौतिक पुर्वाधार निर्माणका कार्यक्रमहरुमा कामको विभाजन गरि योग्यता अनुसारको काम सवै लक्षित वर्गले गर्न पाउने गरि नीतिगत व्यवस्था गर्ने।

ग. लैङ्गिक उत्तरदायी वजेट कार्यान्वयन गरि महिला सहभागिता अभिवृद्धि गर्ने।

घ. महालक्ष्मी नगरपालिकामा कार्यरत विकास साझेदारहरुलाई वार्षिक कार्यक्रम तयार गरी महालक्ष्मी नगरपालिकासँग सहकार्य गर्न निर्देशन दिने।

ङ. महालक्ष्मी नगरपालिकाको सिफारिसमा सहुलियत दरको ऋण उपलव्ध गराइ वित्तीय सहयोग पुर्याउन बैंक तथा वित्तीय संघ संस्थाहरु सँग समन्वय गर्ने।

च. संघीय तथा प्रादेशिक मन्त्रालयहरुमा लक्षित विकास कार्यक्रम अन्तरगत विनियोजित बजेटले तय गरेका विषयगत क्षेत्रहरु अध्ययन

गरी आवश्यक परियोजना प्रस्ताव तयार गरेर अधिकतम श्रोत भित्र्याउन आवश्यक जनशक्ति परिचालन गर्ने।

छ. सरकारी तथा अन्तराष्ट्रिय गैह्र सरकारी संस्था तथा दातृ निकायहरुमा समन्वय गरी थप बजेट व्यवस्थापन गर्ने।

## १७. कानूनी व्यवस्था

लैससास रणनीति कार्यान्वयनमा ल्याउनका लागि कार्यपालिकाको बैठकले अनुमोदन गर्नु पर्दछ। यो रणनीतिलाई प्रभावकारी रूपमा कार्यान्वयनका लागि आवश्यक पर्ने नियमावली तथा कार्यविधि पालिकाले ६ महिना भित्रमा तर्जुमा गरि कार्ययोजनाका साथ कार्यान्वयनमा लैजानेछ। तर कार्यपालिकाले पास गरी सकेपछि कानून कार्यविधिहरुको आवश्यकता नपर्ने खालका प्रावधानहरु भने स्वत कार्यान्वयन मा आउने छन्।

## १८. रणनीति कार्यान्वयनको जिम्मेवारी तथा दायित्व

लैससास रणनीति कार्यान्वयनको प्रमुख जिम्मेवारी महालक्ष्मी नगरपालिकाका प्रमुखको संयोजकत्वमा गठित लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन गर्न निर्देशन दिन निर्देशक समितिको हुनेछ भने कार्यान्वयनको लागि सामाजिक बिकास समितिको संयोजक र कामको अनुगमन मुल्यांकन गर्ने जिम्मेबारी उपप्रमुखको संयोजकत्वमा बनेको अनुगमन तथा मुल्याकन समितिको हुनेछ भने वडामा वडा स्तरीय लैससास कार्यान्वयन तथा अनुगमन समितिको हुनेछ। कार्यालयहरुले सवै कृयाकलापमा यो रणनीति अनुसार कार्य सम्पादनको दायित्व निर्वाह गर्नु पर्ने हुन्छ। योजना तर्जुमा तथा बजेट निर्धारणको समयमा रणनीतिमा उल्लेख भएका कृयाकलापहरु समावेश भए नभएको हेर्ने जिम्मेवारी अनुगमन समितिका प्रमुख एवम् उपप्रमुखको हुनेछ भने आवश्यकता अनुसार विषय विज्ञहरु राखेर अल्पकालिन समिति निर्माण गरि रणनीति कार्यान्वयनमा छूटेका विषयहरु पहिचान गर्न सकिनेछ।

## १९. संभाव्य जोखीम र न्यूनीकरणका उपायहरु

### १९.१ संभाव्य जोखीम

लैससास रणनीति कार्यान्वयनमा निम्नानुसार जोखिमहरु आउन सक्ने अवस्था छ।

क. पितृसत्तात्मक तथा सामन्ती सोच हावी रहेको सन्दर्भमा लैङ्गिक समानता तथा सामाजिक समावेशी मूलप्रवाहीकरण रणनीतिले महिला तथा बालिकालाई मात्र प्राथमिकतामा राख्छ भन्ने भ्रमपुर्ण बुझाईका कारण रणनीति कार्यान्वयनमा गतिरोध उत्पन्न हुन सक्छ।

ख. सार्वजानिक तथा निजी क्षेत्रका सबै संरचनाहरूमा महिलाको समानुपातिक सहभागिता नहुँदा लैङ्गिक समानता रणनीतिको कार्यान्वयन तथा अनुगमन सही ढंगबाट नहुन सक्छ।

ग. लैससास बहुपक्षीय सरोकार राख्ने विषय भएकोले समन्वय र सहयोगमा समस्या हुनसक्छ।

घ. लैससास रणनीति कार्यान्वयनमा आवश्यक क्षमतायुक्त दक्ष जनशक्ति र श्रोत साधनको सिमितता हुनसक्छ।

ङ. विषयगत शाखा तथा अन्य सरोकारवालाहरु विच लैससास रणनीति कार्यान्वयन अन्यौल विविधता तथा दोहोरोपना हुनसक्छ।

### १९.२ जोखीम न्यूनीकरणका उपायहरु

क. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि नेतृत्व तथा सरोकारवालाहरुको साझा बुझाईमा एकरूपता ल्याउन तालिम,गोष्ठी तथा छलफलको आयोजना गर्ने।

ख. बहुपक्षीय सरोकारवालाहरु सँगको समन्वय तथा सहकार्य बढाउने।

ग. महालक्ष्मी नगरपालिकाका हरेक वैठकमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यहरुको समिक्षा गर्ने।

घ. विषय विज्ञहरु संग नियमित परामर्श गर्ने।

## शब्दावली

| | |
|---|---|
| पहुँच | सेवाहरू, अवसरहरू, वस्तु तथा स्रोत-साधन प्राप्त गर्न सक्ने वा तिनबाट लाभ लिन सक्ने विभिन्न लैङ्गिक समूहहरूको योग्यता। |
| लैङ्गिकता | महिला एवम् पुरुषहरूबीच समाजले निर्माण गरेको सामाजिक तथा सांस्कृतिक विविधता÷संरचना। यस्ता संरचनाहरू संस्कृति र समयअनुसार फरक पर्न सक्दछन् र यस्ता संरचनाले पुरुष वा महिला भएकै कारणले प्राप्त हुने आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक अवसरहरूलाई प्रभावित पार्न सक्दछन्। |
| लैङ्गिक विश्लेषण | लैङ्गिक भिन्नताका बारेमा जानकारी हासिल गर्नका लागि लैङ्गिक रुपमा खण्डीकृत तथ्यांकको संकलन र विश्लेषण गर्ने प्रक्रिया। यी भिन्नताहरूका बारेमा जानकारी हासिल गर्नाले पुरुष, महिला, किशोर, किशोरीहरूका आवश्यकतालाई राम्रोसँग पूर्ति गर्नका लागि नीति, कार्यक्रम र परियोजनाहरूलाई प्रभावित गर्न सहयोग पुग्दछ |
| लैङ्गिकतामा आधारित हिंसा | पुरुष तथा महिलाहरूबीच सामाजिक रुपमा खडा गरिएको विभेदमा आधारित रहेर कुनै व्यक्तिको इच्छा विपरित गरिने कुनै पनि हानिकारक कार्यलाई बुझाउने एउटा साझा शब्दावली। यसअन्तर्गत भौतिक, यौनिक, मानसिक हानि गराउने वा जबरजस्ती तथा स्वतन्त्रताबाट विमुख गराउने अन्य धम्कीपूर्ण कार्यहरू पर्दछन्। लैङ्गिकतामा आधारित हिंसा सार्वजनिक वा निजी रुप/स्थलमा प्रकट हुन सक्दछ। |
| लैङ्गिक क्षमता | कुनै खास लैङ्गिक समूहले जन्मजात वा पछि हासिल गरेको दक्षता वा समस्याको सामना गर्ने सकारात्मक तरिकाका कारण समाजलाई योगदान गर्न सक्ने तत्व वा आधार। |
| लैङ्गिक मूल प्रवाहीकरण | लैङ्गिक विकास सूचकांकले मानवीय विकासका उपलब्धिहरूमा मानवीय विकासका तीन प्रमुख आयामहरू – स्वास्थ्य, ज्ञान र जीवनस्तरमा मानवीय विकास सूचकांकको जस्तै गरी महिला र पुरुषबीचका विभेदहरूको मापन गर्दछ। |
| लैङ्गिक मूल प्रवाहीकरण | नीति, योजना, बजेट तथा कार्यक्रम, रणनीति र प्रशासनिक/वित्तीय क्रियाकलापहरूमा महिला तथा पुरुषहरूका चासो र आवश्यकताहरू पहिचान तथा संवोधन गर्ने एउटा प्रक्रिया। |
| लैङ्गिक आवश्यकता | पुरुष तथा महिलाहरूको सापेक्षिक अवस्था/स्थितिका कारण उत्पन्न आवश्यकताहरू। यस्ता आवश्यकता व्यवहारिक (जस्तो |

| | |
|---|---|
| | कि खाद्यान्न वा आश्रयस्थल) वा रणनीतिक किसिमका (जस्तो कि कानुनी अधिकार, सीप विकास वा नेतृत्वसीप तालिम) हुन सक्दछन्। |
| लैङ्गिक भूमिका | समाजले पुरुष तथा महिलाहरूका लागि निर्धारण गरेको फरक-फरक कर्तव्य तथा जिम्मेवारीहरू। लैङ्गिक भूमिका संस्कृति, परिवेश तथा समयअनुसार फरक-फरक हुन्छन्। यो प्रजनन भूमिका, उत्पादनमूलक भूमिका, सामाजिक वा राजनैतिक भूमिका |
| लैससास रुपान्तरणकारी पद्धति | लैससास रुपान्तरणकारी पद्धतिले व्यक्तिगत स्वयम्-सुधारबाट अघि बढ्दै असमानतालाई प्रवर्द्धन गर्ने शक्ति सम्बन्ध र संरचनाबाट टाढिने उद्देश्य राख्दछ। विकासमा लैससास रुपान्तरणकारी पद्धति "समाजमा रहेका सामाजिक मान्यता, प्रवृत्ति, आचरण र सामाजिक पद्धतिहरूलाई संबोधन गर्नका लागि असमानताका "लक्षण" हरूबाट अघि बढ्दछ। यस पद्धतिले समूहहरूलाई सामाजिक मान्यता तथा शक्ति सम्बन्धहरूका दृश्य कमीकमजोरीहरूलाई गम्भीरतापूर्वक परीक्षण गर्ने, चुनौती दिने र प्रश्न गर्ने बनाउँदछ (रोटाक तथा अन्य २००९)। रुपान्तरणकारी परिवर्तनहरूलाई सशक्तीकरणका तीन मुख्य क्षेत्रहरूका आधारमा मापन गर्न सकिन्छ। निकायःव्यक्ति तथा सामूहिक क्षमता (ज्ञान तथा सीप), प्रवृत्ति, गम्भीर पुनरावलोकन, सम्पत्तिहरू, कार्यहरू, सेवाहरूमा पहुँच। सम्बन्धः घर, बजार, समुदाय र समूह तथा संगठनका मानिसहरूबीचको सम्बन्धमा सम्मिलित अपेक्षा, सहकार्य तथा वार्ताका गतिशीलताहरू।<br>संरचनाः सामूहिक, व्यक्तिगत तथा संस्थागत अभ्यासहरू जस्तो कि वातावरण, सामाजिक मान्यता, स्वीकारोक्ति र पहिचानलाई नियन्त्रण गर्ने अनौपचारिक तथा औपचारिक संस्थागत नियमहरू। (मार्टिनेज तथा वु २००९, मोर्गान २०१४) |
| लैङ्गिक संकटा भिमुखकता | पुरुष, महिलाहरू, किशोर वा किशोरीहरूले आफ्नो शक्ति वा सामाजिक औकातका कारण सामना गर्ने फरक-फरकखालका जोखिमहरू। |
| अन्तरआवद्धता÷Inter - Sectionality_ | "विभेद र असमानता जस्ता खप्टिएका र अन्तरनिर्भर पद्धतिहरूको विकास गर्ने ठानिएकाजात, वर्ग, लैङ्गिक ता आदिका आधारमा सामाजिक वर्गीकरणको अन्तर आबद्ध चरित्र " अन्तरआबद्धता हो। भेदभाव र दमनको सबैको आफ्नै अनुपम अनुभव छ र मानिसहरूलाई सीमान्तीकृत बनाउन |

| | |
|---|---|
| | सक्ने कुनै पनि कुरालाई हामीले विचार गर्नै पर्दछ। सामाजिक पहिचान र अन्य सामाजिक भिन्नताहरूको एक-अर्कामा जटिल सम्बन्ध हुन्छ र अन्तरनिर्भर लाभ तथा हानी हुन्छ भन्ने कुरालाई स्वीकार गर्नु महत्वपूर्ण छ। |
| पुरुष संलग्नता | लैङ्गिक तामा आधारित हिंसाको निषेध लगायत लैङ्गिक रुपान्तरणसम्बन्धी प्रयासहरूमा पुरुषहरूलाई समावेश गराउने एउटा रणनीति। यसअन्तर्गत लैङ्गिक ता सम्बन्धी मुद्दाहरूमा सचेतीकरण गर्ने र पुरुषत्वसम्बन्धी सकारात्मक धारणाहरू प्रवर्द्धन गर्ने जस्ता पुरुषसम्बन्धी कार्यक्रमहरूमा विशेष जोड दिने कुरा पनि रहन सक्छ। |
| सीमान्तीकृत÷वञ्चितीकृत | सीमान्तीकरण अन्तरपुस्तागत र पद्धतिगत हुन्छ जुन निम्न कुराहरूमा आधारित हुन्छः (क) लैङ्गिक तामा आधारित (ख) गरिबीमा आधारित(ग) जात, जाति, धर्म, भाषा (घ) अपांगता तथा शारीरिक वा मानसिक बिरामी। यसर्थ, यसले निम्न क्षेत्रहरूमा सीमान्तीकरण बढाउँदछ (क) आर्थिक बञ्चितीकरण (ख) राजनीतिक विभेद (ग) सामाजिक विभेद। यी अनुभवहरूले उनीहरूका सामाजिक परिवेश र आवाजलाई धूमिल बनाउँदछ साथै आधारभूत सेवाहरू, आम्दानी र रोजगारीका अवसरहरूमा समान पहुँचको अभाव।" नेपाली समाजमा सीमान्तीकृत÷ बञ्चितीकृत समुदायलाई निम्नअनुसार चिनिन्छः<br>जात/जातीयताः दलित, पछाडी परेकाहरु र आदिवासी जनजाति,भूगोल, क्षेत्र, भाषा, गरिवी, भूमिहीन |
| बहुआयामिक गरिबी | बहुआयामिक गरिबीले विपन्न समुदायले दैनिक जीवनमा भोग्नुपरेका विभिन्नखालका बञ्चितीकरणहरूलाई समेट्दछ । जस्तो कि- कमजोर स्वास्थ्य, शिक्षा, कमजोर जीवनस्तर, सशक्तिकरणको अभाव, कार्यमा कमजोर गुणस्तर, हिंसाको धम्की, वातावरणीय रुपमा असुरक्षित क्षेत्रमा बसोवास र अन्य। |
| सहभागिता | समाजका विभिन्न आयाममा विभिन्न लैङ्गिक समूहहरूको संलग्नताको तह र सम्बन्धित व्यक्तिको सामाजिक स्वतन्त्रताले लैङ्गिक तामा आधारित भएर यस्तो संलग्नतामा कसरी प्रभावित पार्दछ भन्ने विषय। |
| बेतलबी काम | घरायसी वा बाह्य खपतका लागि वस्तु तथा सेवाहरू उत्पादन गर्न गरिने ती प्रयासहरूलाई बेतलबी काम भनिन्छ जसलाई बजारमा बिक्री गर्न सकिँदैन। |
| संकटाभिमुख | संकटाभिमुखता अवस्था अनुसार निर्धारित हुन्छ र यो निम्न |

| | |
|---|---|
| | कुराहरूसँग सम्बन्धित हुन्छः क) उमेर ख) भौगोलिक अवस्थिति- जस्तो कि विपद्उन्मुख क्षेत्रमा बसोवास, र ग) रोजगार अथवा आयस्रोत गुमाएका व्यक्तिहरू। उदाहरणका लागि भूकम्प, बाढी प्रभावित क्षेत्रमा बसोवास गरेका व्यक्तिहरू, एच.आइ.भी. प्रभावित, यौनकर्मीहरू र बेचबिखनमा परेका बालबालिका, किशोरकिशोरी, वृद्धवृद्धा र अन्य। |

संघ, प्रदेश र महालक्ष्मी नगरपालिकामा रहेका लैससासका क्षेत्रमा काम गर्ने संस्थाहरु

| तहहरु | संस्थाहरु | विभागहरु | लैससास नीतिहरु |
|---|---|---|---|
| संघीय | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | महिला, बालबालिका विभाग | चालुकोष स्थापना तथा बीउपुँजी परिचालन निर्देशिका २०६० लैङ्गिक समानता तथा महिला सशक्तीकरण राष्ट्रिय कार्ययोजना २०६१, कार्यविधि दिग्दर्शन, २०६१ आपत्कालिन संरक्षण सेवामा महिला विकास कार्यक्रम अन्तरगत प्रवद्धित समूहहरुको परिचालनका लागि मार्गदर्शन अस्पतालमा आधारित एक विसौनी संकट व्यवस्थापन केन्द्र संचालन दिग्दर्शन २०६७ मुलुकी अपराध संहिता २०७४, मुलुकी देवानी संहिता २०७४, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४, मानव बेचबिखन तथा |

| | | | |
|---|---|---|---|
| | | | ओसारपसार (नियन्त्रण) नियमावली २०६५, घरेलु हिंसा (कसूर र सजाय) ऐन २०६६, घरेलु हिंसा (कसुर र सजाय) नियमावली २०६७, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन २०७१, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) आचार संहिता २०७४, बोक्सीको आरोप (कसूर र सजाय) ऐन २०७२, अपराध पीडित संरक्षण ऐन २०७५, ज्येष्ठ नागरिक सम्वन्धी ऐन २०६३, दलित आयोग ऐन २०७४, अपाङ्गता भएका ब्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४, सामाजिक सुरक्षा ऐन २०७५, अपाङ्गता भएका व्यक्ति को राष्ट्रिय नीति ,२०८० अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धि ऐन २०७४ |
| प्रदेश | समाजिक विकास मन्त्री | समाजिक विकास मन्त्रालय | लैङ्गिक समानता नीति २०७८ सामाजिक समावेशीकरण नीति २०७८ लैङ्गिक समानता कार्यक्रम |

| | | | |
|---|---|---|---|
| | | | निर्देशिका २०७९<br>बाल विवाह अन्त्य गर्ने रणनीति पत्र २०७९<br>जातीय भेदभाव तथा छुवाछुत कसूर र सजाय ऐन, २०७५ |
| महालक्ष्मी नगरपालिका | सामाजिक विकास समिति | महिला तथा बालबालिका शाखा | जेष्ठ नागरिक परिचय पत्र कार्यविधीहरु २०७५<br>अपांगता कार्यविधि २०७५<br>बाल संरक्षण निर्देशिका २०७५<br>गुनासो सुनुवाई कार्यविधि २०७५ (मस्यौदा)<br>जेष्ठ नागरिक मिलन केन्द्र २०७६<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ |
| वडा | वडा तहका कार्यालयहरु | | |

प्रमाणिकरण मितिः २०८१/०४/०२

आज्ञाले,
प्रदिप पौडेल
प्रमुख प्रशासकीय अधिकृत